# दाङका समालोचनाको सर्वेक्षण र विश्लेषण

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र

सङ्काय अन्तर्गत रत्न राज्य लक्ष्मी क्याम्पस,

नेपाली स्नातकोत्तर तह द्वितीय वर्षको

दशौं पत्रको प्रयोजनका लागि

प्रस्तुत

## शोधपत्र

शोधार्थी

**टोपाराम गौतम**

स्नातकोत्तर तह

नेपाली विषय समिति

रत्नराज्यलक्ष्मी क्याम्पस

प्रदर्शनीमार्ग, काठमाडौं

२०६८

# सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत रत्न राज्य लक्ष्मी क्याम्पस नेपाली विषयका छात्र टोपाराम गौतमले स्नातकोत्तर तह द्वितीय वर्ष दसौं पत्रको प्रयोजनका लागि तयार पार्नु भएको **दाङका समालोचनाको सर्वेक्षण र विश्लेषण** शीर्षकको प्रस्तुत शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । निजले परिश्रम र लगनशीलतापूर्वक गरेको यस शोधकार्यबाट म सन्तुष्ट छु । यस शोधपत्रको मूल्याङ्कनका लागि रत्नराज्यलक्ष्मी क्याम्पस, नेपाली विभाग समक्ष सिफारिस गर्दछु ।

मिति २०६८/५/२८



राजन भट्टराई

स्नातकोत्तर तह (नेपाली विषय समिति)

रत्नराज्यलक्ष्मी क्याम्पस

प्रदर्शनीमार्ग, काठमाडौं

# त्रिभुवन विश्वविद्यालय

रत्नराज्यलक्ष्मी क्याम्पस

प्रदर्शनीमार्ग, काठमाडौं

त्रिभुवन विश्व विद्यालय रत्न राज्य लक्ष्मी क्याम्पस

मिति : २०६७/६/१

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, रत्नराज्यलक्ष्मी क्याम्पसका छात्र टोपाराम गौतमले त्रि.वि. स्नातकोत्तर तह (एम.ए.) नेपाली विषयको दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत गर्नुभएको **दाङका समालोचनाको सर्वेक्षण र विश्लेषण** शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

| | | |
|---|---|---|
| ............................ | ............................ | ............................ |
| **(राजन भट्टराई)** | **(नेत्रमणि सुवेदी)** | **(तुलसीमान श्रेष्ठ)** |
| शोध निर्देशक | उप-प्राध्यापक | सहप्राध्यापक |
| | वाह्य परीक्षक | विभागीय प्रमुख |

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले आदरणीय गुरु राजन भट्टराईको निर्देशनमा तयार पारेको हुँ । पारिवारिक कार्यव्यस्तता र अध्ययन अध्यापनमा हरदम व्यस्त रहँदारहँदै पनि उहाँले मलाई शोधपत्र तयार पारुन्जेल अमूल्य समय दिई गर्नुभएको कुशल निर्देशनप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

यस शोधपत्रको शीर्षक छनौट र आवश्यक सामग्री दिई सहयोग पुऱ्याउने आदरणीय गुरुहरू प्रा. केशव सुवेदी र नेत्र एटमप्रति हृदयदेखि नै आभार प्रकट गर्दछु । त्यस्तै रत्नराज्यलक्ष्मी क्याम्पस स्नातकोत्तर तह नेपाली विषय समितिका प्रमुख तुलसीमान श्रेष्ठप्रति पनि म कृतज्ञताज्ञापन गर्न चाहन्छु ।

यस शोधपत्रको सामग्री सङ्कलनमा विशेष सहयोग गर्ने प्रलेसका केन्द्रीय सदस्य पद्मप्रसाद शर्मा, लेखक संघ दाङका अध्यक्ष उत्तमकृष्ण मजगैंया, टीकाराम उदासी, विन्दु शर्मा, बुनू लामिछाने र डा. गोविन्द आचार्यप्रति पनि म कृतज्ञताज्ञापन गर्न चाहन्छु ।

आर्थिक र व्यवहारिक समस्यासँग सङ्घर्ष गर्दै मलाई यस अवस्थासम्म ल्याउन सहयोग गर्नुहुने आदरणीय परमपूज्य पिता लालमणि गौतम तथा माता माया गौतमप्रति म आजीवन ऋणी छु । मेरो अध्ययनप्रति सदा चिन्तित रही शोधकार्यका लागि सहयोग गर्ने जीवन सङ्गिनी शारदा खनालप्रति पनि म कृतज्ञ छु ।

अन्त्यमा म यस शोधपत्रको समुचित मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय रत्नराज्यलक्ष्मी क्याम्पस स्नात्तकोत्तर तह नेपाली विषय समिति समक्ष प्रस्तुत गर्दछु ।

त्रि.वि.द.नं. : ७-१-५४-९७०-९८

मिति : २०६८/६/१

शोधार्थी :

6f]kf/fd uf}td

रत्नराज्यलक्ष्मी क्याम्पस

प्रदर्शनीमार्ग, काठमाडौं

# विषय सूची


पृष्ठ

*परिच्छेद एक*

## शोध परिचय १-५

| | | |
|---|---|---|
| १.१ | शोध शीर्षक | १ |
| १.२ | शोध कार्यको प्रयोजन | १ |
| १.३ | विषय परिचय | १ |
| १.४ | समस्या कथन | १ |
| १.५ | शोधकार्यका उद्देश्यहरू | २ |
| १.६ | पूर्वकार्यको समीक्षा | २ |
| १.७ | शोधकार्यको औचित्य | ४ |
| १.८ | शोधकार्यको सीमाङ्कन | ४ |
| १.९ | सामग्री सङ्कलन र शोधविधि | ४ |
| १.१० | शोध पत्रको रूपरेखा | ५ |

*परिच्छेद दुई*

## दाङ जिल्लाको सङ्क्षिप्त परिचय ६-१२

| | | |
|---|---|---|
| २.१ | नामकरण | ६ |
| २.२ | भौगोलिक एवम् प्राकृतिक परिचय | ७ |
| २.२.१ | नदीनाला | ७ |
| २.२.२ | ताल, तलाउ, छहरा र गुफा | ८ |
| २.२.३ | जलवायु | ८ |
| २.२.४ | प्राकृतिक वनस्पति | ८ |
| २.२.५ | माटो | ९ |
| २.३ | ऐतिहासिक पृष्ठभूमि | ९ |
| २.४ | सामाजिक साँस्कृतिक परिचय | ११ |
| २.५ | जनसङ्ख्या | ११ |
| २.६ | मन्दिर एवम् धार्मिक स्थलहरू | १२ |

*परिच्छेद तीन*

## दाङको नेपाली समालोचनाको इतिहास १३-१८


| | | |
|---|---|---|
| ३.१ | विषय प्रवेश | १३ |
| ३.२ | इतिहास | १३ |
| ३.२.१ | प्रथम चरण (२००७/०८ देखि २०५७ सम्म) | १४ |
| ३.२.२ | अन्तिम चरण (२०५८ देखि हालसम्म) | १७ |
| ३.३ | निष्कर्ष | १८ |


*परिच्छेद चार*

## दाङ जिल्लाका समालोचक र समालोचकीय कृतिको परिचय १९-२९


| | | |
|---|---|---|
| ४.१ | पृष्ठभूमि | १९ |
| ४.२ | बुनू लामिछाने र उनको सुलोचना महाकाव्यको विश्लेषण | १९ |
| ४.२.१ | सुलोचना महाकाव्यको विश्लेषण | २० |
| ४.३ | टीकाराम उदासी र उनको गजल सिद्धान्त र नेपाली गजलको इतिहास | २० |
| ४.३.१ | गजल सिद्धान्त र नेपाली गजलको इतिहास | २१ |
| ४.४ | नेत्र एटम र उनका समालोचना कृति | २१ |
| ४.४.१ | समालोचनाको स्वरूप | २२ |
| ४.४.२ | नेपाली डायस्पोरा र अन्य समालोचना | २२ |
| ४.५ | डा. गोविन्द आचार्य र उनका समालोचना कृति | २३ |
| ४.५.१ | लोकगीतको विश्लेषण | २३ |
| ४.५.२ | राप्ती लोकसाहित्य | २४ |
| ४.५.३ | साहित्य सिद्धान्त | २४ |
| ४.६ | विन्दु शर्मा र उनका समालोचना कृति | २४ |
| ४.६.१ | गीति नाट्य परम्परामा राष्ट्रकवि घिमिरे | २५ |
| ४.६.२ | आधारभूत नेपाली समालोचना | २५ |
| ४.७ | केशव सुवेदी र उनका समालोचना कृति | २६ |
| ४.७.१ | रापतीको साहित्यिक रूपरेखा | २६ |
| ४.७.२ | परिधीय परिक्रमा | २७ |
| ४.८ | प्रेम प्रसाद राजभण्डारी र उनको प्रगतिवादी साहित्यमा नेत्रलाल पौडेल अभागी | २७ |

४.८.१ प्रगतिवादी साहित्यमा नेत्रलाल पौडेल अभागी २७

४.९ गिरिराज शर्मा र उनको केही कृति समीक्षा र विविध २८

४.९.१ केही कृति समीक्षा र विविध २८

४.१० निष्कर्ष २८

*परिच्छेद पाँच*

समालोचनाको सैद्धान्तिक अध्ययन ३०-३४

५.१ व्युत्पत्ति र अर्थ ३०

५.२ समालोचनाको परिभाषा ३१

*परिच्छेद छ*

समालोचना केन्द्रकका आधारमा दाङका समालोचनाको अध्ययन ३५-४१

६.१ विषय प्रवेश ३५

६.२ समालोचनाका केन्द्रक ३५

६.२.१ अनुकृतिमूलक केन्द्रक ३६

६.२.२ पाठकपरक केन्द्रक ३८

६.२.३ स्रष्टापरक केन्द्रक ३८

६.२.४ कृतिपरक केन्द्रक ३९

६.३ निष्कर्ष ४०

*परिच्छेद सात*

विधा तत्वका आधारमा दाङका समालोचनात्मक कृतिका अध्ययन विश्लेषण ४२-७०

७.१ विषय प्रवेश ४२

७.२ समालोचनाका तत्त्वहरू ४२

७.२.१ मूल्य निर्णय ४३

७.२.१.१ सैद्धान्तिक/प्रायोगिक मूल्यको निरूपण गर्नु ४४

७.२.१.२ कृतिकारको प्रवृत्ति, शैली र विचार पक्षलाई उद्घाटन गर्नु ४६

७.२.१.३ कृति र कृतिकारको मूल्य निर्णयमा विधाको इतिहास खोज्नु ५२

७.२.२ व्याख्या विश्लेषण ५३

७.२.२.१ विधागत व्याख्या विश्लेषण ५४

७.२.२.२ प्रवृत्तिगत व्याख्या विश्लेषण ५५

७.२.२.३ ऐतिहासिक व्याख्या विश्लेषण ५७

७.२.२.४ भाषा शैलीगत व्याख्या विश्लेषण ५८

७.२.२.५ वैचारिक व्याख्या विश्लेषण ५९

७.२.२.६ प्रभावगत व्याख्या विश्लेषण ५९

७.२.३ सैद्धान्तिकीकरण ६०

७.२.३.१ आगमनात्मक पद्धति ६०

७.२.३.२ निगमनात्मक पद्धति ६४

७.२.३.३ मिश्रित ६६

७.२.४ शोधपरकता ६७

७.२.४.१ निश्चित प्राक्कल्पना गरे वा नगरेको निरूपण गर्नु ६८

७.२.४.२ सामग्री सङ्कलन शोधविधिबाट गरे वा नगरेको निरूपण गर्नु ६९

७.२.४.३ कृति/रचनाको व्याख्या विश्लेषण हुँदै सामान्यीकरण वा निष्कर्षमा पुगे वा नपुगेको निरूपण गर्नु ७०

७.३ निष्कर्ष ७०

*परिच्छेद आठ*

उपसंहार तथा मूल्याङ्कन ७१-७३

*परिच्छेद एक*

# शोध परिचय

## १.१. विषय परिचय

दाङ जिल्लामा नेपाली समालोचना लेखन भरतमणि शर्माको 'त्यो फेरि फर्कला' बाट वि.सं. २००७/२००८ सालदेखि आरम्भ भएको हो । फुटकररूपमा देखा परेको दाङको समालोचनामा वि.सं. २०५८ बाट मात्र कृतिहरू प्रकाशित भएका छन् । यसैक्रममा हालसम्म विभिन्न विधामा लेखिएका सत्रवटा समालोचना कृतिहरू प्रकाशित भईसकेका छन् । यी समालोचनात्मक कृतिहरूको छुट्टै अध्ययन/विश्लेषण भएको छैन । तसर्थ उक्त समालोचनात्मक कृतिहरूको बारेमा अध्ययन/विश्लेषण गर्न जरूरी देखिन्छ ।

## १.२. समस्याकथन

यस शोधपत्रका प्रमुख समस्याहरू बुँदागत रूपमा निम्नलिखित छन् :

क) दाङ जिल्लाको साहित्यिक इतिहासमा समालोचना परम्परा के-कस्तो छ ?

ख) दाङ जिल्लाका नेपाली समालोचक र समालोचना कृतिहरू के कति छन् ?

ग) समालोचनाका केन्द्रक र तत्त्वका आधारमा दाङका समालोचना कस्ता छन् ?

## १.३. शोधकार्यका उद्देश्यहरू

दाङ जिल्लाका नेपाली समालोचना कृतिका अध्ययन विश्लेषण गर्नु नै यस शोधकार्यको प्रमुख उद्देश्य रहेको छ । प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्नलिखित छन् :

क) दाङ जिल्लाको नेपाली समालोचना लेखन परम्पराको सर्वेक्षण गर्नु ।

ख) दाङ जिल्लाका नेपाली समालोचक र समालोचना कृतिहरूका बारेमा जानकारी प्रस्तुत गर्नु ।

ग) समालोचना केन्द्रक र तत्त्वका आधारमा दाङका समालोचना कृतिका विश्लेषण गर्नु ।

## १.४. पूर्वकार्यको समीक्षा

दाङ जिल्लाको नेपाली समालोचनाको बारेमा छुट्टै अध्ययन अनुसन्धान हुन सकेको छैन् तापनि केही पत्रपत्रिकाहरूमा र पुस्तकहरूमा सामान्य चर्चासम्म भएको पाइन्छ । दाङ जिल्लाको नेपाली समालोचनालाई लक्षित गरेर प्रकाशित सामग्रीहरूलाई पूर्वकार्यको रूपमा यहाँ कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ ।

l नारायणप्रसाद शर्माले **'युगबोध'** (२०३४) मा 'रापती अञ्चलको सङ्क्षिप्त साहित्यिक परिचय' आलेखमा समग्र राप्ती अञ्चलको साहित्यलाई प्रारम्भदेखिको अवस्थासहित चर्चा गरेका छन् ।

l अमर गिरीले **'अन्तर्ध्वनी'** (२०५०) मा 'दाङको सङ्क्षिप्त साहित्यिक इतिहास' आलेखमा दाङको लेख्य साहित्यको विकास २००४/०५ सालदेखि मात्र भएको उल्लेख गरेका छन् । प्रस्तुत आलेखमा गिरीले दाङको लोकसाहित्य, दाङको साहित्यिक इतिहास, दाङमा साहित्यिक विकासका निम्ति पत्रपत्रिकाको योगदान, साहित्यिक संस्था र दाङका प्रमुख साहित्यिक प्रतिभाहरूको चर्चा गरेका छन् ।

l नारायणप्रसाद शर्माले **'अन्तर्ध्वनी'** (२०५०) को प्रकाशकीयमा दाङका कवि र कविताका बारेमा चर्चागर्दै दाङका कविताको उचित मूल्याङ्कन हुनुपर्ने कुरामा जोड दिएका छन् ।

l केशव सुवेदीले **'मध्यपश्चिमका कविता'** (२०५३) मा 'रापतीका कविता : पृष्ठभूमि र परम्परा' आलेखमा दाङका कवि र कविताको चर्चागर्दै कविराज शालिग्राम गौतमलाई दाङका सिर्जनात्मक नवजागरणको थालनी गर्ने महत्त्वपूर्ण व्यक्तिका रुपमा परिचित गराएका छन् ।

l टेकनाथ गौतमले **'नयाँ युगबोध'** (२०५३) मा 'दाङका पुराना कवि' आलेखमा भागवत मजगैयाँलाई दाङका प्रथम कवि भएको उल्लेख गरेका छन् । गौतमले दाङमा समस्यापूर्ति कविता लेख्ने पुराना कविहरूको चर्चा गरेका छन् ।

l उत्तमकृष्ण मजगैयाँले **'प्रवाह'** (२०५४) मा 'दाङको लेख्य साहित्यको परम्परा र प्रथम पुस्ताका साहित्यकारहरू' आलेखमा दाङमा लेख्य साहित्यको आरम्भ नेपाली तथा संस्कृत भाषामा

लेखिएका वार्णिक छन्दका कविताहरूबाट नै भएको उल्लेख गरेका छन् । मजगैयाँले जक्तिनाथ, भागवत मजगैयाँ, मित्रलाल उपाध्याय, शालिग्राम गौतम, जीवराज आचार्य, रामप्रसाद मजगैयाँ, टेकनाथ गौतम, रामेश्वर शर्मा, मित्रलाल आचार्य, शोभाकर आचार्य र मेघराज शर्मा न्यौपानेलाई दाङका प्रथम पुस्ताका साहित्यकारहरूका रूपमा चर्चा गरेका छन् ।

ǐ केशव सुवेदीले **'रापतीको साहित्यिक रूपरेखा'** (२०६५) पुस्तकमा दाङका भरतमणि शर्मा, नारायणप्रसाद शर्मा, नेत्रलाल अभागी र तोयनाथ धितालले नेपाली साहित्यका विभिन्न स्रष्टा र तिनका सृजनात्मक कृतिहरूलाई विषयबस्तु बनाई समालोचना लेख्ने प्रयत्न गरेको उल्लेख गरेका छन् । यसैगरी सुवेदीले नेत्र एटम, टीकाराम उदासी, डा.गोविन्द आचार्य, बुनू लामिछाने र बिन्दु शर्माको समालोचनाकारिताको उच्चमूल्याङ्कन गरेका छन् । यद्यपि सुवेदीले दाङको समालोचनाको सबै पक्षलाई समेटने प्रयास गरेका छैनन् ।

ǐ टीकाराम उदासीले **'मध्यपश्चिमका समालोचना'** (२०६७) मा राप्तीको समालोचना : एक अवलोकन आलेखमा दाङमा वि.स. २००७/८ देखि समालोचना लेखनको परम्परा बसेको र दाङका पहिलो समालोचक भरतमणि शर्मा भएको उल्लेख गरेका छन् । शर्माको 'त्यो फेरी फर्कला' शीर्षकको समालोचना **नेपाली छात्र संघ** पत्रिकामा वि.स. २००७/८ मा प्रकाशित भएको उल्लेख गरेका छन् ।

यसप्रकार केही सामान्य अध्ययन भए पनि समग्ररूपमा दाङ जिल्लाको नेपाली समालोचनाको बारेमा सूक्ष्म र गहन अध्ययन नभएकाले यस शोधपत्रमा त्यसको परिपूर्ति गर्ने काम भएको छ ।

## १.५. शोधकार्यको औचित्य

प्रस्तुत शोधमा दाङ जिल्लाको सामान्य परिचय दिई दाङ जिल्लाका समालोचक र समालोचनात्मक कृतिका अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिएको छ । दाङ जिल्लामा नेपाली समालोचना लेखनको पृष्ठभूमि, विकासक्रम र रूपरेखाको सर्वेक्षण गरिएको छ । यसले दाङ जिल्लाको नेपाली समालोचना विषयमा जानकारी लिन चाहने जिज्ञासुहरू लाभान्वित हुन सक्नेछन् । यतिमात्र नभई यस शोधले क्षेत्रीय अनुसन्धान परम्पराको विकासमा समेत सहयोग पुऱ्याउने छ । त्यसैले दाङ जिल्लाको नेपाली समालोचनाको सर्वेक्षण औचित्यपूर्ण रहेको पुष्टि हुन्छ ।

## १.६. शोधकार्यको सीमाङ्कन

दाङ जिल्लाको भौगोलिक सिमाभित्र रही यस जिल्लाको सामान्य परिचय, समालोचना लेखनको आरम्भ, दाङका समालोचकका कृतिहरूको विधागत प्रवृत्ति, समालोचनाको केन्द्रक र तत्त्वका आधारमा अध्ययन/विश्लेषण र मूल्याङ्कनमा प्रस्तुत शोधपत्र सीमित रहेको छ ।

## १.७. सामग्री सङ्कलन र शोधविधि

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा अन्तर्वार्ताका माध्यबाट दाङ जिल्लाका समालोचकहरूको विवरण, उनीहरूका प्रकाशित पुस्तकहरू एवम् आवश्यक सामग्री सङ्कलन गरिएको छ । कतिपय सामग्री सङ्कलन तयार गर्ने क्रममा प्राथमिक स्रोतलाई पनि आधार बनाइएको छ । विभिन्न संघसंस्थाबाट प्रकाशित पत्रपत्रिका एवम् पुस्तकहरूबाट प्राप्त सामग्रीहरू सङ्कलन गर्दा पुस्तकालय पद्धतिलाई अङ्गालिइएको छ । यसरी विभिन्न स्रोतबाट प्राप्त सामग्रीहरूलाई आवश्यकता अनुसार वर्णनात्मक, विवरणात्मक र विश्लेषणात्मक पद्धतिका आधारमा विवेचना गरिएको छ । साथै आवश्यकता अनुसार विश्लेषणात्मक विधि र पद्धतिको पनि प्रयोग गरिएको पाइने छ ।

## १.८. शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सुगठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि यस अध्ययनलाई आवश्यकता अनुसार विभिन्न शीर्षक र उपशीर्षकमा विभाजन गर्नुका साथै मोटा मोटी रूपमा निम्नलिखित परिच्छेदमा विभाजन गरिएको छ :-

परिच्छेद एक : शोध परिचय
परिच्छेद दुई : दाङ जिल्लाको सङ्क्षिप्त परिचय
परिच्छेद तीन : दाङको साहित्यिक पृष्ठभूमिमा समालोचना परम्परा
परिच्छेद चार : समालोचनाको सैद्धान्तिक अध्ययन र दाङका समालोचना कृतिका परिचय
परिच्छेद पाँच : दाङका समालोचनाको विश्लेषण
परिच्छेद छ : उपसंहार तथा मूल्याङ्कन
सन्दर्भ ग्रन्थ सूची

*परिच्छेद-२*

# दाङ जिल्लाको सङ्क्षिप्त परिचय

## २.१ नामकरण

नेपालका प्रायजसो जिल्लाहरूको नाम तीर्थस्थल, पौराणिक, ऐतिहासिक घटना, जातजाति र जातीय विशेषता आदिसँग जोडेर राखेको पाइन्छ । दाङ जिल्लाको नामकरणको बारेमा पनि यस्तै कतिपय भनाइ र किंवदन्तीहरू प्रचलित छन् । ती किंवदन्तीहरू यस प्रकार छन्:

"संस्कृतको पुरवाचक 'दङ्ग' शब्दबाट दाङ बनेको होला भन्ने धेरैले अनुमान लगाउँछन् तापनि दाङ्गमा 'पुर' बसेको प्रमाण नपाइएको हुँदा पहाडका बीचको मैदानलाई बुझाउने संस्कृतको 'द्रोण' शब्दबाट दाङ बन्यो होला भन्नु ज्यादा उपयुक्त देखिन्छ । किनभने पहाडका बीचका मैदानी भागलाई दाङ्ग शब्द युक्त दाङ्ग भई, दाङसिङ्, दाङवाङ् दाङ्ग भन्सार, दाङ चुली शब्द युक्त उपर दाङ्ग गढी आदि नामले बुझाउने गरेको देखिन्छ" (गौतम, २०५०:५५-५६) ।

"रामसरा मससीका अनुसार दाङ्ग, बाङ्ग, हाङ्ग शब्द मगरे खामका हुन । यिनका अर्थ क्रमशः मैदान, चउर, पहाड हुन भन्ने छ ..........." (गौतम, २०५०:५५-५६) ।

"दाङदेखि दक्षिणको पहाडलाई द्रोणदि दुन्दुवा-दुडुवा भनिन्छ । दाङको पूर्वरूप द्रोणलाई मान्दा मात्र दक्षिणका पहाडको द्रोणदि नाम सार्थक हुन्छ" (गौतम, २०५०:५५-५६) ।

"महात्मा बुद्धका जीवन चरित्रमा जेतवन (श्रावस्ति) वर्तमान बहराइचमा द्रोणवस्तुका ब्राम्हणको बुद्धसित वादविवाद भएको कुरा आउँछ । द्रोणवस्तुका भन्ने स्थान अन्त नभेटिएकाले कपिलवस्तु र श्रावस्तिका बीच उत्तरको दाङ नै द्रोणवस्तु हो भन्ने धेरैको भनाई छ" (गौतम, २०५०:५५-५६) ।

यसका अतिरिक्त दाङ उपत्यकाको नाम दङ्गीशरण नामक थारू राजाबाट भएको भन्ने किंवदन्ती पनि प्रचलित छ । यस अनुसार यिनको दरवार सुकौरागढमा थियो । यसको केही

पुरातात्विक खोज पनि भएको छ । अतः दङ्गीशरणले राज्य गरेको हुनाले यो भूमिलाई दाङ मानिएको हो भन्ने भनाई नै उपयुक्त देखिन्छ ।

## २.२. भौगोलिक एवम् प्राकृतिक परिचय

मध्य पश्चिमाञ्चल क्षेत्रमा अवस्थित राप्ती अञ्चलका पाँच जिल्लाहरू मध्ये दाङ एउटा प्रमुख जिल्लाको रूपमा रहेको छ । महाभारत पर्वतमाला यस जिल्लाको उत्तरी खण्डमा पूर्व-पश्चिम लम्बिएर बसेको छ । यसका उच्च टाकुराहरू २०५८ मिटरसम्मका छन् (मेची देखि महाकाली, २०३१:१३१-१३२) ।

यो जिल्लाको सीमाना उत्तरतर्फ रोल्पा, सल्यान र प्यूठानको महाभारत पर्वत, दक्षिणमा भारतको उत्तर प्रदेश, पूर्वमा अर्घाखाँची र कपिलवस्तु जिल्ला तथा पश्चिममा सुर्खेत र बाँके जिल्ला पर्दछन् । यो जिल्ला दाङ र देउखुरीगरी दुई उपत्यकामा विभाजित छ । क्षेत्रफलका हिसाबले देउखरी उपत्यकाभन्दा दाङ उपत्यका झन्डै दोब्बर ठूलो छ ।

दाङ जिल्ला ८५ डिग्री २ मिनेट पूर्वदेखि ८२ डिग्री ५ मिनेट पूर्वी देशान्तरसम्म र २७ डिग्री ३६ मिनेट उत्तरदेखि २८ डिग्री २५ मिनेट उत्तरी अक्षांशभित्र अवस्थित छ । यहाँ करिब २० प्रतिशत पहाड र ८० प्रतिशत भित्रिमधेश पर्दछ । भित्रिमधेश समुद्र सतहदेखि लगभग २१३-२४४ मिटरको उचाइमा अवस्थित छ । यस जिल्लाको कूल क्षेत्रफल २,९५,५०० (दुई लाख पच्चानब्बे हजार पाँच सय) हेक्टर वा २७९० वर्ग किलोमिटर छ (मेची देखि महाकाली, २०३१:१३१-१३२) ।

### २.२.१ नदीनाला

दाङ जिल्लामा राप्ती नदी र बवई नदी गरी दुई नदी छन् । यी नदीका आधारमा दाङलाई मुख्य दुई जलाधार क्षेत्रमा विभाजन गर्न सकिन्छ ।

राप्ती जलाधार क्षेत्र अन्तर्गत दाङका मुख्यतः महातिनीय, सुपौला, कक्रहवा, गुरुङ, अर्जुन, मुसौट, सिंगै, अर्नवा, रङसिङ, करङ्गा आदि खोला समेटिन पुग्छन् । बवई जलाधार क्षेत्र अन्तर्गत दाङका मुख्यतः चेपे, बालिम, सिस्ने, कटुवा, सोवार, गुर्जे, हापुर, ग्वार, रानीघाट, पातु, बराही, सङ्ग्राम, भमके, गहत, बौलाहा आदि खोला पर्दछन् (पोखरेल, २०६२:१-१५) । यी दुई नदी मध्ये राप्ती देउखुरी र बबइ दाङमा बग्ने गर्दछन् ।

### २.२.२ ताल, तलाउ, छहरा र गुफा

यस जिल्लाको मुख्य आकर्षक झरना पुरन्धारा छहरा हो । यो छहरा पुरन्धारा गाविस-८ मा अवस्थित छ । यसैगरी जखेरा, पर्सेनी, गौरी, सौरीगाई मुख्य ताल हुन् । बाह्रकुने, भोटे, चरिङ्गे, किचनी, लुप्तकुण्ड आदि दाङका मुख्य दहहरू हुन् । चमेरे, चन्द्रकोट, गुप्तेश्वर दाङका मुख्य गुफा हुन् । हलवार गाविस-५ मूलकोटमा रहेको चमेरे गुफा (चमेरे झाँक्री) नेपालकै सबैभन्दा ठूलो गुफा हो (पोखरेल, २०६२:१-१५) ।

### २.२.३ जलवायु

दाङ मिश्रित जलवायु पाइने भित्रिमधेश भाग ज्यादा र पहाडी भाग कम भएको जिल्ला हो । मुख्यतः दाङको जलवायु सम्शीतोष्ण मानिए पनि दाङ उपत्यकामा सम्शीतोष्ण र देउखुरी उपत्यकामा उष्ण जलवायु पाइन्छ । यहाँ ग्रीष्ममा अधिकतम ४० डिग्री सेल्यिस र न्यूनतम २५ डिग्री सेल्सियससम्मको तापक्रम रेकर्ड भएको पाइन्छ । यहाँको औसत तापक्रम २६ डिग्री सेल्सियस रहन्छ । वार्षिक औसत वर्षा १७०.६ मिलीलिटर हुन्छ (पोखरेल, २०६२:१-१५) ।

### २.२.४ प्राकृतिक वनस्पति

महाभारत पर्वत, चुरे तथा दुँदुवा पहाड र भित्रिमधेशसमेत भएको यो जिल्ला नेपालको घना जङ्गलले ढाकिएको थोरै जिल्लाहरूमध्ये एउटा हो । भित्रिमधेश, चुरे, दुँदुवा पहाड तथा महाभारत पर्वतको दक्षिणी पाटामा पचास प्रतिशतभन्दा बढी जमिन वन र वनस्पतिले ढाकिएको छ । वनस्पतिको प्रकार तथा विकासमा स्थानीय जलवायु र धरातलको उचाई आधारभूत घटक हुन्छ । त्यसैले यहाँको वनस्पतिलाई धरातलको उचाई अनुसार महाभारत पर्वत क्षेत्रमा लगभग १६१५ मिटर (३०००) देखि माथिको भू-भागलाई मिश्रित पतझड मनसुनी वन र खासगरी भित्रिमधेशमा पर्ने वनलाई उष्ण प्रदेशको सदाबहार वन भनी छुट्टाइएको पाइन्छ (पोखरेल, २०६२:१-१५) ।

### २.२.५ माटो

दाङ जिल्लाको माटो खासगरी लेटराइट किसिमको छ । यो ढुङ्गा, ग्रेगर र वालुवा युक्त हुन्छ । त्यसैले यहाँको माटो उर्वराका दृष्टिले ठिकै मानिन्छ । देउखुरी उपत्यकाको माटो भने दोमट पाँगो र वलौटे खालको हुनाले बाली उत्पादनका दृष्टिले उर्वरायुक्त मानिन्छ (पोखरेल, २०६२:१-१५) ।

## २.३ ऐतिहासिक पृष्ठभूमि

दाङ उपत्यका परापूर्वकालमा एउटा विशाल तलाउको रूपमा थियो भन्ने अनुमान गरिन्छ । भौगोलिक ऐतिहासिकका दृष्टिमा हेर्दा ७ करोड वर्ष अगाडि टेथिस सागर भौगोलिक परिवर्तनबाट स्थल भागमा परिवर्तन भइसकेपछि पनि धेरै समयसम्म दाङ एक तलाउका रूपमा रहेको विश्वास गरिन्छ । समय बित्दै जाँदा पछि उत्तरी दिशाबाट बग्ने नदीले तलाउको पानी चिरेर लगेपछि यो ठाँउ स्थल भागमा परिवर्तन भयो । त्यसपछि यहाँ जङ्गल फैलियो । विभिन्न ग्रन्थमा उल्लेख भएको 'वन खण्ड मण्डल' ले दाङ-देउखुरीलाई नै अङ्कित गरेको कुरामा विद्वानहरू विश्वास गर्दछन् (पोखरेल, २०६२:१-१५) ।

नेपालको इतिहासमा दाङ जिल्लाको आफ्नै महत्व छ । अहिले सल्यान जिल्लामा रहेको फलावाङ मध्यकालमा दाङ राज्य अन्तर्गत थियो । यस जिल्लाको इतिहास प्राग्-ऐतिहासिक कालदेखि नै सुरु भएको देखिन्छ । दाङमा नवपाषाण युगका केही पुरातात्विक महत्वका वस्तुहरू पाइएकाले यस क्षेत्रमा पाषाणयुगदेखि मानव बसोबास भएको पाइन्छ । तर उत्खनन् कार्य राम्रोसँग नभएकाले यस स्थानका प्राग्-ऐतिहासिक कालको इतिहास स्पष्ट हुन सकेको छैन (मेचीदेखि महाकाली, २०३१:१३१-१३२) ।

रामनिवास पाण्डेले कटुकी सेवारमा, जनक लाल शर्माले ग्वारखोलामा र डिल्लीराम शर्माले बिजौरीमा अन्वेषण गर्दा नवपाषाणकालीन औजारहरू प्राप्त गरेको जानकारी पाइन्छ । यसरी नवपाषाणकालीन औजार दाङमा प्राप्त हुनुले दाङ उपत्यका नेपालका प्राग्-ऐतिहासिक स्थलहरूमध्येको एक महत्त्वपूर्ण स्थल भएको पुष्टि हुन्छ (पोखरेल, २०६२:१-२५) ।

दाङ-देउखुरीमा पहिले थारु जातिका राज्य दङशीशरणले राज्य गरेका र यिनै थारु राजाको शासनकालमा दाङ सुकौरागढमा राजभवन निर्माण भएको हो भन्ने विश्वास गरिएको छ । दाङमा थारु राजाले राज्य गरिरहेका बेलामा कर्णाली प्रसवण क्षेत्रमा खस मल्लहरूले प्रभुत्व बढाउँदै आएपछि उनीहरूले दाङको थारु राजालाई आफ्नो सामन्त तुल्याए । खसिया मल्लहरूको पतनपछि

दाङमा स्वतन्त्र राज्य खडा भएको देखिन्छ । त्यसैताका सवारीकोटमा मणिक परीक्षकले राज्य स्थापना गरी राज्य गर्न थालेको पाइन्छ । यिनको मृत्युपछि राजा भएका यिनैका छोरा रत्न परीक्षक सिकार खेल्न वनमा जाँदा गोरखनाथको दर्शन पाए । गोरखनाथको प्रभावबाट उक्त राजा योगी भए । यिनको नाम रत्ननाथ सिद्ध भयो । सिद्ध रत्ननाथले दाङ देशलाई रक्षा गरिरहेका छन् भन्ने अनेक कथाहरू पाइन्छन् । यसरी गोरखामा गोरखनाथको, जुम्लामा चन्दननाथको महत्व भएझैं दाङमा रत्ननाथको महत्व छ (मेचीदेखि महाकाली, २०३१:१३१-१३२) ।

रत्ननाथले छाड्दा दाङ राज्यको विस्तार शिवराज इलाकाको आरीसोतादेखि पश्चिम राप्तीसम्मको तुलसीपुर भन्ने इलाकामा पनि थियो । नेपालको एकीकरणको बेला सम्वत् १८४३ मा दाङका राजा नवलसिंहले तापाको लडाइमा वीरगति प्राप्त गरे । उनका छोरा राजकुमार दिलेर सिंहले दाङको रक्षा गर्न सकेनन् । उनले आफ्नो आधाराज्य तुलसीपुरको तराई मात्र बचाई त्यहाँका राजा भई बसे । गोर्खालीले जितेको दाङ देउखुरी पृथ्वीनारायणका छोरी सल्यानकी युवराज्ञीलाई विर्ता दिए । वि.सं. १८६५ मा सल्यान राज्य केन्द्रीय राज्यमा मिल्दा दाङ पनि एकीकृत नेपालमा मिल्यो (दाङ जिल्लाको वस्तुगत विवरण, २०५२/०५३:२-४) ।

नेपाल एकीकरण पश्चात दाङ सल्यान गौडाका मातहतमा थियो । वि.सं. १९३८ सालमा दाङको मैदानी भागलाई तौलिहवा गोश्वारका मातहतमा राखिएको थियो । पछि वि.सं. १९९६ सालमा भैरहवा गोश्वारमा र वि.सं. २००३ सालमा नेपालगञ्ज गोश्वारका मातहतमा गराइएको थियो । २००७ सालसम्म यहाँ माल, अदालत, हुलाक, इन्सपेक्टर अफिस मात्र थियो । वि.सं. २००८ साल जेष्ठ ३ गतेदेखि दाङलाई छुट्टै जिल्ला मानियो । त्यसपछि यहाँ बडाहाकिम रहन थाले । वि.सं. २०१७ सालमा राप्ती अञ्चलको सदरमुकाम दाङ भएको पाइन्छ (दाङ जिल्लाको वस्तुगत विवरण, २०५२/०५३:२-४) ।

फलावाङ राज्य वि.सं. २०१८ सालमा उन्मूलन भएपछि दाङको पश्चिमी भाग र अघिदेखि सल्यानतर्फ रहेको दाङको उत्तरी पानी ढली २०३० साल तिर दाङमा मिलेपछि आजको अवस्थामा आएको हो (दाङ जिल्लाको वस्तुगत विवरण, २०५२/०५३:२-४) ।

## २.४ सामाजिक-साँस्कृतिक परिचय

कुनै पनि समाज विभिन्न जातजाती र धार्मिक सम्प्रदायहरूको संयोगबाट बनेको हुन्छ । यिनै जातजाति आदिका परम्परागत संस्कार, धर्मकर्म, रहनसहनबाट सामाजिक जनजीवनको निर्माण भएको हुन्छ । यसबाट सामाजिक-साँस्कृतिक परिचय पनि पाउन सकिन्छ ।

एक दर्जनभन्दा बढी जातजातिको सङ्गमस्थलका रूपमा रहेको दाङको संस्कृति विविधतापूर्ण छ । यहाँका थारु संस्कृतिका दृष्टिले निकै धनी छन् । एकदमै न्यून सङ्ख्यामा रहेका लोपोन्मुख राउटे जातिको संस्कृति संरक्षणमा विशेष ध्यान दिनु आवश्यक छ । दाङमा प्रचलित मुख्य लोकनाचहरूमा बड्कीमार, सारङ्गी, सोरठी, झुमरा, राउटे, तरवार, खुकुरी, लट्ठी आदि पर्दछन् ।

दाङमा मुख्यतः छैटीमा छैटीगीत, विवाहकर्ममा मागल र रत्यौली गीत, तीजमा तीजगीत, दशैंमा मालश्री, तिहारमा भैलोका साथै फागु पूर्णिमामा होरी गीत गाइन्छन् । यसैगरी दाङमा झुमरा, सिंगारु, टप्पा, बयलडारी, दोहोरी गीत पनि गाइन्छन् । थारु भाषीका बर्कीमार, छोट्कीमार र मैनागीत तथा अवधी भाषीका चैत र मगर भाषीका झुमैगीत प्रचलित छन् । चमारेबाजा, पञ्चेबाजा लगायतका लोक सङ्गीतपनि दाङमा लोकप्रिय छन् (पोखरेल, २०६२:१-१५) ।

## २.५ जनसङ्ख्या

वि.सं. २०५८ सालको जनगणना अनुसार दाङको जनसङ्ख्या तथ्याङ्कलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

| | | |
|---|---|---|
| कूल जनसङ्ख्या | - | ४,६२,३८० जना |
| महिलाको जनसङ्ख्या | - | २,२३,४२२ जना |
| पुरुषको जनसङ्ख्या | - | २,२८,९५८ जना |
| घरधुरी सङ्ख्या | - | ८२,४९५ |
| औसत परिवार सङ्ख्या | - | ५.६% |
| जनसङ्ख्या बृद्धिदर | - | २.६% |
| ग्रामीण जनसङ्ख्या | - | ८३.३% |
| सहरी जनसङ्ख्या | - | १६.७% |
| जनघनत्व | - | १५६.४७ प्रतिवर्ग कि.मी. |

दाङमा सबैभन्दा बढी जनसङ्ख्या घोराही नगरपालिकामा छ । सबैभन्दा कम जनसङ्ख्या कोइलावास गाविसमा छ । घोराही नगरपालिकाको जनसङ्ख्या ४३,१२६ जना छ भने कोइलाबास गाविसको जनसङ्ख्या १,३४५ जना छ (पोखरले, २०६२:१-१५) ।

## २.६ मन्दिर एवम् धार्मिक स्थलहरू

दाङ जिल्ला सामाजिक, साँस्कृतिक र भौगोलिक रूपले महत्त्वपूर्ण भए जस्तै मठमन्दिर एवम् धार्मिक स्थलहरूले पनि महत्त्वपूर्ण छ । यस्ता मठमन्दिर एवम् धार्मिक स्थलहरूमा अम्बिकेश्वरी भगवती मन्दिर, श्री रत्ननाथ मन्दिर, बराह मन्दिर, पाण्डेश्वर शिवमन्दिर, रिहार (बागरबाबा) र कालिका मालिका मन्दिर महत्त्वपूर्ण छन् । यसैगरी धार्मिक संस्था एवम् स्थलहरूमा प्रजापिता ब्रम्हकुमारी ईश्वरीय विश्वविद्यालय, नमु छु बौद्ध गुम्बा, ॐ शिरडी साई मन्दिर, स्वर्गद्वारी आश्रम, अद्वौत संस्था आदि रहेका छन् ।

## *परिच्छेद तीन*

# दाङको साहित्यिक पृष्ठभूमिमा समालोचना परम्परा

### ३.१ विषय प्रवेश

दाङमा कला र साहित्यको पनि प्रशस्त विकास भएको छ । कला र साहित्य दुवैमा सिर्जना गरिन्छ । साहित्यमा सृजित कृतिमा त्यसको सौन्दर्यलाई अध्ययन गर्ने काम समालोचनाले गर्दछ । साहित्यले सौन्दर्यको सृजना गर्दछ भने समालोचनाले उक्त सौन्दर्यको मूल्याङ्कन प्रस्तुत गर्दछ । दाङ जिल्लामा साहित्यको आरम्भ पश्चात्‌मात्र समालोचना देखा परेको पाईन्छ । त्यसैले यस परिच्छेदमा दाङको संक्षिप्त साहित्यिक इतिहास पश्चात् समालोचनाको ऐतिहासिक विश्लेषण गरिएको छ ।

### ३.२ दङाली साहित्यको सङ्क्षिप्त इतिहास

नेपाली साहित्यमा जस्तै दाङ जिल्लाको लेख्य साहित्यको आरम्भ कविता विधाबाट भएको पाइन्छ । यद्यपि दाङमा कसको कविताबाट साहित्यको आरम्भ भएको हो भन्ने मतमा भने एकरूपता पाइदैन । केशव सुवेदीले मध्यपश्चिमका कविता नामक पुस्तकभित्र समावेश आलेखमा श्रीगाउँ दाङमा स्थित सिद्धनाथ बाबाको मन्दिरमा रहेको ताम्रपत्रमा वि.स. १८९९ मा रचित 'सिद्धगादी चरित' कवितानै प्रथम दङाली कविता भएको उल्लेख गरेका छन् (भण्डारी, २०६६:९) । तर दाङका इतिहासकारका रूपमा प्रसिद्धि कमाएका स्व. टेकनाथ गौतम भने यस मतमा सहमत छैनन् । गौतम (२०५३:४) को **युगवोध**मा प्रकाशित लेख अनुसार भागवत मजगौंयालाई दाङका प्रथम कविको रूपमा प्रस्तुत गरेका छन् । तर गौतमले प्रस्तुत गरेका भागवत पजगैंया नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्य भन्दा पछाडिका हुन । जक्तिनाथ भने भानुभक्तका समकालीन हुन । त्यसैले जक्तिनाथको 'सिद्धगादी चरित' नामक कविता नै दाङको लेख्य साहित्यको प्रथम प्राप्ति हो भन्ने मत उत्तमकृष्ण मजगौंयाको रहेको पाइन्छ (भण्डारी, २०६६:९) ।

यसपछिमात्र दङाली साहित्यको इतिहास अगाडि बढेको पाइन्छ । यसक्रममा मजगैंया ( २०५४:५४) का अनुसार व्याकरण, आयुर्वेद र साहित्य तीन विषयमा आचार्य गर्ने दाङका प्रथम

व्यक्ति कविराज शालीग्राम गौतमका शाहवंश चरित्र (१९९२) र रामाश्वमेध (१९९३) नामक दुई काव्यहरू प्रकाशित छन् । त्यसैले दाङका साहितयकारहरू मध्ये शालीग्राम नै प्रथम पल्ट काव्य ग्रन्थ प्रकाशन गर्ने पहिलो व्यक्ति पर्दछन् ।

वि.स. २००४ सालमा दाङको घोराहीमा मिडिल स्कूलको स्थापना भयो । यस स्कूलको स्थापना पछि रचना लेख्ने र पाठगर्ने परम्पराको थालनी भएको पाइन्छ । त्यस समयका लेखकहरू ऋषिराम शर्मा, एकराज शर्मा, राममणि शर्मा, बुद्धिप्रकाश आचार्यहरू हुन (भण्डारी, २०६६:१०) ।

वि.स. २००७ सालको क्रान्ति भन्दा केही समय अगाडि **नेपाली छात्र संघ** नामक पत्रिका प्रकाशन गरेको पाइन्छ । यसै पत्रिकाको पहिलो अङ्कमा दाङका भरतमणि शर्माको 'त्यो फेरी फर्कला' शीर्षकको समीक्षात्मक लेख प्रकाशन भएको छ । यो लेख नै दाङको मात्र नभै मध्यमश्चिमकै प्रतिभाले लेखेको पहिलो समालोचनात्मक लेख हो (उदासी, २०६६: ) । यसका साथै यसै पत्रिकामा दाङको प्रतिभाले लेखेको पहिलो कथा पनि प्रकाशित भएको जानकारी यस शोधकार्यको लेखनमा पाइएको छ ।

वि.सं. २००७ सालपछि दाङमा क्रमशः विद्यालयहरू खुल्दै जान थाले । जसको कारण शिक्षाको कारण चेतनाको विकास हुन थाल्यो । यसै समयदेखि नै गिरी (२०५०:१२) का अनुसार नेपाली साहित्यको प्रचारप्रसारले साहित्य सृजनातिर दङालीहरूलाई पनि प्रेरित गर्न थाल्यो । गीत, कविता, कथा निबन्ध, नाटक लेखिन थाले र ठाउँ-ठाउँमा भीमनिधि तिवारी र दाङका साहित्यकार नारायण प्रसाद शर्माका नाटकहरू मञ्चन थालिए । यसले दाङको साहित्यिक वातावरणमा थप गतिशिलतालाई जन्म दियो । यसपछि दाङमा विभिन्न पत्रपत्रिका प्रकाशित हुन थाले । जसले साहित्यिक विकासलाई अघि बढाउनुका साथै नयाँ नयाँ प्रतिभाहरू जन्माउनमा ठूलो भूमिका खेलेको देखिन्छ ।

यसरी अगाडि बढिरहेको दङाली साहित्यको इतिहासमा थुप्रै प्रतिभाहरूले उल्लेखनीय भूमिका निर्वाह गरेका छन् । दङाली साहित्यिक इतिहासमा देखिने प्रथम पुस्ताका साहित्यकारहरूलाई उत्तमकृष्ण मजगैंयाले यसरी उल्लेख गरेका छन :

नेत्रलाल शर्मा पौडेल, दुर्गाप्रसाद मजगैंया, गणेश विषय, चन्द्रकला शाह, दामोदर बटुवा, खगराज लोहनी, तोयनाथ धिताल, तीर्थबहादुर डाँगी, नारायणप्रसाद शर्मा, एकराज शर्मा, स्थानेश्वर गौतम, दुर्गाप्रसाद गौतम, शुकदेव लामिछाने, भुवनेश्वर आचार्य, गिरीराज शर्मा, मोहन वैद्य, कृष्णसेन इच्छुक, गुरुप्रसाद शर्मा रेग्मी, रत्नाकर देवकोटा, भीमकान्त आचार्य, सुशील गौतम, श्रीधर पौडेल, नारायणकुमार आचार्य, सूर्यनाथ सापकोटा, गणेश शाह, बलदेव मजगैंया, केशव सुवेदी, नित्यानन्द शर्मा, छविकिरण वली, मधुसूदन पाण्डेय, अशोक थारु, दामोदर पोखेल, धर्मराज शर्मा वैरागी, मञ्जु राणा, यज्ञबहादुर डाँगी, गोविन्द प्रसाद कुसुम, हस्तबहादुर के.सी., भागवत शर्मा, पदमप्रसाद शर्मा, शरद देवकोटा, अमर गिरी, मेदिनीकुमार केवल, नारायण सल्यानी, बमबहादुर डी.सी., गोपाल भूषाल, लक्ष्मीनाथ योगी, कृष्णराज डी.सी. नारायण नेपाल, गोविन्द आचार्य, सरस्वती पोखेल, चिन्तामणि योगी (मजगैंया, २०६३:२-१४) ।

यी बाहेक पछिल्लो पुस्ताका साहित्यकारहरूमा नेत्र एटम, टीकारम उदासी, उदय जी.एम., के.एल. पीडित, के.वि. उदय, शेर बहादुर चौधरी, कल्याण गौतम, बुनू लामिछाने, सुदीप गौतम । सुरेश सुमन डाँडी आदि स्रष्टाहरूको भूमिका पनि दङाली साहित्यको इतिहासमा महत्वपूर्ण देखिएको छ । (मजगैंया, २०६३:२-१४) । यस बाहेक दाङ जिल्लाको पछिल्लो साहित्यिक गतिविधिमा क्रियाशील अन्य स्रष्टाहरू विन्दु शर्मा, अन्जान यात्री, नवीन विभास रहेका छन् । दङाली यी स्रष्टाहरूले साहित्यका अधिकांश विधामा कलम चलाइरहेका छन् । जसका कारण दङाली साहित्य हाल द्रूत गतिमा अगाडि बढेको पाइन्छ ।

## ३.३ दाङमा समालोचनाको पृष्ठभूमि र परम्परा

नेपाली साहित्यमा वि.सं. १९४८ देखि देखापरेको समालोचना विधा दाङ जिल्लामा वि.सं. २००७ सालको क्रान्तिपछि मात्र लेखिएको पाइन्छ । सन् १९५० (वि.सं. २००७/८) देखि काशी हिन्दू विश्वविद्यालय बनारसबाट प्रकाशित हुन थालेको **'नेपाली छात्र सङ्घ'** नामक पत्रिकाको सुरु अङ्कदेखि नै राप्तीका कवि लेखकहरूका रचनाहरू छापिएका छन् । प्रस्तुत पत्रिकाको पहिलो अङ्कमा त्यसका सम्पादकमध्येका एक दाङका भरतमणि शर्माको 'त्यो फेरि फर्कला' शीर्षकको समालोचना प्रकाशित भएको पाइन्छ । सम्भवतः यो नै राप्तीमात्रै होइन समग्र मध्यपश्चिमकै प्रतिभाले लेखेको पहिलो समालोचना हो (उदासी, २०६७:२५३) । यसरी समालोचक टीकाराम उदासीले भरतमणि शर्मालाई मध्यपश्चिमकै पहिलो समालोचकका रूपमा प्रस्तुत गरेका छन् ।

अर्कोतिर केशव सुवेदीले पनि **रापतीको साहित्यिक रूपरेखा**मा भरतमणि शर्माको उक्त समालोचनात्मक लेख उल्लेख गरेका छन् । सुवेदीले भरतमणि शर्माभन्दा अगाडि दाङ जिल्लामा अर्को समालोचकले लेखेको लेख हालसम्म पनि फेला नपरेको तथ्य पेशगर्दै शर्मा नै दाङका पहिलो समालोचक भएको जानकारी दिएका छन् । प्रस्तुत शोधग्रन्थको अनुसन्धानको क्रममा पनि शर्मा भन्दा अगाडि कसैले पनि समालोचनात्मक लेख प्रकाशन गरेको पाइएको छैन । त्यसैले भरतमणि शर्माको उक्त लेखलाई दाङ जिल्लाको पहिलो फुटकर समालोचनाको रूपमा प्रस्तुत गरिएको छ । यस प्रकार भरतमणि शर्मा दाङ जिल्लाका पहिलो समालोचकका रूपमा उभिएका छन् ।

यसपछि **सन्देश**को २०२५ सालको अङ्कमा राममणि नेपालीले 'शान्तिसन्देशः मेरो आँखामा' भन्ने समीक्षात्मक लेख लेखेका छन् । यसैगरी २०२७ सालको **सन्देश**को अङ्कमा रामकुमार घिमिरेको 'लेखकहरूबारे लेनिनवादी दृष्टिकोण' भन्ने सैद्धान्तिक समालोचना लेखेका छन् (उदासी, २०६७:२५३) । दाङ जिल्लामा समालोचना विधाको यही पृष्ठभूमिमा वि.स.२०५५ सालमा आएर नेत्र एटम र कृष्णहरि बरालको **उपन्यासको विश्लेषण** समालोचनात्मक कृति प्रकाशन भएको पाइन्छ । प्रस्तुत कृति सहलेखनमा आधारित भए पनि नेत्र एटम दाङ जिल्लाका भएकाले यसलाई नै दाङको पहिलो समालोचनात्मक कृति मानिएको छ । हाल दाङका समालोचकहरूका सालोचनात्मक कृतिहरू मध्ये यो नै पहिलो कृतिको रूपमा रहेको देखिन्छ ।

दाङमा वि.स. २००७/८ देखि आरम्भ भएको नेपाली समालोचना लेखनको क्रम हालसम्म पनि कायम रहेको पाइन्छ । फुटकर रूपबाट प्रकाशित दाङको नेपाली समालोचना वि.स. २०५५ सालमा कृतिको रूपमा प्रकाशन भएपछि अर्को मोड लिएर अगाडि बढेको छ । त्यसैले दाङको नेपाली समालोचनाको हालसम्मको इतिहासलाई निम्न दुई चरणमा राखेर अध्ययन गर्न सकिन्छ :

प्रथम चरण २००७/८ देखि २०५४ सम्म

अन्तिम चरण २०५५ देखि हालसम्म

### ३.३.१ प्रथम चरण

दाङ जिल्लाको नेपाली समालोचनाको इतिहास अध्ययन गर्दा वि.स. २००७/८ देखि वि.स. २०५४ सम्मको अवधिलाई पहिलो चरणमा उल्लेख गर्न सकिन्छ । यस चरणमा दाङ जिल्लामा फुटकर समालोचनाहरू मात्र प्रकाशित भएका छन् । ती फुटकर समालोचनाहरू केही भारतको

वनारस, नेपालको काठमाडौँ र अधिकांश दाङका स्थानीय पत्रपत्रिकामा प्रकाशित भएका छन् । दाङको नेपाली समालोचनाको यस चरणका समालोचना विभिन्न प्रवृत्तिका पाइन्छन् ।

यस चरणमा प्रकाशित दाङका फुटकर समालोचनाहरूमा ऐतिहासिक समालोचना सबैभन्दा बढी देखापरेका छन् । यी समालोचनाहरूले दाङको साहित्यिक इतिहासलाई सचित्र प्रस्तुत गरेका छन् । भुषाल (२०६१/०६२:१८२) का अनुसार बहुकालिक वा कालकमिक सन्दर्भबाट साहित्यिक रचना र रचनाकारको विश्लेषण गरी मूल्याङ्कन गरिने पद्धतिलाई ऐतिहासिक समालोचना भनिन्छ । युगीन परिस्थितिका आधारमा साहित्यकार र उसका कृतिको मूल्याङ्कन गर्ने समालोचना ऐतिहासिक समालोचना हो । यसप्रकार ऐतिहासिक समालोचनामा व्यक्ति, कृतिको मात्रै नभई सिङ्गो साहित्यको पनि कालक्रमिक अध्ययन गरिन्छ ।

यसप्रकारका समालोचनाहरूमा वि.स. २०३४ सालको **युगवोध**मा प्रकाशित नारायणप्रसाद शर्माको 'राप्ती अञ्चलको संक्षिप्त साहित्यिक इतिहास', वि.स. २०५० सालको **सञ्चिता**मा प्रकाशित इब देवकोटाको 'दाङको साहित्यिक सेरोफेरोः संक्षिप्त अवलोकन', वि.स. २०५० सालको **अन्तर्ध्वनी**मा प्रकाशित अमर गिरीको 'दाङको संक्षिप्त साहित्यिक इतिहास', वि.स. २०५३ सालको **मध्यपश्चिमका कविता**मा प्रकाशित केशव सुवेदीको 'रापतीका कविताः पृष्ठभूमि र परम्परा', वि.स. २०५३ सालको **युगवोध**मा प्रकाशित टेकनाथ गौतमको 'दाङका पुराना कवि', वि.स. २०५४ सालको **प्रवाह**मा प्रकाशित उत्तमकृष्ण मजगैयाँको 'दाङको लेख्य साहित्यको परम्परा र प्रथम पुस्ताका साहित्यकारहरू' रहेका छन् ।

दाङको नेपाली समालोचनाको यसचरणका फुटकर समालोचनाहरूमा केही प्रभावपरक समालोचनाहरू पाइन्छन् । कँडेल (२०५५:घ) का अनुसार कुनै कृति पढ्दा आफ्ना मनमा परेको प्रभावका आधारमा गरिने समालोचनालाई प्रभाववादी वा प्रभावपरक समालोचना भनिन्छ । यसमा वैयक्तिक वा आत्मपरक ढङगले रचना वा रचनाकारको प्रशंसा वा विरोध बढी मात्रामा हुन्छ । कृतिबारे व्यक्त उसका विचार शास्त्रीय मापदण्डसित मिल्छन वा मिल्दैनन् भन्नेतर्फ उसको ध्यान त्यति हुँदैन । कुनै कृति पढ्दा उसलाई जस्तो प्रभाव पर्छ र उसले जे जस्तो अनुभव गर्छ, त्यसैलाई ऊ इमान्दारीसाथ व्यक्त गर्न मनपराउँछ । कृति वा रचना अध्ययनगर्दा परेको प्रभावका आधारमा समालोचनागर्दा वास्तविक र सही मूल्यनिर्णय हुने देखिदैन । जसकाकारण प्रभावपरक समालोचना समालोचनात्मक दृष्टिमा उत्कृष्ट ठहरिदैन ।

दाङ जिल्लाको नेपाली समालोचनाको प्रथम चरणमा देखिएका यस्ता प्रभावपरक समालोचनाहरूमा वि.स. २०२५ सालको **सन्देश**मा प्रकाशित राममणि नेपालीको 'शान्ति सन्देशः मेरो आँखामा', वि.स. २०५६को **युगबोध**मा प्रकाशित पद्मप्रसाद शर्माको 'पशुपति साहित्य सन्देशबारे छोटो चर्चा', र वि.स. २०५७ को **युगबोध**मा प्रकाशित गिरिराज शर्माको 'सुशील गौतमको कविताञ्जली पढेपछि' रहेका छन् ।

यसचरणमा प्रगतिवादी समालोचना पनि लेखिएको पाइन्छ । यी समालोचनाहरू प्रगतिवादको सैद्धान्तिक आधारमा गरिएका छैनन् । केवल प्रगतिवादको सामान्य चर्चासम्म भएको पाइन्छ । भुषाल (२०६१/०६२:१८१) का अनुसार मार्क्सेली द्वन्द्वात्मक भौतिकवाद अनुसार समाजको स्थिति र  वर्गसङ्घर्षका परिप्रेक्ष्यमा कृतिको मूल्याङ्कन गरिने समालोचनालाई प्रगतिवादी समालोचना

भनिन्छ । यस पद्धतिलाई चिनाउन मार्क्सवादी आलोचना भौतिकवादी आलोचना, द्वन्द्वात्मक भौतिकवादी आलोचना, सामाजिक यथार्थवादी आलोचना जस्ता नामहरू प्रयोग हुने गरेको पाइन्छ । प्रगतिवादी समालोचना पद्धतिले समाजसँग साहित्य र साहित्यकारलाई सम्बद्ध गरेर समाजकै सन्दर्भमा साहित्यिक कृति र कृतिकारको अध्ययन विश्लेषण गर्दछ । यसप्रकार प्रगतिवादी समालोचनाले वर्गीय द्वन्द्वलाई बढी प्राथमिकता दिएको छ । प्रगतिवादी समालोचनाहरूमा वि.सं. २०२७ सालको **सन्देश**मा प्रकाशित रामकुमार घिमिरेको 'लेखकहरूबारे लेनिनवादी दृष्टिकोण' र वि.सं. २०५६ को **अन्तर्ध्वनि**मा प्रकाशित अमर गिरीको 'दाङको प्रगतिवादी साहित्य' रहेका छन् ।

दाङ जिल्लाको नेपाली समालोचनाको यसचरणमा कृतिपरक समालोचना पनि प्रकाशित भएका छन् । घिमिरे (२०६४/०६५:१८२) का अनुसार कुनै साहित्यकारको साहित्यिक कृतिको बारेमा गरिएको समालोचनालाई कृतिपरक समालोचना भनिन्छ । कृतिपरक समालोचनाले कृतिको विश्लेषण गर्दा लेखकीय पृष्ठभूमि, मनोविज्ञान तथा त्यसले पाठकलाई पार्ने प्रभाव अथवा परम्पराका सापेक्षतामा त्यसको मूल्यादिको चर्चा गर्दैन । केवल त्यही कृतिको मात्र वस्तुगत स्थितिलाई विश्लेषण गरेको हुन्छ । यस किसिमका समालोचनाहरूमा त्यस कृतिको व्यापक अध्ययन गरिएको हुन्छ । यस किसिमका समालोचनाहरूमा वि.सं. २०५७ सालको **बहिङ्गा**मा प्रकाशित टीकाराम उदासीको 'कवि नेत्रलालको सतिसालमात्र ढिङ्ग उभिन सक्छ' र वि.सं. २०५७ सालको **युगबोध**मा प्रकाशित गिरिराज शर्माको 'सुशील गौतमको कविताञ्जली' पढेपछि रहेका छन् ।

यसप्रकार दाङ जिल्लाको नेपाली समालोचनाको यसचरणमा प्रकाशित फुटकर समालोचनामा विभिन्न प्रवृत्तिहरू पाइन्छन् । यिनै प्रवृत्तिहरूका फुटकर समालोचनाका पृष्ठभूमिमा रहेर वि.सं. २०५५ सालमा नेत्र एटम र कृष्णहरि बरालको **उपन्यासको विश्लेषण** नामक समालोचनात्मक कृति प्रकाशित भएको देखिन्छ ।

### ३.३.२ अन्तिम चरण

नेत्र एटम र कृष्णहरि बरालको **उपन्यासको विश्लेषण** नामक कृति वि.सं. २०५५ सालमा प्रकाशित भएपछि मात्र दाङको नेपाली समालोचनाले कृति प्रकाशनको मोड लिएको हो । त्यसैले यसै कृति प्रकाशनदेखि हालसम्मको समयलाई अन्तिम चरणमा राखेर अध्ययन गरिएको छ । उक्त कृतिपछि हालसम्म थुप्रै समालोचनकहरूका समालोचनात्मक कृतिहरू प्रकाशन भएका छन् । जसका कारण वि.सं. २०५५ सालदेखि मात्र दाङको नेपाली समालोचनामा व्यापक विस्तार एवम् विकास भएको पाइन्छ ।

यसचरणमा एटमको उक्त समालोचनात्मक कृतिपछि हालसम्म देखापरेका वा प्रकाशित समालोचनात्मक कृतिहरूलाई प्रकाशन मितिका आधारमा यसरी उल्लेख गरिएको छ :

– **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** (२०५६) - नेत्र एटम र कृष्णहरि बराल
– **सुलोचना महाकाव्यको विश्लेषण** (२०५८) - बुनू लामिछाने
– **गजल सिद्धान्त र नेपाली गजलको इतिहास** (२०५९) - टीकाराम उदासी
– **समालोचनाको स्वरूप** (२०६१) - नेत्र एटम
– **लोकगीतको विश्लेषण** (२०६२) - डा. गोविन्द आचार्य
– **गीतिनाट्य परम्परामा राष्ट्रकवि घिमिरे** (२०६२) - विन्दु शर्मा
– **राप्ती लोक साहित्य** (२०६३) - डा. गोविन्द आचार्य
– **परिधीय परिक्रमा** (२०६५) - केशव सुवेदी
– **राप्तीको साहित्यिक रूपरेखा** (२०६५) केशव सुवेदी
– **प्रगतिवादी साहित्यमा नेत्रलाल पौडेल 'अभागी'** (२०६५) - प्रेम प्रसाद राजभण्डारी
– **साहित्य सिद्धान्त** (२०६५) - डा. गोविन्द आचार्य
– **केही कृति समीक्षा र विविध** (२०६६) - गिरिराज शर्मा

- **आधारभूत नेपाली समालोचना** (२०६६) - विन्दु शर्मा
- **दाङका गजल र गजलकारहरू** (२०६६) - प्रेमलाल भण्डारी
- **नेपाली डायस्पोरा र अन्य समालोचना** (२०६७) - नेत्र एटम
- **समय, समाज र संस्कृति** (२०६७) - अमर गिरी

यसरी दाङ जिल्लाका एघारओटा समालोचकहरूका सत्रओटा समालोचनात्मक कृतिहरू हालसम्म प्रकाशित भएका देखिन्छ । यी समालोचना कृतिलाई सिद्धान्तका आधारमा यसै शोधको अर्को परिच्छेदमा विश्लेषण गरिएको छ ।

अर्कोतिर शुरूदेखि देखापरेको फुटकर समालोचना लेखनको क्रम हालसम्म पनि निरन्तर अगाडि बढिरहेको छ । दाङको नेपाली समालोचना परम्परालाई अगाडि बढाउने फुटकर समालोचकहरूमा उत्तमकृष्ण मजगैयाँको योगदान सर्वोपरि देखिन्छ । यिनले दाङ जिल्लामा रहेका विभिन्न साहित्यिक विधाको खोजमूलक फुटकर समालोचनाहरू प्रकाशित गरिरहेका छन् । यी बाहेक दाङ जिल्लामा फुटकर रूपमा समालोचनात्मक लेखहरू प्रकाशन गर्नेहरूमा स्व. टेकनाथ गौतम, नारायण प्रसाद शर्मा, पदमप्रसाद शर्मा, प्रा. स्थानेश्वर गौतम, स्व. नेत्रलाल पौडेल 'अभागी', डा. कृष्णराज डी.सी., रमण शर्मा, दिवाकर शर्मा, नारायण नेपाल, सरस्वती पोखेल आदि उल्लेखनीय रहेका छन् ।

यस प्रकार दाङ जिल्लामा नेपाली समालोचनाको विकासका निम्ति उल्लिखित सम्पूर्ण कृति प्रकाशन गर्ने र फुटकर लेख्ने सबै समालोचकहरूको योगदान महत्त्वपूर्ण रहेको छ । पहिलो पटक वि.सं. २००७/८ सालमा नै समालोचनात्मक लेख लेखी दङ्गाली समालोचकहरूलाई बाटो देखाउने समालोचक भरतमणि शर्मा र २०५५ सालमा पहिलो पटक सहलेखन मै भए पनि समालोचनात्मक कृति प्रकाशत गर्ने नेत्र एटमको योगदान अझै विशिष्ट देखिन्छ ।

## ३.४ निष्कर्ष

वि.सं. २००७/८ देखि फुटकर रूपमा प्रकाशित दाङको नेपाली समालोचना विकसित हुन निकै समय लागेको पाइन्छ । दाङको नेपाली समालोचना धेरै समयसम्म फुटकर रूपमै सीमित रहेको देखिन्छ । फुटकर अवस्थामै प्रगतिवादी, प्रभाववादी, कृतिपरक, ऐतिहासिक जस्ता प्रवृत्तिका समालोचना पाइएका छन् । वि.सं. २०५५ सालमा नेत्र एटम र कृष्णहरि बरालको **उपन्यासको**

**विश्लेषण** नामक समालोचना कृतिबाट मात्र दाङको समालोचना परम्परा विकसित भएको देखिन्छ । यसपछि हालसम्मको दस वर्षको अवधिमा सत्रओटा विभिन्न समालोचना कृति प्रकाशन भएका छन् । यसले दाङको नेपाली समालोचना विकसित र सम्बृद्ध बाटोमा क्रियाशील रहेको सङ्केत गर्दछ ।

# *परिच्छेद चार*

# समालोचनाको सैद्धान्तिक अध्ययन र दाङका समालोचना कृतिका परिचय

## ४.१ पृष्ठभूमि

दाङ जिल्लाको नेपाली समालोचनाको इतिहास हेर्दा वि.सं. २०५५ सालदेखि प्रकाशनको काल आरम्भ भएर यस विधाको विकास एवम् विस्तार भएको पाइन्छ । वि.सं. २०५५ सालदेखि हालसम्म दाङ जिल्लाका विभिन्न समालोचक र तिनका एक दर्जनभन्दा बढी कृति सार्वजनिक भइसकेका छन् । यस परिच्छेदमा समालोचनाको सैद्धान्तिक अध्ययन र दाङ जिल्लाका समालोचकहरूका कृतिहरूको परिचय प्रस्तुत गरिएको छ ।

## ४.२ समालोचनाको व्युत्पत्ति र अर्थ

साहित्यका विविध विधामध्ये समालोचना तुलनात्मक रूपमा पछिल्लो विधा हो । यसले साहित्यिक रचनामा रहेको सौन्दर्य वा वैशिष्ठ्यलाई उद्घाटन र विवेचना गर्दछ । समालोचनाको व्युत्पत्ति पूर्वीय र पाश्चात्य दुवै तिरका विद्वानहरूले आ-आफ्नै तरिकाले गरेको पाइन्छ ।

समालोचनाको पूर्वीय व्युत्पत्तिलाई सुवेदी (२०६१:८) ले 'अवलोकन' अर्थ बहन गर्ने 'लुच' धातुमा 'णिच्' लागेर 'लोच' बनेपछि यस 'लोच' शब्दमा 'यु' प्रत्यय थपिएर 'अन्' आदेश हुँदा 'लोचन' शब्द व्युत्पादन हुन्छ । 'लोचन' शब्दमा सगम्रबोधी 'आ' उपसर्ग र स्त्रीत्वबोधी 'आ' प्रत्यय लागेपछि 'आलोचना' शब्द व्याकरण सम्मत र सार्थक रूपमा तयार हुन्छ । व्युत्पादन प्रक्रियाको अन्तमा सम्यक सन्तुलित र समीचीन अर्थ सम्मिश्रण भएको आकांक्षा राखेर आउने द्वितीय उपसर्ग 'सम्' पनि थपिएपछि समालोचना शब्द निर्माण हुन्छ भनेर व्याख्या गरेका छन् । त्यसैगरी समालोचनाको अङ्ग्रेजी व्युत्पत्तिलाई भुषाल (२०६१/०६२:१८०) ले समालोचनाका लागि प्रयुक्त हुने अङ्ग्रेजी शब्द criticism को पश्चिमेली व्युत्पत्ति Kintes धातुबाट भएको criticism मा रहेको kintes धातुको अर्थ बेग्लाउनु, निर्णय गर्नु, छिद्रान्वेषण गर्नु र मूल्याङ्कन गर्नु हो भनेर उल्लेख गरेका छन् । criticism को नेपाली रूपान्तरण समालोचनाको शाब्दिक अर्थ कुनै पनि साहित्यिक

कृतिको गुण दोष केलाई त्यसको मूल्याङ्कन गर्नु भन्ने बुझिन्छ । यसरी पूर्वीय र पाश्चात्य दुबै व्युत्पत्तिबाट समालोचना तथा criticism शब्दको तात्पर्य कुनै साहित्यिक कृतिको गुण, दोष सन्तुलित दृष्टिले हेर्नु हो ।

समालोचना शब्द कुनै पनि विषयवस्तु वा कुराका राम्रा नराम्रा पक्षको मूल्याङ्कन निष्पक्षताका साथ गर्ने कार्य हो । यसप्रकार समालोचनालाई साहित्यिक कृतिका गुण दोषको वस्तुगत विवेचना, कुनै ग्रन्थ लेख व्यक्ति आदिका गुण दोषको सम्यक् विवेचना गरिएको लेख वा प्रबन्ध, आलोचना, समीक्षा आदि कोशीय अर्थमा प्रयोग भएको पाइन्छ । नेपाली बृहत शब्दकोश (२०४०:१३०७) मा कुनै साहित्यकारका विशेषता वा साहित्यिक कृतिका गुणदोषको वस्तुगत विवेचना गर्ने काम र कुनै ग्रन्थ रचना, स्रष्टा आदिको सम्यक रूपमा गरिएको रचना पनि समालोचना भएको लेखिएको छ । यसैगरी सुवेदी (२०६१:९) कुनै विषयमा विषयमा सृजित सौन्दर्ययुक्त रचना वा कला विशेषको समीक्षक कार्य अर्थात विवेचना, विश्लेषण र मूल्याङ्कन कार्य । यस कार्यलाई समग्ररूपमा सम्यक् समीक्षण गरिने कार्यको अर्थ बहन गराउन समालोचना शब्द प्रयोग गरिदै आएको छ । साहित्यका वस्तुपक्ष र रूपपक्षको विवेचना र मूल्याङ्कन गर्ने साहित्यकारका सफलता-विफलता केलाउने बौद्धिक व्यापारलाई बुझाउने शब्दका रूपमा समालोचना शब्द बढी प्रसिद्ध रहेको छ । यसरी साहित्यका सन्दर्भमा समालोचनाले जुनसुकै सृजनात्मक कृतिको गुण, दोष, दर्शन, उपलब्धि र कमी कमजोरीप्रति सम्यक् दृष्टिले प्रदान गर्ने अर्थ दिन्छ ।

## ४.३ समालोचनाको परिभाषा

समालोचनालाई साहित्यिक वाङ्मयको क्षेत्रमा अर्थ्याउने प्रयास निकै पुरानो समयदेखि चलेको पाइन्छ । समालोचनात्मक चेतनाको सङ्केत गर्ने कार्यमा विभिन्न समय, स्थान, व्यक्ति तथा सम्प्रदायले जमर्को गरेका पाइन्छन् । समालोचनाको स्वरूपगत परिचय दिने काम स्पष्टतः धेरै पछि भए पनि यसको सङ्केत साहित्यको विकास सँगसँगै भएको पाइन्छ । मूलतः साहित्य सभ्यताका दुई विकसित धार पूर्वीय र पाश्चात्य साहित्य विश्वका प्रमुख साहित्यिक धार मानिन्छन् । समालोचनाको परिभाषाका क्रममा पनि यी दुई सम्प्रदायका विभिन्न विद्वानहरूले आ-आफ्नै धारणा प्रस्तुत गर्दै आएको पाइन्छ ।

### क) पूर्वीय दृष्टिमा

संस्कृत साहित्यमा समालोचनाको छुट्टै अध्ययन र विश्लेषण कम मात्र गरिएको छ । आफ्ना लक्षण ग्रन्थहरूमा विभिन्न विद्वानहरूले आफ्नो सम्प्रदायको व्याख्या गर्दा समालोचनाको सङ्केत गरेको पाइन्छ । (शर्मा त्रिपाठी, २०२७:४६) बाट संस्कृत साहित्यमा 'कविः कवयते काव्यं मर्म जानाति पण्डितः' भनेर समालोचकलाई पण्डित भनिएबाट समालोचना भनेको पाण्डित्यपूर्ण गम्भीर लेखन हो भन्ने बुझिन्छ । तर यसबाट समालोचनाको स्पष्ट अर्थ बुझिदैन । संस्कृत साहित्यमा समालोचनाको परिभाषा आचार्य राजशेखरले 'समालोचक ब्रह्माजीले नदेखेको, नजानेको पनि देख्न र जान्न सक्तछ र ब्रह्माजी भन्दा पनि सूक्ष्मदर्शी हुन्छ' (सुवेदी, २०६:२१) भनेर दिएको पाइन्छ । उनको यस परिभाषाले समालोचक अत्यन्तै सानो कुरालाई देख्न र केलाउन सक्नुपर्दछ भन्ने बुझिन्छ । यसबाट समालोचना अति गम्भीर, बौद्धिक र सूक्ष्मदर्शी कार्य भएको प्रष्ट हुन्छ ।

**ख) पाश्चात्य दृष्टिमा**

पाश्चात्य दर्शन शास्त्रीहरूको विचारमा समालोचनात्मक चेतना प्रवाह तीव्र गतिमा प्रवाहित भएको पाइन्छ । त्यसैले पाश्चात्य समालोचनाको परिभाषा व्यवस्थित रहेको पाइन्छ । प्रारम्भिक चरणका विचारहरूको विकासले कालान्तरमा नवीन सिद्धान्त प्रणाली तथा पद्धतिको रूप लिएको पाइन्छ । यहाँ पाश्चात्य जगतका केही उल्लेख्य विद्वानका परिभाषाहरूलाई प्रस्तुत गरिएको छ ।

- **एरिस्टोटल**का अनुसार

  "समालोचना भनेको कृतिमा नीति र आदर्शको उद्‌घाटन गर्ने उपकरण हो" (पोखरेल, २०६१:१०) ।

- **हड्सन**का अनुसार

  "सिर्जनात्मक साहित्यले जीवन र जगतको व्याख्या गर्छ भने समालोचनाले त्यस व्याख्याको पनि व्याख्या गर्छ" (पोखरेल, २०६१:१०)

- **म्याथ्यु आर्नोल्ड**का अनुसार

  "संसारमा ज्ञान विचारित सर्वोत्कृष्ट कुराको ज्ञान प्राप्त गर्ने तथा त्यसलाई अरुमा प्रचार गर्ने तटस्थ प्रयास हो" (कँडेल, २०५५:ग) ।

- **टी.एस. इलियट**का अनुसार

  "समालोचना लिखित शब्दका माध्यमद्वारा गरिने कलाकृतिको टीका टिप्पणी र व्याख्या विवेचना हो" (कँडेल, २०५५:ग) ।

- **ब्रिटानिका शब्दकोश**का अनुसार

"समालोचना साहित्य एवम् ललितकलामा निहीत सौन्दर्यपरक तत्त्वको गुण र मूल्यको परीक्षण गर्ने कला हो" (कँडेल, २०५५:ग) ।

– **आई.ए. रिचर्ड**का अनुसार

"समालोचनाको काम कुनै पनि कृतिको मूल्य निर्धारण गर्नु हो" (थापा, २०४७:२००) ।

पाश्चात्यमा एरिस्टोटलले कृतिमा रहेका नैतिक र आदर्शका मूल्यहरू समालोचनामा प्रस्तुत गर्नुपर्छ भन्ने विचारसँगै विकास भएको पाइन्छ । यसै क्रममा हड्सनले समालोचनालाई जीवन र जगतको व्याख्याको पनि व्याख्या भनेका छन् । म्याथ्यु अर्नोल्डले समालोचनालाई तटस्थ/निष्पक्ष कार्यको रूपमा प्रस्तुत गरेका छन् । यिनले साहित्यलाई संसारको सर्वोत्कृष्ट कुरा पनि मानेका छन् । इलियटले कलाकृतिको व्याख्या विवेचना भनेर समालोचनालाई साहित्यभन्दा अझ परसम्म तन्काएको पाइन्छ । माथिका परिभाषा भन्दा फरक र सबैलाई समेट्ने खालका परिभाषा ब्रिटानिका शब्दकोश र रिचर्डसको परिभाषा पाइन्छ । ब्रिटानिकाले समालोचनालाई साहित्य एवम् ललितकला भनेर क्षेत्र फराकिलो पारेको छ । यसले समालोचनाको वास्तविक कार्य कलात्मक परीक्षणमा जोड दिएको पाइन्छ । यसैगरी रिचर्डसले पनि समालोचनालाई मूल्य निर्धारण गर्ने निर्धारकको रूपमा प्रस्तुत गरेका छन् ।

**ग) नेपाली विद्वान वा समालोचकका दृष्टिमा**

पूर्वीय तथा पाश्चात्य दर्शनबाट प्रेरित नेपाली साहित्यले पनि समालोचनाका क्षेत्रमा उन्नति गरेको छ । नेपाली साहित्यमा नेपाली समालोचकहरूले दिएका प्रमुख परिभाषाहरूलाई यहाँ प्रस्तुत गरिएको छ ।

– **रामकृष्ण शर्मा**का अनुसार

"सुख-दुःख, राम्रो नराम्रो, मनपर्दो नपर्दो इत्यादि कुराको मस्तिष्कमा जब विवेचना हुन्छ, त्यसको परिणाम स्वरूप समालोचनाको जन्म हुन्छ" (शर्मा, २०२४:३८) ।

– **यदुनाथ खनाल**का अनुसार

"पानीको प्रवाहलाई नदी भन्ने नाम दिनु साहित्य हो, नदीका बारेमा अरु विशेष कुरा जान्नु, उसको मूल खोज्नु समालोचना हो" (खनाल, २००३:३) ।

– **कृष्ण चन्द्र सिंह प्रधान**का अनुसार

"सैद्धान्तिक निरूपण तथा मूल्यान्वेषण नै समालोचना भएकाले यस कार्यमा कल्पनाको भन्दा न्यायको, भावुकताको भन्दा तर्कको, हृदयको भन्दा मस्तिष्कको महत्व बढी हुन्छ" (प्रधान, २०५२:२)

– **डा. वासुदेव त्रिपाठी**का अनुसार

"टी.एस. इलियटले भने झैं तुलना र विश्लेषणका हतियारको प्रयोग गर्दै परम्परा र व्यक्तिगत प्रतिभाको मूल्याङ्कन नै समालोचना हो" (प्रधान, २०५२:१८७) ।

– **राजेन्द्र सुवेदी**का अनुसार

"कुनै पनि वस्तुलाई असल, खराब, गुण-अवगुण, सकारात्मक, नकारात्मक, लाभप्रद हानिहारक पक्षहरूको समाजका निम्ति ग्राह्य, शिष्ट र मार्गदर्शक आदिका दृष्टिले छानविन गरेर निष्कर्षसम्म पुग्ने कार्य समालोचना हो" (सुवेदी, २०६१:२२) ।

माथि उल्लेखित परिभाषाहरूलाई हेर्दा सबैका आफ्ना केही मौलिकताका साथ प्रस्तुत भइ अरु भन्दा पृथक रहन खोजेको देखिन्छ । रामकृष्ण शर्मा मनभित्र उब्जने पक्ष र विपक्षमा नै केन्द्रित रहेका छन् । यदुनाथ खनालले नदीको मूल खोज्नुलाई समालोचना भनेर कृति जन्मनुको कारणमै समालोचनालाई अर्थ्याएका छन् । कृष्ण चन्द्र सिंह प्रधानले सैद्धान्तिक कार्यको रूपमा उल्लेख गरेर समालोचनालाई बौद्धिक महत्व दिएका छन् । माथिका परिभाषा भन्दा राजेन्द्र सुवेदीको परिभाषामा केही फरक पाइन्छ । यिनले समालोचनालाई निष्कर्षसम्म पुग्ने कार्य हो भनेका छन् । तर यी सबै परिभाषाले समालोचनाको मूलमर्मलाई भेट्टाउन सकेको पाइदैन । समालोचनाको प्रमुख कार्य कृतिको मूल्य निर्धारण गर्नु हो । त्यतापट्टी कसैको ध्यान पुगेको पाइदैन । यो नै नेपाली समाचोचकहरूको ठूलो कमजोरी देखिन्छ ।

यसरी पूर्वीय, पाश्चात्य र नेपालीका समालोचनाको परिभाषा अध्ययनबाट के निष्कर्ष निकाल्न सकिन्छ भने, कुनै पनि सृजित वस्तुमा निहीत कलागत सौन्दर्यको विवेचनाबाट त्यस वस्तुको स्थान र मूल्यको सन्तुलित ढंगले समुचित निर्णय दिने काम नै समालोचना हो ।

## ४.४ नेत्र एटम र उनका समालोचना कृति

साहित्य समालोचनामा नेत्र एटमका नामले परिचित नेत्रमणि सुवेदी वि.सं. २०२६ साल मङ्सिर २३ गते दाङ जिल्लाको मानपुर-६ भेलाहीमा जन्मिएका हुन् । प्राध्यापनलाई आफ्नो पेशा

बनाएका एटमले नेपालीमा एम.ए., बि.एड. र कानूनमा स्नातकको उपाधि हासिल गरेका छन् । एटमले वि.सं. २०५३ सालदेखि औपचारिक रूपमा समालोचना लेख्न थालेको पाइन्छ । भक्तपुरबाट प्रकाशित **'साप्रस'** पत्रिकामा वि.सं. २०५३ सालमा प्रकाशित 'पाठकको कसीमा भ्रमरको शीर्षक' नामक समालोचनाबाट यिनको समालोचना यात्रा अघि बढेको पाइन्छ । यस क्रममा एटमका थुप्रै फुटकर समालोचनाहरू प्रकाशित भइसकेका छन् । यस्तै एटमका भाषा, व्याकरण र साहित्य सम्बन्धि तेह्रओटा पुस्तक प्रकाशित भइसकेका छन् । समालोचनात्मक कृतिका रूपमा एटमका **उपन्यासको विश्लेषण** (सह २०५५), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** (सह २०५६) **'समालोचनाको स्वरूप'** (२०६१) र **'नेपाली डायस्पोरा र अन्य समालोचना'** (२०६७) कृति प्रकाशित छन् ।

विभिन्न साहित्यिक र समालोचनात्मक गतिविधिमा संलग्न रहने एटमले **'तन्नेरी'**, **'रजनी'**, **'दोभान'** पत्रिका तथा **'गीतकार कृष्णहरि बराल : सृजना र समालोचना'** (२०५८) र **'राष्ट्रकवि घिमिरे : समीक्षात्मक अवलोकन'** (२०६०) समेत सम्पादन गरिसकेका छन् । एटमले नेपाली साहित्यिमा पहिलोपल्ट **'सीमान्त आकाश : स्रष्टासितको अन्तर्यात्रा 'निवार्तासङग्रह'** (२०६२) प्रकाशित गरेका छन् । हाल त्रि.वि. नेपाली केन्द्रीय विभागमा प्राध्यापनरत एटम नवकविता प्रतिभा पुरस्कार-२०५१, उत्कृष्ट निबन्धकार-२०५४ र हृदयचन्द्र स्मृति समीक्षा लेखन पुरस्कार-२०६० बाट समेत सम्मानित भइसकेका छन् । प्रस्तुत शोधमा एटमका **'समालोचनाको स्वरूप'** र **'नेपाली डायस्पोरा र अन्य समालोचना'** को अध्ययन गरिएको छ ।

### ४.४.१ उपन्यासको विश्लेषण

नेत्र एटम र कृष्णहरि बरालको सह-लेखनमा वि.सं. २०५५ सालमा प्रकाशित समालोचनात्मक कृति उपन्यासको विश्लेषण हो । यसमा उपन्यासको सिद्धान्त, इतिहास र विश्लेषण प्रस्तुत गरिएको छ । तीन खण्डमा विभक्त यस कृतिको पहिलो खण्डमा उपन्यासको परिचय, तत्त्वहरू र वर्गीकरण उल्लेख गरिएको छ । त्यस्तै दोस्रो खण्डमा नेपाली उपन्यासको विकासक्रम र आधुनिक नेपाली उपन्यासका धारागत मोड र प्रवृत्तिको परिचय लेखिएको छ । तेस्रो खण्डमा पाँचजना विभिन्न उपन्यासकारका उपन्यासहरूको विश्लेषण गरिएको छ । प्रस्तुत कृतिका रचनाकार कृष्णहरि बराल दाङ जिल्ला निवासी होइनन् । नेत्र एटममात्र दाङ जिल्ला निवासी हुन् । प्रस्तुत कृति यस शोधको सीमाङ्कनभित्र नपर्ने भएकाले विश्लेषण खण्डमा समावेश गरिएको छैन । यो कृति दाङको पहिलो समालोचनात्मक कृति हुन सफल भएकाले ऐतिहासिक महत्त्वको छ ।

### ४.४.२ उपन्यास सिद्धान्त र उपन्यासको विश्लेषण

समालोचक कृष्णहरि बरालसँगको सह-लेखनमा नेत्र एटमको दोस्रो समालोचनात्मक कृति **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** वि.सं. २०५६ सालमा प्रकाशित कृति हो । साझा प्रकाशनद्वारा प्रकाशित प्रस्तुत कृति हाल संशोधन सहित तेस्रो संस्करणको रुपमा आएको छ । यसमा उपन्यासको सिद्धान्त, इतिहास र विश्लेषण प्रस्तुत गरिएको छ । उपन्यासको सिद्धान्त खण्डमा परिचय, तत्त्वहरू, आधुनिक उपन्यासको प्रमुख शिल्प पद्धति, वर्गीकरण र उपन्याससँग अन्य साहित्यिक विधाको चर्चा गरिएको छ । नेपाली उपन्यासको विकासक्रम र धारागत प्रवृत्ति खण्डमा नेपाली उपन्यासको प्रारम्भिक कालदेखि हालसम्मको इतिहासलाई चरण विभाजन गरि प्रस्तुत गरिएको छ । केही नेपाली उपन्यासको विश्लेषण खण्डमा विभिन्न सातओटा उपन्यासकारका उपन्यासको विश्लेषण गरिएको छ । प्रस्तुत कृतिका रचनाकार कृष्णहरि बराल र नेत्र एटम मध्ये कृष्णहरि बराल दाङ जिल्ला निवासी होइनन् । प्रस्तुत कृति यस शोधको सीमाङ्कन भन्दा आंशिक बाहिरको रहन्छ । त्यसैले प्रस्तुत कृतिलाई यस शोधको विश्लेषण खण्डमा समावेश गरिएको छैन ।

### ४.४.३ समालोचनाको स्वरूप

**'समालोचनाको स्वरूप'** नेत्र एटमको वि.सं. २०६१ सालमा साझा प्रकाशनद्वारा प्रकाशित समालोचनात्मक कृति हो । यसमा एटमका विभिन्न पत्रिकामा प्रकाशित फुटकर समालोचनालाई एकीकृत गरी सङ्ग्रह गरिएको छ । यसमा एटमका १७ ओटा फुटकर समालोचना रहेका छन् । यस समालोचना सङ्ग्रहमा एटमले नेपाली साहित्यका सबै विधालाई समेटेका छन् । त्यसैगरी लोकसहित्य र गीतलाई पनि उनले आफ्नो समालोचनाको विषयवस्तु बनाएका छन् । केही सैद्धान्तिक र बढी प्रायोगिक समालोचनात्मक लेखहरू रहेका प्रस्तुत कृतिमा समालोचनाको समेत सैद्धान्तिक परिचय, केन्द्रक र नेपाली समालोचनाको रूपरेखा प्रस्तुत गरेका छन् । प्रस्तुत कृति यस शोधमा समालोचनाका तत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

### ४.४.४ नेपाली डायस्पोरा र अन्य समालोचना

नेत्र एटमको **'नेपाली डाटस्पोरा र अन्य समालोचा'** वि.स. २०६७ सालमा प्रकाशित पछिल्लो समालोचनात्मक कृति हो । यसमा एटमका २०६० साल देखि विभिन्न पत्रिकामा छरिएर रहेका एधारओटा समालोचनात्मक लेखहरू रहेका छन् । यस मध्ये कथामा 'महाकवि देवकोटाको अग्रगामी सोच', 'मञ्जुलका गीतहरूमा जीवनको लय', 'शङ्कर लामिछानेको निबन्धकला', र

'निबन्धकार हृदयचन्द्रसिंह प्रधान' शीर्षकका समालोचनाहरू प्रायोगिक रहेका छन् । 'नेपाली डाटसपोरा र अन्य समालोचना' र 'नेपाली अधिख्यान : स्वरूप र सम्भावना' शीर्षकका समालोचना सैद्धान्तिक रहेका छन् । 'समसामयिक नेपाली उपन्यासमा प्रयुक्त विषय' 'समसामयिक नेपाली निबन्धको प्रभेदगत सर्वेक्षण', 'नेपाली गजलको अवस्था र सम्भावना' र 'समसामयिक नाटकका प्रवृतिहरू' शीर्षकका समालोचना नेपाली साहित्यको समसामयिकतासँग सम्बन्धित रहेका छन् । 'दाँते र विकल : कहिले हुन्छ सागरले सगरमाथा ? शीर्षकको समालोचना तुलनात्मक रहेको छ । नेत्र एटमको प्रस्तुत समालोचनात्मक कृतिलाई यस शोधमा समालोचना तत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

## ४.५ बुनू लामिछाने र उनको 'सुलोचना महाकाव्यको विश्लेषण'

दाङ जिल्लाको तुलसीपुर नगरपालिका-६, गोलौरामा वि.सं. २०३१ साल भाद्र कृष्णअष्टमीको दिन बुनू लामिछानेको जन्म भएको हो । नेपाली र संस्कृति विषयमा स्नातकोत्तर गरेकी लामिछाने नेपाली साहित्यको काव्य र समालोचना विधामा कलम चलाइरहेकी छन् । नेपाली कविताका क्षेत्रमा फुटकर कवितादेखि महाकाव्यसम्मको सफल यात्रा गरेकी लामिछानेका **'विहानीका पाइलाहरू'** (कविता सङ्ग्रह, २०५८), **याचना** (महाकाव्य, २०६०) र **विद्रोही इन्द्रकुमारी** (महाकाव्य, २०६०) प्रकाशित छन् । लामिछाने समालोचनाका क्षेत्रमा भने वि.सं. २०५७ सालको **'मिमिरे'**मा प्रकाशित 'नेपाली महाकाव्यको उत्कर्षकालका रूपमा देवकोटा युगको योगदान' शीर्षकको समालोचनात्मक लेखबाट भएको पाइन्छ । समालोचनात्मक कृतिको रूपमा वि.सं. २०५८ सालमा **'सुलोचना महाकाव्यको विश्लेषण'** प्रकाशित भएको छ । प्रस्तुत कृति नै लामिछानेको हालसम्मको एकमात्र समालोचनात्मक कृति रहेको छ ।

विभिन्न साहित्यिक संघ संस्थामा संलग्न रहेकी बुनू लामिछाने हरिकला गुणाकर दायित्व रचना पुरस्कार-२०५७, गुञ्जन नवप्रतिभा पुरस्कार-२०६१, राष्ट्रिय सम्मान-२०६२, युवावर्ष मोती पुरस्कार-२०६५, मानचित्र सम्मान-२०६६ जस्ता पुरस्कार तथा सम्मानबाट विभूषित भइसकेकी छिन् । प्रस्तुत शोधमा लामिछानेको **'सुलोचना महाकाव्यको विश्लेषण'** (२०५८) नामक कृतिको अध्ययन गरिएको छ ।

### ४.५.१ सुलोचना महाकाव्यको विश्लेषण

समालोचक बुनू लामिछानेको **सुलोचना महाकाव्यको विश्लेषण** (२०५८) हालसम्म प्रकाशित एकमात्र समालोचनात्मक कृति हो । यसमा महाकवि लक्ष्मी प्रसाद देवकोटाद्वारा लिखित **सुलोचना** महाकाव्यको कृतिपरक अध्ययन/विश्लेषण गरिएको छ । एउटा कृतिमा मात्र केन्द्रित भएकाले प्रस्तुत समालोचना कृतिपरक रहेको छ । लामिछानेको प्रस्तुत समालोचनात्मक कृतिको परिच्छेद एकमा महाकाव्यको सैद्धान्तिक परिचय, दुईमा महाकाव्यका तत्त्वहरू, तीनमा नेपाली महाकाव्यको विकासक्रम, चारमा विभिन्न कोणबाट सुलोचना महाकाव्यको विश्लेषण, पाँचमा सुलोचना महाकाव्यको मूल्याङ्कन र छ मा उपसंहार रहेका छन् । प्रस्तुत शोधमा यस कृतिलाई समालोचनाका तत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

## ४.६ टीकाराम उदासी र उनको 'गजल सिद्धान्त र नेपाली गजलको इतिहास'

साहित्य समालोचनामा टीकाराम उदासीका नामले परिचित टीकाराम बुढा पिता धर्मजित बुढा र माता सुना बुढाको छोराको रूपमा वि.सं. २०३० पौष १५ गते रोल्पा जिल्लाको गर्पा भन्ने ठाउँमा जन्मिएका हुन् । वि.सं. २०३८ सालदेखि सौडियार-१ अधरा, दाङमा उदासीको स्थायी बसोबासका रूपमा बसाईसराई गरेका छन् । पत्रकारिता र प्राध्यापनलाई आफ्नो पेशा बनाएका उदासीले नेपालीमा एम.ए., बि.एड. र राजनीतिशास्त्रमा एम.ए. उत्तीर्ण गरेका छन् । हाल नेपाली गजलमा त्रि.वि. बाट विद्यावारिधि उपाधिका लागि अनुसन्धानरत छन् । हालसम्म दुईओटा कवितासङ्ग्रह, दुईओटा गजलसङ्ग्रह, एउटा हाइकु सङ्ग्रह र एउटा समालोचना **'गजल सिद्धान्त र नेपाली गजलको इतिहास'** (२०५९) गरी छ ओटा कृति उदासीले प्रकाशन गरिसकेका छन् ।

विभिन्न साहित्यिक गतिविधिमा संलग्न भइरहने टीकाराम उदासीले झण्डै एक दर्जन साहित्यिक पत्रपत्रिकाको सम्पादन गरिसकेका छन् । प्रारम्भमा गजल, कविता, गीत, समालोचना, निबन्ध आदिलाई एकैसाथ अघि बढाए पनि गजल र समालोचना विधामा उनको विशेष चर्चा भएको पाइन्छ । घनश्याम साहित्य पुरस्कार (२०५०), गोविन्द चिस स्मृति पुरस्कार-२०६२ बाट समेत उदासी सम्मानित र पुरस्कृत भइसकेका छन् । उदासीको प्रस्तुत शोधमा **'गजल सिद्धान्त र नेपाली गजलको इतिहास'** समालोचना कृतिको अध्ययन गरिएको छ ।

### ४.६.१ गजल सिद्धान्त र नेपाली गजलको इतिहास

**गजल सिद्धान्त र नेपाली गजलको इतिहास** टीकाराम उदासीको वि.सं. २०५९ सालमा प्रकाशित समालोचनात्मक कृति हो । यसभित्र गजलको सिद्धान्त, नेपाली गजलको पृष्ठभूमि र

प्रारम्भ, नेपाली गजलको विकास, समकालीन नेपाली गजलप्रवृत्तिको विश्लेषण र मूल्याङ्कन जस्ता शीर्षकहरूबाट नेपाली गजलको अध्ययन विश्लेषण गरिएको छ । प्रस्तुत समालोचनात्मक कृतिमा उदासीले गजलको सैद्धान्तिक ज्ञान तथा नेपालमा गजल परम्पराको इतिहास एवम् नेपाली गजलका प्रवृत्तिहरूको समेत निरूपण गरेका छन् । यसले गर्दा उदासीको प्रस्तुत कृति नेपाली गजलको एक आधिकारिक ग्रन्थ बनेको पाइन्छ । प्रस्तुत कृतिलाई यस शोधमा समालोचना तत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

## ४.७ डा. गोविन्द आचार्य र उनका समालोचना कृति

डा. गोविन्द आचार्यको जन्म पिता स्व. पद्मप्रसाद उपाध्याय र माता स्व. रूपमा आचार्यको कोखबाट घोराही नगरपालिका हरिद्वारमा वि.सं. २०२१ सालमा भएको हो । हाल लक्ष्मीपुर-५ मा आचार्यको स्थायी बसोबास रहेको छ । नेपालीमा एम.ए. गरेका आचार्यले वि.सं. २०६१ सालमा **'राप्ती अञ्चलका लोकगीतको विश्लेषण'** शीर्षकमा त्रि.वि. बाट नेपालमा पहिलो पल्ट लोकगीतको क्षेत्रमा विधावारिधि (पि. एच.डी.) को उपाधि प्राप्त गरेका छन् । डा. आचार्यका थुप्रै फुटकर समालोचनाका अतिरिक्त **लोकगीतको विश्लेषण** (२०६२), **राप्ती लोकसाहित्य** (२०६३) र **साहित्य सिद्धान्त** (२०६५) समालोचनात्मक कृति प्रकाशित भइसकेका छन् । यसका अतिरिक्त डा. आचार्यका तीनओटा गीतसङग्रह, दुईओटा खण्डकाव्य र एउटा कविता सङ्ग्रह प्रकाशित छन् । डा. आचार्यले झण्डै आधा दर्जन पत्रिकाको सम्पादन समेत गरिसकेका छन् ।

डा. आचार्यले तीनसय जति लोकगीत, आधुनिक गीत र स्वदेश गीत आफ्नो स्वरमा रेकर्ड गराइसकेका छन् । यसका साथै आचार्यले पाँचदर्जन भन्दा बढी गीतहरूमा संगीत सृजना समेत गरेका छन् । महेन्द्र विधाभूषण 'क' स्वर्णपदक (२०६२) र साझा लोक साहित्य पुरस्कार (२०६२) प्राप्त गरिसकेका डा. आचार्यले थुप्रै स्थानीय पुरस्कार र सम्मान समेत पाएका छन् । **भानुभक्तीय रामायण** श्रव्य क्यासेटमा सर्वाधिक गायकका रूपमा परिचित डा. आचार्य मूलतः लोक साहित्यसँग सम्बन्धित समालोचकका रूपमा परिचित छन् । हाल महेन्द्र बहुमुखी क्याम्पस दाङमा प्राध्यापनरत् आचार्यका **लोकगीतको विश्लेषण, राप्ती लोकसाहित्य** र **साहित्य सिद्धान्त** समालोचनात्मक कृतिहरू प्रस्तुत शोधमा अध्ययन गरिएको छ ।

### ४.७.१ लोकगीतको विश्लेषण

समालोचक डा. गोविन्द आचार्यको पहिलो समालोचनात्मक कृतिको रूपमा '**लोकगीतको विश्लेषण**' वि.सं. २०६२ मा प्रकाशित भएको हो । राप्ती अञ्चलका लोकगीतको विश्लेषण शीर्षकमा तयार गरिएको विधावारिधि शोधग्रन्थमा आधारित भएर प्रस्तुत कृति तयार पारिएको छ । यसमा डा. आचार्यले विभिन्न आयामबाट राप्ती अञ्चलका लोकगीतको विश्लेषण गरेका छन् । प्रस्तुत कृतिको पहिलो अध्यायमा लोकगीतको सैद्धान्तिक आधार, दोस्रो अध्यायमा राप्ती अञ्चलका लोकगीतको परिचय, तेस्रो अध्यायमा भाषिक स्वरूप, चौथो अध्यायमा काव्यतत्त्व, पाँचौ अध्यायमा सङ्गीतात्मकता, र छन्दयोजना, छैंठौ अध्यायमा लोकविश्वास, सातौं अध्यायमा सामाजिक साँस्कृतिक पक्ष, अध्याय आठमा लोकगीतको सन्देश र अध्याय नौं मा निष्कर्ष खण्ड रहेका छन् । अन्तमा तीन खण्डमा परिशिष्ट रहेको छ । **लोकगीतको विश्लेषण** समालोचनात्मक कृति राप्ती अञ्चलका लोकगीतको सैद्धान्तिक व्याख्या र विश्लेषणमूलक भएकाले लोकसाहित्यको सैद्धान्तिक कृतिको रूपमा रहेको छ । प्रस्तुत कृतिलाई यस शोधमा समालोचना तत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

### ४.७.२ राप्ती लोकसाहित्य

समालोचक डा. गोविन्द आचार्यको दोस्रो समालोचनात्मक कृतिको रूपमा वि.सं. २०६३ सालमा प्रकाशित **राप्ती लोकसाहित्य** रहेको छ । यसमा डा. आचार्यले राप्ती अञ्चलमा बढी प्रचलित भाषाहरू (नेपाली, थारु, मगर, अवधि) का लोकसाहित्यको अध्ययन प्रस्तुत गरको छन् । चारओटा भाषाको लोकसाहित्यिक लोकगीत, लोककथा, लोकनाटक, उखान-टुक्का, लोकगाथा र गाँउखाने कथालाई प्रस्तुत गरिएको छ । प्रस्तुत ग्रन्थको पहिलो अध्यायमा परिचय, अध्याय दुइमा विवेच्य क्षेत्र र समुदायको परिचय, अध्याय तीनमा पूर्वकार्य समीक्षा, अध्याय चारमा राप्ती क्षेत्रमा प्रचलित लोकसाहित्यका सामाग्रीहरूको परिचय, अध्याय पाँचमा राप्ती अञ्चलको लोकसाहित्यमा पाइने स्थानीयता, अध्याय छ मा निष्कर्ष प्रस्तुत गरेका छन् ।

### ४.७.३. साहित्य सिद्धान्त

समालोचक डा. गोविन्द आचार्यको तेस्रो समालोचनात्मक कृतिको रूपमा **साहित्य सिद्धान्त** वि.सं. २०६५ सालमा प्रकाशित भएको हो । प्रस्तुत कृति सैद्धान्तिक समालोचनात्मक कृति हो । यसमा साहित्यसँग सम्बन्धित सम्पूर्ण पक्षहरू, छन्दप्रयोग र नेपाली वर्णविन्यास समेत समावेश गरिएको छ । सानो आकारको पुस्तकमा समालोचक डा. आचार्यले साहित्यका सम्पूर्ण पक्षलाई समेट्दा व्याख्या विश्लेषण नभई सूत्रात्मक रूपमा प्रस्तुत गरिएको पाइन्छ । प्रस्तुत कृतिको पहिलो अध्यायमा साहित्यको परिचय, दोस्रो अध्यायमा साहित्यिकवादहरू, तेस्रो अध्यायमा साहित्यको

बुँदागत परिचय, चौथो अध्यायमा छन्द ज्ञान र पाँचौ अध्यायमा नेपाली वर्णविन्यास प्रस्तुत गरिएको छ । प्रस्तृत कृतिलाई यस शोधपत्रमा समालोचना तत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

## ४.८. विन्दु शर्मा र उनका समालोचना कृति

दाङ जिल्लाको उरहरी-२, कचिलीमा वि.सं. २०३३ बैशाख १८ गते बिन्दु शर्माको जन्म भएको हो । नेपालमा एम.ए. र बि.एड. उत्तीर्ण गरेकी शर्मा हाल 'नेपाली गीति नाटकका प्रवृत्ति' शीर्षकमा त्रि.वि. मा विद्यावारिधिका लागि अनुसन्धारत छिन् । कविता, गीत, गजल, संस्मरण र समालोचना विधामा कलम चलाएकी शर्मा विशेषतः गजल र समालोचनाका क्षेत्रमा परिचित छन् । वि.सं. २०५७ साल चैत्रको **तन्नेरी** पत्रिकामा 'परिष्कृत सौन्दर्यचेतनाका गीतकार कृष्णहरि बराल' शीर्षकको समालोचनात्मक लेखबाट नेपाली समालोचनामा बिन्दु शर्माको प्रवेश भएको पाइन्छ । हालसम्म उनका **'गीति नाट्य परम्परामा राष्ट्रकवि घिमिरे'** (२०६२) र **'आधारभूत नेपाली समालोचना'** (२०६५) प्रकाशित भएका छन् । प्रस्तुत कृतिहरूलाई यस शोधमा अध्ययन गरिएको छ ।

### ४.८.१ गीतिनाट्य परम्परामा राष्ट्रकवि घिमिरे

**'गीतिनाट्य परम्परामा राष्ट्रकवि घिमिरे'** बिन्दु शर्माको वि.सं. २०६२ सालमा प्रकाशित पहिलो समालोचनात्मक कृति हो । प्रस्तुत कृति पाँच परिच्छेदमा विभक्त छ । पछिल्लो परिच्छेदमा माधव घिमिरेको साहित्यिक रचना धर्मिता, दोस्रो परिच्छेदमा गीति नाटकको सैद्धान्तिक स्वरूप, तेस्रो परिच्छेदमा माधव घिमिरेका गीतिनाटकका कृतिपरक विश्लेषण, पाँचौ परिच्छेदमा नेपाली गीतिनाटकको विकासक्रममा माधव घिमिरेको स्थान रहेका छन् । प्रस्तुत कृतिमा शर्माले गीतिनाटकका तत्त्वका आधारमा माधव घिमिरेका 'शकुन्तला', 'मालती मङ्गले', 'विषकन्या', 'अश्वथामा', 'हिमालवारी', 'हिमालपारी', 'देउकी' र 'बालकुमारी' गरी सातओटा गीति नाटक कृतिको विश्लेषण गरेकी छन् । प्रस्तुत कृतिलाई यस शोधमा समालोचना तत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

### ४.८.२ आधारभूत नेपाली समालोचना

**'आधारभूत नेपाली समालोचना'** बिन्दु शर्माको वि.सं. २०६५ सालमा प्रकाशित समालोचना सङ्ग्रह हो । यसमा शर्माका एघारओटा समालोचनात्मक लेखहरू समावेश गरिएका छन् । जसमध्ये

चारओटा उपन्यास विधा, दुईओटा कथा, दुईओटा काव्य, दुईओटा नाटक र एउटा निबन्ध बिधासँग सम्बन्धित कृतिहरूका विश्लेषण रहेका छन् । प्रस्तुत समालोचनात्मक कृतिमा रहेका मध्ये 'आधुनिक नेपाली कविताका धारागत प्रबृत्तिहरू' शीर्षकको समालोचना ऐतिहासिक समालोचनासँग सम्बन्धित छ । अन्य सबै समालोचनाहरू भने कृतिसँग सम्बन्धित भएकाले प्रायोगिक समालोचना रहेका छन् । प्रस्तुत समालोचना सङ्ग्रहमा रहेका समालोचनाहरूलाई यस शोधमा समालोचनाका तत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

## ४.९ केशव सुवेदी र उनका समालोचनात्मक कृति

केशव सुवेदी वि.सं. २००९ सालमा सल्यान जिल्लाको जसपुरमा जन्मिएर विगत लामो समय देखि दाङ, श्रीगाउँ-४ थपगाँउमा स्थायी बसोबास गर्दै आएका छन् । सुवेदी हाल त्रिभुवन विश्वविद्यालयको प्राध्यापक पदमा रही नेपाली केन्द्रीय विभागमा प्राध्यापनरत् छन् । नेपालीमा एम.ए. सम्मको औपचारिक शिक्षा लिएका सुवेदीले **साझा नेपाली कविता** भाग १, २ र ४ को र **मध्यपश्चिमाञ्चलका कविता**को सहलेखन/सम्पादन गरिसकेका छन् । साहित्यिक विधामा खासै कलम नचलाएका सुवेदी एक कुशल समालोचकका रूपमा परिचित छन् । यिनका फुटकर समालोचनाहरू **त्रि. वि. जर्नल, पाठ्यक्रम विकास**, **वाङ्मय, मधुपर्क, तन्नेरी, रजनी, सुनकोसी, गरिमा** लगायतका विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका पाइन्छन् । यिनको समालोचनात्मक कृतिका रूपमा **'रापतीको साहित्यिक रूपरेखा'** (२०६५) र **'परिधीय परिक्रमा'** (२०६५) प्रकाशित छन् ।

नेपाली बाङ्मयका विभिन्न विधाका एक दर्जनभन्दा बढी कृतिहरूको सम्पादन गरिसकेका सुवेदी विभिन्न साहित्यिक संस्थासँग आवद्ध छन् । नेपाल सरकारको शिक्षा पुरस्कार र त्रिमूर्ति सम्मान प्राप्त गरिसकेका सुवेदी हालसम्म पनि यस क्षेत्रमा क्रियाशील रहेका छन् । प्रस्तुत शोधमा समालोचक सुवेदीका **'रापतीको साहित्यिक रूपरेखा'** र **'परिधीय परिक्रमा'** समलोचनात्मक कृतिका अध्ययन गरिएको छ ।

### ४.९.१ रापतीको साहित्यिक रूपरेखा

समालोचनक केशव सुवेदीको **'रापतीको साहित्यिक रूपरेखा'** वि. सं. २०६५ सालमा प्रकाशित राप्ती अञ्चलको साहित्यिक ऐतिहासिक कृति हो । राप्तीको समृद्ध लोकसाहित्यिक परम्परा र त्यसका पृष्ठभुमिमा विकसिक हुँदै आएका लेख्य साहित्यिक गतिविधिहरूका बारेमा यसमा प्रकाश

पारिएको छ । यसमा सुवेदीले राप्ती अञ्चलको लोकसाहित्य परम्परा देखि लेख्य साहित्यिक परम्पराको उठान, विकास र हालको अवस्थाको समेत चर्चा गरेका छन् । राप्ती अञ्चलका पाँचओटा जिल्ला (दाङ, सल्यान, प्युठान, रोल्पा र रुकुम) का साहित्यिक गतिविधिहरूलाई छुट्टाछुट्टै चर्चा गरिएको छ । यसका साथै सुवेदीले राप्ती अञ्चलको साहित्यिक योगदानलाई समेत चर्चा गरेका छन् । परिशिष्ट खण्डमा सुवेदीले राप्ती अञ्चलका साहित्यकारहरूका वर्णानुक्रमिक सङ्क्षिप्त जीवनवृत र राप्ती अञ्चलको भाषा साहित्यमा गरिएका शोधकार्यहरूको विवरण प्रस्तुत गरेका छन् । प्रस्तुत कृतिलाई यस शोधमा समालोचनाका तत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

### ४.९.२ परिधीय परिक्रमा

**परिधीय परिक्रमा** समालोचक केशव सुवेदीको पछिल्लो समालोचनात्मक कृतिको रूपमा वि. सं. २०६५ सालमा प्रकाशित भएको हो । यसमा सुवेदीका वि. सं. २०६० पूर्व लेखेका विभिन्न विधाका एघारओटा समालोचनात्मक लेखहरूलाई सङ्ग्रह गरिएको छ । यसमा सङ्ग्रहीत समालोचनाहरू मध्ये काव्य विधाका तीनओटा, कथा विधाका दुईओटा र निबन्ध विधाका दुईओटा रहेका छन् । यसकाअतिरिक्त 'डा. सूर्यप्रसाद उपन्यासमा कमल दीक्षितको सम्पादन भूमिका', 'साहित्यिक पत्रिका सम्पादनमा कृष्णप्रसाद पराजुलीको योगदान' र 'श्रीप्रसाद उपाध्यायको अनूदित काव्य छायाँ मेधदूत' शीर्षकका समालोचनाहरू क्रमश : सम्पादन-भूमिका, पत्रिका सम्पादन र अनुवाद साहित्य विषयसँग सम्बन्धित छन् । प्रस्तुत समालोचनात्मक कृतिभित्र रहेका समालोचनाहरूलाई यस शोधमा समालोचना तत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

## ४.१० प्रेम प्रसाद राजभण्डारी र उनको प्रगतिवादी साहित्यमा नेत्रलाल पौडेल 'अभागी'

समालोचक प्रेमप्रसाद राजभण्डारीको जन्म पिता कृष्णबहादुर राजभण्डारी र माता दिलसरी राजभण्डारीको कोखबाट वि.सं. २०२६ भदौ २६ गते दाङको हापुर-२ मा भएको हो । राजभण्डारीले नेपालीमा एम.ए. र वि.एड. सम्मको औपचारिक शिक्षा हासिल गरेका छन् । यिनले **नेपाली पाक्षिक** ( १९९४-९६), **हापुर गा.वि.स. को स्मारिका** (२०५५/५६) र **दङाली सन्देश** (२०६४) सम्पादन गरिसकेका छन् । यसैगरी राजभण्डारीले **राजनीतिक महिला व्यक्तित्त्वहरू** (२०६५) को सहलेखन समेत गरेका छन् । गजल, कविता, कथा, निबन्ध, र समालोचना जस्ता विधामा फुटकर रूपमा कलम चलाइरहेका राजभण्डारका फुटकर रचना **तन्नेरी, कुञ्जिनी, युगवोध** जस्ता पत्रिकामा पाइन्छन् । हाल अमेरिकामा रहेका राजभण्डारीको समालोचनात्मक कृति **प्रगतिवादी साहित्यमा**

**नेत्रलाल पौडेल 'अभागी'** वि.सं. २०६५ सालमा प्रकाशित भएको हो । प्रस्तुत कृतिलाई यस शोधमा अध्ययन गरिएको छ ।

### ४.१०.१ प्रगतिवादी साहित्यमा नेत्रलाल पौडेल 'अभागी'

समालोचक प्रेमप्रसाद राजभण्डारीको प्रस्तुत समालोचनात्मक कृति वि.सं. २००१ सालमा दाङमा जन्मेका प्रगतिवादी साहित्यकार नेत्रलाल पौडेल 'अभागी'को जीवनी, व्यक्तित्व र कृतित्त्वसँग सम्बन्धित छ । यसमा पौडेलका **'सतिसाल मात्र ढिङ्ग उभिन सक्छ'** (२०४२) र **'वर्ग प्रेम'** (२०६२) कवितासङ्ग्रह, **'नर्कको कथा'** खण्डकाव्य र अन्य फुटकर रचनाहरूको अध्ययन विश्लेषण गरिएको छ । प्रस्तुत शोधमा यस कृतिलाई समालोचना तत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

## ४.११ प्रेमलाल भण्डारी र उनको दाङका गजल र गजलकारहरू

पिता स्व. धनीराम भण्डारी र माता हिमादेवी भण्डारीको कोखबाट वि.सं. २०३८ साल माघ ३ गते दाङको रामपुर-४ मा प्रेमलाल भण्डारीको जन्म भएको हो । भण्डारीले नेपालीमा एम.ए. र बि.एड. सम्मको औपचारिक शिक्षा हासिल गरेका छन् । हाल बर्दिया बहुमुखी क्याम्पसमा प्राध्यापनरत भण्डारीका फुटकर साहित्यिक रचना **कुञ्जिनी** र दाङका अन्य स्थानीय पत्रिकामा छरिएका पाइन्छन् । भण्डारीको समालोचनात्मक कृतिको रुपमा **दाङका गजल र गजलकारहरू** वि.सं. २०६६ सालमा प्रकाशित छ । यस समालोचकनात्मक कृतिलाई नै प्रस्तुत शोधमा विश्लेषण गरिएको छ ।

### ४.११.१. दाङका गजल र गजलकारहरू

प्रेमलाल भण्डारीको प्रस्तुत **दाङका गजल र गजलकारहरू** वि.सं. २०६६ सालमा प्रकाशित अनुसन्धनात्मक समालोचनात्मक कृति हो । यसमा भण्डारीले दाङमा गजलको आरम्भ र विकासका बारेमा चर्चा गरेका छन् । यसैगरी दाङका स्रोहजना गजलकारहरूका गजलसङ्ग्रहलाई विश्लेषण गरेका छन् । प्रस्तुत कृति तीन परिच्छेदमा संरचित छ । परिच्छेद एकमा दाङको साहित्यिक पृष्ठभूमिमा गजल परम्परा, परिच्छेद दुईमा दाङका गजलकार र तिनका गजलकृतिको विश्लेषण र परिच्छेद तीनमा निष्कर्ष र उपसंहार रहेको छ । समालोचक भण्डारीको प्रस्तुत कृतिलाई यस शोधमा समालोचना तत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

## ४.१२ गिरिराज शर्मा र उनको 'केही कृति समीक्षा र विविध'

पिता तिलकराम उपाध्याय र माता चित्रकुमारी देवीको कोखबाट वि.सं. १९९६ जेठमा दाङ घोराही नगरपालिका-६ मसिनामा गिरिराज शर्माको जन्म भएको हो । प्रवेशिका सम्मको अनौपचारिक शिक्षा प्राप्त गरेका र लामो समय अध्यापन गरी हाल अवकाश प्राप्त शर्मा दाङका क्रियाशील पुराना साहित्यकारका रूपमा परिचित छन् । शर्माका **'दाउरेनी'** (२०४९, खण्डकाव्य) **'आचार विचार'** (२०५८, बाललघुकथा) र **'बुढा जोर सिमलका रुखहरू'** (२०६३, कवितासङ्ग्रह) प्रकाशित साहित्यिक कृति हुन् । समालोचनात्मक कृतिको रूपमा शर्माको 'केही कृति समीक्षा र विविध' वि.सं. २०६६ सालमा प्रकाशित भएको देखिन्छ । करिब आधा दर्जन स्थानीय पुरस्कार तथा सम्मानबाट सम्मानित शर्माले थुप्रै पत्रिकाहरू सम्पादन गरिसकेका छन् । प्रस्तुत शोधमा शर्माको **'केही कृति समीक्षा र विविध'** कृतिको विश्लेषण गरिएको छ ।

### ४.१२.१ केही कृति समीक्षा र विविध

गिरिराज शर्माको प्रस्तुत **'केही कृति समीक्षा र विविध'** वि.सं. २०६६ सालमा प्रकाशित समीक्षात्मक लेखहरूको सङ्ग्रह हो । यसमा शर्माका वि.सं. २०५७ सालदेखि वि.सं. २०६६ सालसम्म **युगबोध**, **गाउँघर** र **गणतन्त्र** पत्रिकामा प्रकाशित कृति समीक्षात्मक लेखहरू र परिशिष्ट खण्डमा संस्मरणात्मक निबन्धहरू समावेश गरिएका छन् । यसमा आठओटा कविता सङ्ग्रह, एउटा बाल पत्रिका, एउटा बालगीत/कविता सङ्ग्रह, नौओटा पत्रिका, एउटा खण्डकाव्य, एउटा शोककाव्य, एउटा दार्शनिक पुस्तक र एउटा वंशावलीसँग सम्बन्धित कृतिको गरी अठ्ठाइसओटा समीक्षात्मक लेखहरू रहेका छन् । प्रस्तुत कृतिलाई यस शोधमा समालोचना तत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

## ४.१३ अमर गिरी र उनको समय, समाज र संस्कृति

अमर गिरीको जन्म दाङ जिल्लाको रामपुर गा.वि.स. अन्तर्गत निमुरियामा वि.स. २०१७ भाद्र २७ गते भएको हो । लेखन र प्राध्यापनलाई आफ्नो पेशा बनाएका गिरीले नेपालीमा एम.ए. र वि. एड. सम्मको औपचारिक शिक्षा हासिल गरेको छन् । हाल समकालीन प्रगतिवादी कवितामा वर्गद्धन्द्वको अभिव्यक्ति शीर्षकमा त्रि.वि. बाट विद्यावारिधि उपाधिका निम्ति अनुन्धानरत छन् । हालसम्म यिनको घाम छेक्ने पहाड, तर पनि हामी जीवित छौं र दुःसाध्य समय गरी तीनओटा कवितासङ्ग्रह प्रकाशित भइसकेका छन् । यिनको समालोचना लेखनको आरम्भ वि.स. २०५० सालतिरबाट भएको पाइन्छ । हाल यिनको समय, समाज र संस्कृति (२०६७) समालोचनात्मक कृति प्रकाशित भएको छ ।

विभिन्न साहित्यिक गतिविधिमा संलग्न भइरहने गिरीले विभिन्न पत्र पत्रिकाको सम्पादन गरिसकेका छन् । यिनको विशेष चर्चा कविता र समालोचनाका क्षेत्रमा पाइन्छ । राष्ट्रिय प्रतिभा पुरस्कार प्राप्त गरिसकेका गिरी विभिन्न सङ्घ संस्थाबाट पनि सम्मानित छन् । प्रस्तुत शोधमा गिरीको समय, समाज र संस्कृति कृतिको विश्लेषण गरिएको छ ।

४.१.३.१. समय, समाज र संस्कृति

अमर गिरीको समय, समाज र संस्कृति (२०६७) हालसम्म प्रकाशित एकमात्र समालोचना कृति हो । प्रस्तुत कृतिमा साहित्य, समाज र संस्कृति विषयका छब्बीस ओटा लेखहरू रहेका छन् । जसमध्ये सबैभन्दा बढी संस्कृतिसँग सम्बधित बाह्रओटा र कम साहित्यसँग सम्बन्धित चारओटा छन् । समाजसँग सम्बन्धित दसओटा लेखहरू यस कृतिभित्र पाइन्छन् । यसप्रकार प्रस्तुत कृतिमा साहित्य, समाज र संस्कृति विषयमा चर्चा गरिएका समीक्षत्मक लेखहरू रहेका छन् । प्रस्तुत कृतिलाई यस शोधमा समालोचना तत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

## ४.१४ निष्कर्ष

दाङ जिल्लाको नेपाली समालोचनामा हालसम्म एघारओटा समालोचकका सत्रओटा कृति प्रकाशित भएका छन् । यी कृतिहरूमा लोकसाहित्य, गजल, गीतिनाटक, महाकाव्य, साहित्यिक इतिहास, जीवनी जस्ता विषयवस्तुहरूले प्रमुखता पाएको देखिन्छ । सङ्ग्रहका रूपमा देखा परेका चारओटा कृतिहरूमा पनि विविध विषयका सैद्धान्तिक र प्रायोगिक समालोचनाहरू पाइन्छन् । दाङका समालोचना कृतिहरूमा गरिएको समालोचनाका क्षेत्र नेपाली साहित्यसँग सम्बन्धित बढी छन् । केही समालोचनाहरू पाश्चात्य साहित्य सिद्धान्तसँग सम्बन्धित छन् । तर पूर्वीय साहित्य सिद्धान्तसँग सम्बन्धित समालोचना प्रस्तुत कृतिहरूमा पाइएको छैन ।

*परिच्छेद छ*

# दाङका समालोचनाको विश्लेषण

## ६.१ विषय प्रवेश

दाङ जिल्लाका समालोचकका विभिन्न कृति प्रकाशन भएका छन् । वि.सं. २०५८ सालदेखि हालसम्म गरेर विभिन्न दङाली समालोचकका सत्रओटा समालोचनात्मक कृति प्रकाशन भइसकेका छन् । यस परिच्छेदमा दङाली समालोचकका कृतिहरूलाई पाश्चात्य समालोचनामा देखा परेका केन्द्रक र समालोचना तत्त्वका आधारमा विश्लेषण गरिएको छ । यसरी अध्ययन गर्दा पहिले समालोचनाका केन्द्रक र तत्त्वका सैद्धान्तिक आधार प्रस्तुत गरिएको छ ।

## ६.२ समालोचनाका केन्द्रक

केन्द्रक भन्नाले आधार बिन्दुलाई बुझिन्छ । अध्ययनको खास बिन्दुलाई आधार मानेर विकसित भएका सिद्धान्त तथा समालोचना पद्धतिका रूपमा बुझ्ने गरिन्छ । समालोचना वस्तुनिष्ठ र व्यावहारिक विधा भएकाले यस अध्ययन पद्धतिमा निश्चित केन्द्रक रहेका हुन्छन् ।

पाश्चात्य समालोचना पद्धतिमा देखा परेका केन्द्रक सम्बन्धमा एटम (२०६१:२१६) ले अमेरिकाली सिकागो मण्डलीका सदस्य रिचार्ड मेकिअनले **फिलोसो फिकल सिम्यान्टिक्स** भन्ने पुस्तकमा समालोचनाका चार केन्द्रक सम्बन्धी अवधारणा सबैभन्दा अगाडि ल्याएका हुन् उक्त अवधारणालाई केही संशोधनका साथ सरल ढङ्गले प्रस्तुत गर्ने काम समालोचक एम.एच. अब्राहम्सले गरेको पाईन्छ । यसै कुरालाई सङ्क्षिप्त रूपमा त्रिपाठी (२०६६:५६) ले पाश्चात्य साहित्यिक प्रायोगिक समालोचना र सैद्धान्तिकीकरणको समुच्चा यात्रा र त्यसका प्राप्तिलाई समेट्ने गरी साहित्यिक अध्ययनका चार मुख्य केन्द्रक वा दृष्टिबिन्दुहरू निर्धारित भएको पाइन्छ भनेर उल्लेख गरेका छन् । यसरी विकास भएको केन्द्रकमा विश्वमा प्रचलित साहित्यिक समालोचनामा प्रचलित मान्यताहरूलाई कृति, लेखक, भावक र विश्वप्रकृति गरी चारओटा प्रकारहरू रहेका पाइन्छन् ।

पाश्चात्य साहित्य समालोचनाको पूर्ण विकास भइसकेपछि त्यसको अध्ययन अनुसन्धानमा सरल र सहजताका लागि केन्द्रकको अवधारणा ल्याएको देखिन्छ । यस अन्तर्गत पाश्चात्य साहित्य समालोचनाका पद्धति, वाद वा सिद्धान्त सबैलाई चारओटा केन्द्रकमा समेटी अध्ययन गरिन्छ ।

### ६.२.१ अनुकृतिमूलक केन्द्रक

पाश्चात्य साहित्य सिद्धान्त र समालोचना पद्धतिका चार केन्द्रकमध्ये सबैभन्दा पुरानो केन्द्रकका रूपमा अनुकृतिमूलकलाई लिइन्छ । यस केन्द्रकले कृतिको संरचना बाहेकका अन्य पक्षलाई अध्ययन गर्दछ । त्रिपाठी (२०६६:५६) ले यस अन्तर्गत प्रकृति, जीवन, समाज र इतिहास तथा यिनका विभिन्न पक्षको प्रतिबिम्बन साहित्यिक कृतिमा कसरी र के कति मात्रामा उपलब्ध हुन्छ भन्ने दृष्टिकोणले मुख्य भूमिका खेलेको हुन्छ भनेर उल्लेख गरेका छन् । यस केन्द्रकमा जीवन र जगत्को यथार्थ पक्ष कृतिमा छ छैन भनेर अध्ययन गर्ने गरिन्छ । यसै कुरालाई एटम (२०६१:२१७) ले यसमा कृतिको संरचना पक्षको त्यति वास्ता हुँदैन बरु कृति बाहिरको सामाजिक हस्तक्षेपले विश्लेषणमा महत्त्वपूर्ण काम गरेको हुन्छ भनेर उल्लेख गरेका छन् । अनुकृतिमूलक पद्धति अन्तर्गत प्लेटोको आदर्श र नैतिकताको धारणा, एरिस्टोटलको अनुकरण सिद्धान्त, नवपरिष्कारवादी, मार्क्सवादी, यथार्थवादी, समाजपरक समालोचना, साँस्कृतिक, नीतिपरक, नारीवादी, जनजातिवादी, राजनीतिक आदि समालोचनाहरू पर्दछन् ।

अनुकृतिमूलक समालोचना पद्धति अन्तर्गत विश्वप्रकृति अर्थात् जीव, जगत् र कृतिका बीचको सम्बन्धलाई अध्ययन गर्ने महत्त्वपूर्ण साहित्य सिद्धान्त र समालोचना पद्धतिलाई समेट्न सकिन्छ । कृतिमा व्यक्त जीवन जगत्का बारेमा अध्ययन गर्नु, कृतिको वस्तुतामा जोड दिएर स्रष्टाको व्यक्तित्वको प्रवेश अस्वीकार गर्नु, कृतिमा जीवन जगत्का बाह्य र आन्तरिक पक्षको प्रतिनिधित्व हुन्छ भन्ने धारणा राख्नु यस केन्द्रकका विशेषताहरू रहेका छन् ।

दाङ जिल्लाका केही नेपाली समालोचनाहरू केन्द्रकका दृष्टिले अनुकृतिमूलक रहेका छन् । दाङका समालोचनाहरू नारीवादी, समाजपरक, साँस्कृतिक यथार्थवादी, इतिहास जस्ता विषयसँग सम्बन्धित रहेका छन् । यी समालोचनाहरूमा मानवीय जीवन र जगत्का आन्तरिक र बाह्य पक्षको प्रतिनिधित्व गरिएको हुन्छ । त्यसैले यस किसिमका समालोचनाहरूलाई अनुकृतिमूलक केन्द्रकमा राखेर अध्ययन गरिएको छ ।

समालोचक डा. गोविन्द आचार्यका **लोकगीतको विश्लेषण र राप्ती लोक साहित्य** कृतिहरू लोक साहित्यसँग सम्बन्धित छन् । लोक साहित्यमा समाज र संस्कृति मिश्रण भएर प्रस्तुत हुने गर्दछ । यस्तो लोक साहित्यले हाम्रा मनका अनुभूति र समाजका बाह्य पक्षको जीवन्त चित्रण गर्ने गर्दछन् । समालोचक आचार्यका यी कृतिहरू लोक साहित्यसँग सम्बन्धित भएकाले संस्कृतिमूलक रहेका छन् । जसकाकारण यी कृतिहरू समालोचना केन्द्रकमा अनुकृतिमूलक हुन पुगेका पाइन्छन् ।

दाङ जिल्लाका समालोचना कृतिमा नारीवादी समालोचनालाई फुटकर रूपमा प्रस्तुत गरिएको छ । नारीवादी चिन्तनका आधारमा गरिएका समालोचनाहरू अनुकृतिमूलक हुने गर्दछन् । यस किसिमका समालोचना लेख्ने समालोचकमा नेत्र एटम र बिन्दु शर्मा रहेका छन् । एटमको **समालोचनाको स्वरूप**भित्र रहेको 'अनुराधा उपन्यासमा नारीवाद' शीर्षकको समालोचना नारीवादी रहेको छ । यसैगरी बिन्दु शर्माको **आधारभूत नेपाली समालोचना** सङ्ग्रहभित्र रहेका 'कृष्णकी कठपुतली राधा : नारीवादी पठन' र '**नरेन्द्र दाइ** उपन्यासमा प्रर्युक्त पूरक नारीपात्रहरू' शीर्षकका समालोचनाहरू नारीवादी रहेका छन् ।

समालोचक अमर गिरीको समय, समाज र संस्कृति कृतिभित्र रहेका सबै समीक्षा साँस्कृतिक रहेका छन् । यसमा नेपाली समाज र संस्कृतिका विषयवस्तुलाई आधार बनाएर समीक्षा लेखिएको छ । त्यसैले प्रस्तुत कृति साँस्कृतिक समालोचनाको कृति हो भन्न सकिन्छ । साँस्कृतिक समालोचना अनुकृतिमूलक केन्द्रकमा पर्दछ ।

समालोचक नेत्र एटमका समालोचना सङ्ग्रहमा रहेका केही समालोचनाहरू समसामयिक साहित्यसँग सम्बन्धित रहेका छन् । यस्ता समालोचनाहरू यथार्थवादसँग नजिक हुन्छ । नेत्र एटमको **समालोचनाको स्वरूप** सङ्ग्रहभित्र 'समकालीन नेपाली कथा : परिवेश र प्रवृत्ति' र 'समकालीन सन्दर्भमा महाकाव्य र उपन्यास' शीर्षकका समालोचनाहरू यथार्थवादी छन् । यसैगरी एटमकै **नेपाली डायस्पोरा र अन्य समालोचना** सङ्ग्रहभित्र 'समसामयिक नेपाली उपन्यासमा प्रर्युक्त विषय' र 'नेपाली गजलको अवस्था र सम्भावना' शीर्षकका समालोचनाहरू पनि यथार्थवादी रहेका छन् । त्यसैले उल्लेखित समालोचनाहरू अनुकृतिमूलक केन्द्रकमा पर्दछन् ।

दाङ जिल्लाका केही समालोचना कृतिहरू साहित्य इतिहाससँग सम्बन्धित रहेका छन् । ऐतिहासिक समालोचनामा तत्कालिन समाज पनि सँगै जोडिएर आउने गर्दछ । किनभने साहित्यिक

इतिहास समाज सापेक्ष हुने गर्दछ । त्यसैले यस किसिमका ऐतिहासिक समालोचनात्मक कृतिहरू अनुकृतिमूलक केन्द्रकमा पर्दछन् । यस केन्द्रकमा पर्ने समालोचना कृतिहरूमा टीकाराम उदासीको **गजल सिद्धान्त र नेपाली गजलको इतिहास** र केशव सुवेदीको **रापतीको साहित्यिक रूपरेखा** हुन् ।

### ६.२.२ पाठकपरक केन्द्रक

स्रष्टाद्वारा निर्मित साहित्य पाठकद्वारा पठन गरिन्छ । साहित्यले स्रष्टाका मनमा अन्तर्निहित भावनाहरूलाई प्रभाव पार्दछ । यस केन्द्रकमा पाठकको स्थान सर्वोच्च हुने हुनाले उसको कृति बुझाई तथा उसले लिने आनन्दमा नै कृतिको मूल्य निर्भर गर्दछ । भाषाको सिकाइमा पर्ने प्रभाव, उपयोग आदि व्यावहारिक पक्षहरू यसमा समावेश हुन्छन् । एरिस्टोटलको विरेचन सिद्धान्त यसको सबैभन्दा सशक्त समालोचना हो । संस्कृतकाव्य शास्त्रको रस सिद्धान्त यसैभित्र पर्दछ । त्यस्तै सम्प्रेषण, मूल्यसिद्धान्त तथा पाठकीय अनुक्रियापरक, विनिर्माणवाद, बहुअर्थकता एवम् पाठकको उपयोगितामा ध्यान दिने हुनाले आंशिक रूपमा नीतिपरक र मार्क्सवादी समालोचना पनि यसै केन्द्रकभित्र पर्दछन् (एटम, २०६१:२१७) ।

यसमा जीवन, जगत् र स्रष्टालाई उति महत्त्व दिइदैन । पाठकमा साहित्यले पार्ने प्रभावका आधारमा पाठक र कृतिबीचको सम्बन्धलाई अध्ययन गर्ने साहित्य सिद्धान्त तथा समालोचना पद्धतिहरू यस अन्तर्गत पर्दछन् । साहित्यको रागात्मक तथा व्यावहारिक पक्षमा जोड दिनु, साहित्यले पाठकलाई नैतिक शिक्षा दिई प्रभावित पार्नुपर्दछ भन्ने धारणा व्यक्त गर्नु, कृतिले पाठकलाई के कति प्रभाव पार्‍यो त्यसको खोजी गर्नु यसका विशेषताहरू हुन् ।

दाङ जिल्लाका नेपाली समालोचनात्मक कृतिहरूमा पाठकपरक समालोचना असाध्यै कम छन् । समालोचक नेत्र एटमको **समालोचनाको स्वरूप** सङ्ग्रहभित्र रहेको ‘समकालीन नेपाली कवितामा भाषिक विपर्यास’शीर्षकको समालोचना पाठकपरक केन्द्रमा पर्दछ । यसको साथै नेत्र एटमकै **सीमान्त आकाश** भित्रका सबै निर्वाताहरू पाठकपरक प्रभावका आधारमा लेखिएका छन् ।

### ६.२.३ स्रष्टापरक केन्द्रक

यस केन्द्रकमा लेखकको धारणा, जीवनी, मनस्थिति, परिवेश आदिका आधारमा कृतिको विश्लेषण गरिन्छ । यसले स्रष्टाकै मानसिक अनुभूतिले कृति तयार हुन्छ भन्ने कुरा मान्छ । त्यसैले

यसमा भावना वा कल्पनाले बढी स्थान पाउँछ । स्वच्छन्दतावादमा लेखकको कल्पनाको भूमिकालाई सर्वोपरि मानिन्छ । यस अन्तर्गत जीवनीपरक समालोचना, कोचेको अभिव्यञ्जनावाद, कलरिजको कल्पना सिद्धान्त, टी.एस. इलियटको निर्वैयक्तिकताको सिद्धान्त पर्दछन् । फ्रायडको मनोविश्लेषणले गर्दा यस केन्द्रकको भूमिका समालोचनाका क्षेत्रमा निकै बढेको छ (एटम, २०६१:२१७) ।

स्रष्टा र साहित्य बीचको सम्बन्धलाई अध्ययन गर्ने साहित्य सिद्धान्त र समालोचना प्रणाली यस केन्द्रकभित्र पर्दछन् । कृतिमा स्रष्टा मनको अभिव्यक्ति कसरी भएको छ । सो कुराको खोजी गर्नु, भावना र कल्पनामा बढी जोड दिनु, लेखक स्वयम्लाई सिर्जनाको केन्द्र मानी कृतिमा प्रतिविम्बित सर्जक मानिसकताको अध्ययन गर्नु जस्ता विशेषताहरू यस केन्द्रकमा पाइन्छन् ।

दाङ जिल्लाका नेपाली समालोचनाहरूमा स्रष्टापरक समालोचनाहरू पनि देखिएका छन् । यस किसिमका समालोचनाहरू जीवनीपरक, स्रष्टाकेन्द्रित, मनोवैज्ञानिक रहेका छन् । समालोचक प्रेमप्रसाद राजभण्डारीको **प्रगतिवादी साहित्यमा नेत्रलाल पौडेल अभागी** कृति जीवनीपरक समालोचनात्मक कृति हो । यसमा पौडेलको जीवनी, व्यक्तित्व र कृतित्त्वको चर्चा गरिएको छ ।

समालोचक नेत्र एटमका समालोचना सङ्ग्रहमा रहेका केही समालोचनाहरू स्रष्टाकेन्द्रित रहेका छन् । **समालोचनाको स्वरूप**भित्र रहेको 'चेतनाप्रवाह पद्धति र शङ्कर लामिछानेका निबन्ध,' **नेपाली डायस्पोरा र अन्य समालोचनामा** रहेका 'कथामा महाकवि देवकोटाको अग्रगामी सोच,' 'शङ्कर लामिछानेको निबन्धकला' र 'निबन्धकार ह्रदय चन्द्रसिंह प्रधान' शीर्षकका समालोचनाहरू स्रष्टापरक केन्द्रकमा रहेका छन् ।

दाङ जिल्लाका समालोचनाहरूमा मनोवैज्ञानिक समालोचना खासै देखिएका छैनन् । समालोचक विन्दु शर्माको आधारभूत नेपाली समालोचना सङ्ग्रहमा रहेको 'च्यात्तिएको पर्दा नाटकमा पाइने चारित्रिक विशिष्टता' शीर्षकको समालोचना मात्र मनोवैज्ञानिक समालोचना रहेको छ ।

### ६.२.४ कृतिपरक केन्द्रक

यस केन्द्रकमा लेखक, विश्वप्रकृति वा भावकसँग कुनै सम्बन्ध रहदैन । कृतिभित्रको भाषिक संरचना र विषयलाई मात्र विश्लेषण गरिन्छ । यसले 'कला कलाका लागि' सिद्धान्तबाट प्रेरणा ग्रहण गरेको छ । कृति भित्रैबाट कृतिको मूल्य र उद्देश्य खोज्न सकिन्छ भन्ने मान्यता पाइन्छ । कलावादी

समीक्षा, शैलीज्ञान, रूपपरक, संरचनावादी, विनिर्माणवादी जस्ता पाश्चात्य समालोचनाका सिद्धान्तहरू अलङ्कारवाद, ध्वनिवाद, रीतिवाद, गुणवाद आदि यसै वर्गमा पर्दछन् । (एट्म २०६१ : २१८) ।

यसमा स्रष्टा र पाठकलाई अलग राखेर कृतिको विश्लेषणमा केन्द्रित रहने साहित्य सिद्धान्त तथा समालोचना पद्धति पर्दछन् । कृतिको उद्देश्य कृतिभित्रै खोज्ने, लेखक एवंम पाठक निरपेक्ष रूपमा कृतिको अध्ययन गर्ने काम यस अन्तर्गत गरिन्छ ।

दाङ जिल्लाका अधिकांश समालोतनाहरू कृतिपरक केन्द्रक अन्तर्गत रहेका छन् । समालोचक बुनू लामिछानेको **सुलोचना महाकाव्यको विश्लेषण**मा महाकवि लक्ष्मीप्रसाद देवकोटाको **सुलोचना** महाकाव्यको कृतिपरक विश्लेषण गरिएको छ । समालोचक विन्दु शर्माको **गीतिनाटक परम्परमा राष्ट्रकवि घिमिरे**मा माधव घिमिरेका सात ओटा गीतिनाटकहरूको कृतिपरक अध्ययन गरिएको छ । केशव सुवेदीको **परिधीय परिक्रमा**भित्र रहेका सबै समालोचनाहरू कृतिपरक रहेका छन् । गिरिराज शर्माको **केही कृति समीक्षा र विविध**भित्र रहेका सबै समीक्षाहरू पनि कृतिकेन्द्री नै देखिन्छन् । प्रेमलाल भण्डारीको **दाङका गजल र गजलकारहरू** भित्र रहेका सोह्रओटा गजल सङ्ग्रहको विश्लेषण पनि कृतिपरक नै रहेका छन् ।

समालोचक नेत्र एट्मको **समालोचनाको स्वरूप**भित्र रहेका केही समालोचनाहरू कृतिपरक रहेका छन् । यसमा रहेका कृतिपरक समालोचनाहरूमा ‘कथाकारिताका सन्दर्भमा लोग्ने कथाका विभिन्न आयाम,’ ‘ध्रुवचन्द्र गौतमका नाटकमा पाइने प्रयोगको स्वरूप’ र ‘समकालीन नेपाली समालोचनाको रूपरेखा’ शीर्षकका रहेका छन् । एट्मकै **नेपाली डायस्पोरा र अन्य समालोचना**सङ्ग्रह भित्र रहेका केही समालोचनाहरू पनि कृतिपरक रहेका छन् । यस्ता कृतिपरक समालोचनाहरूमा ‘नेपाली डायस्पोरा र यमपुरीको महल,’ ‘मञ्जुलका गीतहरूमा जीवनको लय,’ ‘समसामयिक नेपाली नाटकका प्रकृत्तिहरू’ र ‘समसामयिक नेपाली निबन्धको प्रभेदगत सर्वेक्षण’ शीर्षकका रहेका छन् ।

समालोचक विन्दु शर्माको **आधारभूत नेपाली समालोचना** सङ्ग्रहमा रहेका केही समालोचनाहरू कृतिपरक रहेका छन् । यसमा रहेका ‘पल्पसा क्याफे उपन्यासको भाषा शैलीगत प्रभाव,’ ‘लाभाका वाफहरू कथासङग्रहको वैचारिक पक्ष,’ ‘नेपाली राष्ट्रिय अखण्डताको आधारशिला :

राष्ट्रनिर्माता खण्डकाव्य,' र 'कृतिगत दृष्ट्रिले भक्त भानुभक्त नाटक' शीर्षकका समालोचनाहरू कृतिपरक केन्द्रक अन्तर्गत पर्दछन् ।

## ७.३ समालोचनाका तत्त्वहरू

समालोचना साहित्यिक विधा हो । साहित्यका सबै विधाका आ-आफ्नै मौलिक तत्त्वहरू छन् । यसप्रकार समालोचनाको पनि आफ्नै मौलिक तत्त्वहरू हुनुपर्ने देखिन्छ । तर हालसम्म पनि समालोचनाका तत्त्व भनेर कतै उल्लखे गरिएको पाईदैन । यद्यपि यसका विधागत तत्त्व भने नभएका होइनन् केवल प्रशस्त रूपमा चर्चा भएको पाइदैन ।

एटम (२०६१:२१४) ले समालोचनाका चार प्रकार भनेर व्याख्या विश्लेषण, मूल्य निर्णय, सैद्धान्तिकीकरण र शोधपरकता उल्लेख गरेका छन् । एटमले प्रस्तुत गरेका यिनै प्रकारलाई राजेन्द्र सुवेदीले केही संशोधनका साथ उल्लेख गरेका छन् । सुवेदी (२०६१:४३) ले मूल्य निर्णय, व्याख्या विश्लेषण, सैद्धान्तिकरण, शोधपरकता र समालोचना पद्धति गरेर पाँच प्रकारमा प्रस्तुत गरेका छन् । यसैगरी वासुदेव त्रिपाठीले पनि यिनै चार बुँदाहरूलाई छुट्टै शीर्षक दिएर चर्चा गरेका छन् । त्रिपाठी (२०६६:२०) ले समालोचनात्मक मुख्य अर्थ सन्दर्भ भनेर मूल्य निर्णय, व्याख्या विश्लेषण, सैद्धान्तिकीकरण र शोधपरकता भनेर चर्चा गरेका छन् । यसरी जुनसुकै शीर्षक दिए पनि राजेन्द्र सुवेदीले प्रस्तुत गरेको समालोचना पद्धतिको स्वीकृति बाहेक अन्यमा समानता पाइन्छ । यसप्रकार समालोचनाभित्र मूल्य निर्णय, व्याख्या विश्लेषण, सैद्धान्तिकीकरण र शोधपरकता रहने कुरामा भने सबै सहमत भएको पाइन्छ ।

उपर्युक्त चारओटा बुँदाहरूलाई समालोचकहरूले छुट्टाछुट्टै रूपमा चर्चा गरेपनि उक्त बुँदाहरूलाई वास्तवमा समालोचनाका तत्त्वका रूपमा चर्चा गर्नु आवश्यक हुन्छ । किनभने समालोचना हुनलाई उक्त चार बुँदा अनिवार्य हुन्छ । समालोचनाको मुख्य विशेषता मूल्य निर्णय वा स्तर निर्धारण हो । मूल्य निर्णय गर्न पर्याप्त रूपमा व्याख्या विश्लेषण आवश्यक पर्छ । व्याख्या विश्लेषण गर्न सिद्धान्त र निश्चित विधि वा शोधपरकता आवश्यक पर्दछ । यसरी मूल्य निर्णय, व्याख्या विश्लेषण, सैद्धान्तिकीकरण र शोधपरकतालाई समालोचनाका तत्त्वका रूपमा उल्लेख गर्नु तर्क सङ्गत हुन्छ । त्यसैले प्रस्तुत शोधपत्रमा यी चार ओटा बुँदाहरूलाई समालोचनाका तत्त्वका रूपमा उल्लेख गरिएको छ । यिनै तत्त्वका आधारमा दाङ जिल्लाका समालोचनात्मक कृतिहरूलाई अध्ययन विश्लेषण गरिएको छ ।

### ७.३.१ मूल्य निर्णय

समालोचना अनिवार्य रूपमा मूल्य निर्णयपरक हुनुपर्दछ । प्रत्येक साहित्यिक कृतिको आफ्नो मूल्य हुन्छ । यही सौन्दर्यात्मक मूल्यको पारख समालोचनाले गर्छ । कृतिका संरचनामा मिश्रण भएर रहेका यावत् कुराहरूको सङ्गति र विसङ्गति बारे तर्कसङ्गत र परीक्षणीय प्रस्तुति गर्नुलाई नै मूल्य निर्णय भनिन्छ । समालोचना प्रथमतः साहित्यिक कृतिको न्यायिक मूल्य निर्णयका प्रयासका रूपमा नै उदाएको र स्थापित भएको हो (त्रिपाठी, २०६६:२१) । यस प्रकार समालोचना विधा नै साहित्यिक कृतिको मूल्याङ्कनको रूपमा स्थापित भएको पाइन्छ । कुनै पनि कृतिको समालोचना गर्दा मूल्य निर्णय गरिएन भने उक्त लेख केवल समीक्षा वा विवेचना मात्र हुन्छ ।

समालोचनाले कृतिको अन्तर्वस्तुको र केही मात्रामा त्यसको रूप वा संरचनाको विश्लेषण गरे पनि अन्तिममा उक्त कृतिको साहित्यिक कलाको स्तरको निर्धारण गर्नुपर्दछ । प्रत्येक न्यायिक निर्णयक्रममा झैं समालोचनात्मक मूल्याङ्कनका पनि कतिपय वैयक्तिक परिसीमा हुन सक्तछन् र ती न्यून रहनु नै समालोचकीय पारख र कौशलको सूचक तत्त्व हो (त्रिपाठी, २०६६:३२) । साहित्यिक कृतिको कलाको मूल्य निर्णय गर्दा समालोचक कुनै पनि प्रभावमा पर्नु हुँदैन । यद्यपि प्रभावपरक मूल्य निर्णय समालोचनाको इतिहासमा नपाइएका भने होइनन् । यसरी के बुझिन्छ भने समालोचना गर्दा समालोचक आफ्नै वैयक्तिक सीमाबाट माथि उठेर मूल्य निर्णय गर्नुपर्दछ ।

समालोचनात्मक मूल्य निर्णय गर्दा केही आधारभूत पक्षहरूमा भने अनिवार्य ध्यान दिनु पर्दछ । समालोचनामा मूल्य निर्णय गर्दा प्रभावपरक नभै सैद्धान्तिक गर्नुपर्ने हुन्छ । कृतिकारको प्रवृत्ति, शैली, प्रस्तुति र वैचारिक पक्षलाई पनि समावेश गर्नु पर्दछ । कृतिको वा कृतिकारको मूल्य निर्णय गर्दा सम्बन्धित विधाको इतिहासमा आधारित भएर गर्नुपर्ने हुन्छ । अनिमात्र मूल्य निर्णय सही र यथार्थ हुन आउँछ । यसरी गर्ने मूल्य निर्णयमा समालोचकले कृतिकारको मूल धारणालाई न्याय वा अन्याय जे पनि गर्न सक्तछन् । यहाँ दाङ जिल्लाका समालोचनात्मक कृतिहरूका मूल्य निर्णय अध्ययन/विश्लेषण गर्न निम्न लिखित बुँदाहरूलाई आधार बनाइएको छ ।

- सैद्धान्तिक/प्रयोगिक मूल्यको निरूपण गर्नु,
- कृतिकारको प्रवृत्ति, शैली र विचार पक्षलाई निरूपण गर्नु,
- कृति र कृतिकारको मूल्य निर्णयमा विधाको इतिहास खोज्नु ।

#### ६.३.१.१ सैद्धान्तिक/प्रायोगिक मूल्यको निरूपण गर्नु

**सुलोचना महाकाव्यको विश्लेषण** (२०५८) नामक समालोचनात्मक कृतिमा समालोचक बुनू लामिछानेले सैद्धान्तिक धरातलमा उभिएर मूल्य निर्णय गरिएको पाइन्छ । यसमा लामिछानेले महाकाव्यका तत्त्वगत आधारमा लक्ष्मीप्रसाद देवकोटाको **सुलोचना** महाकाव्यको मूल्य निर्णय गरेकी छन् । उनको तत्त्वगत मूल्य निर्णय सैद्धान्तिक भए पनि स्पष्ट र निर्भीक नभएर साङ्केतिक मात्र रहेका छन् । उनले **सुलोचना** महाकाव्यको मूल्य निर्णय गर्दा सबै जसोमा स्वाभाविक छ भनेर सहानुभूति राखेको पाइन्छ । **सुलोचना** महाकाव्यको कथानकको मूल्य निर्णयलाई लामिछाने (२०५८:१५४) ले यसरी प्रस्तुत गरेकी छन् :

> *घटनाहरूको कतै साङ्गोपाङ्गो वर्णन गरी वर्णनात्मकता अपनाइएको छ भने कतै साङ्केतिक रूप मात्रै प्रस्तुत गरी सीमित समयमा काव्य टुङ्ग्याइएको छ । काव्यका अधिकांश ठाउँहरूमा देखिएको यस अवस्थालाई हेरी समालोचकहरूले सुलोचनाभित्र महाकाव्यीय घनत्व कम भएको गुनासो गरेको पनि पाइन्छ । तर कथानकमा एकरूपता नल्याई कतै सामाजिक महाकाव्यका रूपमा प्रस्तुत गर्नुले हामीलाई देवकोटाको कमजोरीभन्दा उनको बहुमुखी प्रतिभाप्रति सङ्केत गर्दछ । अर्काको आदेश अनुसार शीर्षक लिएर सामाजिक समस्याहरूको चित्रण गर्दा कथानकले यस्तो रूप लिनु स्वाभाविकै हो ।*

नेत्र एटमको **समालोचनाको स्वरूप** (२०६१) भित्र रहेका समालोचनाहरूमा 'प्रयोगवादी नेपाली कविता र द्वारिका श्रेष्ठ' र '**अनुराधा** उपन्यासमा नारीवाद' शीर्षकका समालोचनाहरूमा मात्र सैद्धान्तिक मूल्य निर्णय प्रस्तुत गरिएको छ । यस मध्ये 'प्रयोगवादी नेपाली कविता र द्वारिका श्रेष्ठ' शीर्षकको समालोचनामा प्रयोगवादी कविताका सैद्धान्तिक विशेषता सहितको मूल्य निर्णय प्रस्तुत गरिएको छ । यसैगरी '**अनुराधा** उपन्यासमा नारीवाद' शीर्षकको समालोचनामा विजय मल्लको **अनुराधा** उपन्यासलाई नारीवादी दृष्टिकोणमा मूल्य निर्णय गरिएको छ । समालोचक एटमले नारीवादी कोणबाट **अनुराधा** उपन्यासको मूल्य निर्णय गर्दा उपन्यासलाई असफलताको रूपमा प्रस्तुत गरेका छन् । यसमा प्रस्तुत गरिएको मूल्य निर्णयलाई एटम (२०६१:१६३) ले यसरी प्रस्तुत गरेका छन् :

*अस्तित्वको सङघर्षमा खरो उत्रन सक्ने अनुराधामा प्रशस्त सम्भावना एवम् उर्जा हुँदाहुँदै पनि लेखकले फ्रायडेल सिद्धान्तलाई हुबहु उतार्ने मोहमा जीवनकी दीपशीखा बनेकी नारीको मानसिक विकृति मात्र देखाएर उपन्यासलाई नारीवादी परिप्रेक्ष्यमा सफल रूपले उभ्याउन सकेनन् ।*

विन्दु शर्माको **गीतिनाट्य परम्परामा राष्ट्रकवि घिमिरे** (२०६२) नामक समालोचनात्मक कृतिभित्र माधव घिमिरेका सात ओटा गीति नाटकका कृतिपरक अध्ययन गरिएको छ । यसमा रहेका सबै कृतिपरक समालोचनाहरूको मूल्य निर्णय सैद्धान्तिक नै रहेका छन् । यसमा समालोचक शर्माले सैद्धान्तिक आधारमा उत्कृष्ट, मध्यम र कमजोर सबै पक्षलाई समेटी मूल्य निर्णय गरिएको पाइन्छ । यसमा रहेको मालती मङ्गले गीतिनाटकको मूल्य निर्णय निकै बलियो देखापरेको छ । यसमा शर्मा (२०६२:५४) ले यसरी प्रस्तुत गरेकी छन् :

*प्रस्तुत गीतिनाटकमा मानिसको मर्म मानिसले नै बुझेर एक आपसमा प्रेम तथा सहयोगको भावना जगाउनु पर्छ भन्ने मानवतावादी विचार फैलाउने उद्देश्य राखिएको छ । यही उद्देश्यलाई सवल बनाउनका लागि यसमा कथावस्तुसँग गहिरो सम्बन्ध भएको पात्र विधान, संवाद, मञ्चनीयता तथा परिवेश विधानको उचित संयोजन गरिएको छ । यसको महत्व लोक गीतिकला र सङ्गीतकारको चमत्कारले निकै बृद्धि गरेको छ । त्यसैले मालती मङ्गले नेपाली गीतिनाट्य विधाकै उत्कृष्ट कृति बन्न सकेको हो ।*

यस्तै सैद्धान्तिक आधारमै मूल्य निर्णय गर्दा कृतिमा रहेका कमजोर सैद्धान्तिक पक्षलाई समालोचना शर्मा (२०६२:१४१०) ले बालकुमारी गीति नाटकको मूल्य निर्णयमा यसरी प्रस्तुत गरेकी छन् *"........... पतिको मृत्युका साथ-साथै आफ्नै रुढिग्रस्त मानसिकताका कारण नारीहरू यथार्थमा विधवा बनेको यथार्थ प्रस्तुत गरिएको बालकुमारी गीतिनाटक कथानकचयन, पात्रविधान, गीत तथा परिवेश विधानका दृष्टिले सफल रहेको भए पनि उद्देश्यलाई परिपक्वतामा पुऱ्याएर कलात्मक रूपले प्रस्तुत गर्नका लागि भने यसमा गरिएको द्वन्द्वविधान सफल छैन् ।"*

विन्दु शर्माकै **आधारभूत नेपाली समालोचना** (२०६५) भित्र रहेका एघारओटा समालोचनाहरू मध्ये 'कृष्णकी कठपुतली **राधा** : नारीवादी पढन्' '**उलार** उपन्यासको समाजपरक अध्ययन' र '**अग्निस्पर्शका** निबन्धमा पुस्तान्तर चेतना' शीर्षकका समालोचनाहरूको मात्र मूल्य

निर्णय सैद्धान्तिक पृष्ठभूमिमा छन् । अन्य शीर्षकमका सबै मूल्य निर्णय प्रायोगिक रहेका छन् । 'कृष्णकी कठपुतली **राधा** : नारीवादी पठन'मा समालोचक शर्माले उपन्यासकार कृष्ण धरावासीको **राधा** उपन्यासलाई नारीवादी दृष्टिकोणले मूल्य निर्णय प्रस्तुत गरेकी छन् । यसको मूल्य निर्णय अनुसार नारीवादी समालोचनाका दृष्टिमा **राधा** उपन्यास कमजोर रहेको देखिन्छ । **'उलार** उपन्यासको समाजपरक अध्ययन' शीर्षकमको समालोचनामा शर्माले नयनराज पाण्डेको **उलार** उपन्यासलाई समाजपरक समालोचनाका अनुसार विश्लेषण गर्दै मूल्य निर्णय प्रस्तुत गरिएको छ । यस समालोचनामा समालोचक शर्माले **उलार** उपन्यासलाई समाजपरक समालोचनाका जाति, क्षण र परिवेशको दृष्टिले सार्थक रहेको मूल्य निर्णय प्रस्तुत गरिएको छ । **अग्निस्पर्श**का निबन्धमा पुस्तान्तर चेतना शीर्षकको समालोचनामा समालोचकले निबन्धकार शारदा शर्माको **अग्निस्पर्श** निबन्ध सङ्ग्रहलाई पुस्तान्तरका दृष्टिले विश्लेषण गर्दै मूल्य निर्णय प्रस्तुत गरिएको छ । यसमा पुस्तान्तरका सैद्धान्तिक विशेषताका आधारमा मूल्य निर्णय प्रस्तुत गरिएको छ । यसको मूल्य निर्णयमा **अग्निस्पर्श** निबन्ध सङ्ग्रहभित्र रहेका 'समयको छाप' र 'अग्निस्पर्श' शीर्षकका निबन्धलाई पुस्तान्तरका दृष्टिले अत्यन्त सबल भनेर प्रस्तुत गरिएको छ ।

### ६.३.१.२ कृतिकारको प्रवृति, शैली र विचार पक्षलाई निरूपण गर्नु

समालोचक बुनू लामिछामेको **सुलोचना महाकाव्यको विश्लेषण** नामक समालोचनात्मक कृतिमा मूल्य निर्णय गर्दा महाकाव्यकार लक्ष्मी प्रसाद देवकोटाको महाकाव्यात्मक प्रवृत्ति र कृतिकार देवकोटाको सुलोचना महाकाव्य भित्रको वैचारिकतालाई समालोचनामा दार्शनिक पक्षमा समेटे पनि मूल्य निर्णय भने स्पष्ट गरिएको छैन् । सुलोचना महाकाव्यभित्र लक्ष्मी प्रसाद देवकोटाको दार्शीनिकतालाई पूर्वीय र पाश्चात्यमा प्रस्तुत गर्दै लामिछाने (२०५८ : १६५) ले यस्तो टिप्पणी गरेको पाइन्छ :

> *सुलोचना महाकाव्यमा देवकोटाका विचारहरू कतै पूर्वीय दर्शनबाट र कतै पाश्चात्य दर्शनबाट प्रभावित भए पनि तुलनात्मक रूपमा भन्नुपर्दा पाश्चात्य भन्दा पूर्वीय दर्शनकै प्रभाव बढी परेको देखिन्छ ।*

विन्दु शर्माको **गीतिनाट्य परम्परामा राष्ट्रकवि घिमिरे** नामक समालोचनात्मक कृतिभित्र रहेको माधव घिमिरेका सातओटा गीति नाटकको कृतिपरक विश्लेषणमा मूल्य निर्णय गर्दा कृतिकारको प्रवृत्ति र शैलीलाई आधार बनाएको पाइदैन् । तर यस कृतिमा रहेका सातओटा

कृतिपरक विश्लेषण मध्ये विषकन्या बाहेक अन्य छ ओटा गीतिनाटकका मूल्य निर्णय गर्दा वैचारिकतालाई समावेश गरिएको पाइन्छ । यिनमा प्रस्तुत गरिएको माधव घिमिरेको वैचारिकतालाई यसरी प्रस्तुत गर्न सकिन्छ :

| | |
|---|---|
| **शकुन्तला** | विश्वमा भातृत्व र मावतावादको स्थापना, |
| **मालती मङ्गले** | मानिसको मर्म मानिसले नै बुझेर एक आपसमा प्रेम तथा सहयोगको भावना जगाउनुपर्छ भन्ने मानवतावादी विचार फैलाउने |
| **अश्वत्थामा** | युद्ध विरोधी, मानवतावादी तथा आशाँवादी विचार |
| **हिमालपारि हिमालवारि** | मानवतावादी र राष्ट्रवादी विचार |
| **बालकुमारी** | विधवा विवाहका लागि सामाजिक समर्थन जुटाउनु |
| **देउकी** | मानवतावादी भावना फैलाउनु |

समालोचक विन्दु शर्माले **गीतिनाट्य परम्परामा राष्ट्रकवि घिमिरे** समालोचनात्मक कृतिमा नेपाली गीति नाटकका क्षेत्रमा माधव घिमिरेको मूल्य निर्णय गरिएको छ । यसरी प्रस्तुत कृतिमा समालोचक शर्माले कृतिको मात्र नभएर कृतिकारको पनि मूल्य निर्णय गरेको पाइन्छ । कृतिकारको मूल्य निर्णय गर्दा समालोचक शर्माले माधव घिमिरेका प्रवृत्ति, शैली र बैचारिकतालाई यसरी प्रस्तुत गरेकी छन् :

*नेपाली राष्ट्रभाषाका माध्यमबाट नेपाली लोक संस्कृति, प्रकृति तथा राष्ट्रियताप्रति व्यापक बोध गर्ने अनि अन्तर्राष्ट्रिय समस्याप्रति सचेतना समेत देखाउन सक्षम हुनाले नेपाली गीतिनाटकका क्षेत्रमा उनको स्थान सर्वोपरि छ (शर्मा, २०६२ : १६९) ।*

विन्दु शर्माकै **आधारभूत नेपाली समालोचना** नामक कृतिमा रहेका एघारओटा समालोचनात्मक लेखहरू मध्ये केहीमा मात्र मूल्य निर्णयमा कृति र कृतिकारको प्रवृत्ति, शैली र वैचारिकतालाई समेटिएको छ । यस समालोचना कृति भित्र रहेका '**लाभाका बाफहरू** कथा सङ्ग्रहको वैचारिक पक्ष', नेपाली राष्ट्रिय अखण्डताको आधारशिला : **राष्ट्रनिर्माता** खण्डकाव्य' र '**अग्निस्पर्शका** निबन्धमा पुस्तान्तर चेतना' शीर्षकका समालोचनामा कृतिको वैचारिकतालाई मूल्य निर्णयमा प्रस्तुत गरिएको छ ।

समालोचक शर्माले **'लाभाका बाफहरू** कथा सङ्ग्रहको वैचारिक पक्ष' शीर्षकको समालोचनामा जलेश्वरी श्रेष्ठद्वारा लिखित **लाभाका बाफहरू** (२०५८) कथा सङ्ग्रहमा रहेका कथामा मातृत्व, यौनतृप्ति र सामाजिक मान्यता जस्ता वैचारिक पक्ष पाइने उल्लेख गरेकी छन् । 'कोइरालाका कथा कथाका विशिष्ट पक्ष' शीर्षकको समालोचनामा समालोचक शर्माले कथाकार विश्वेश्वर प्रसाद कोइरालाद्वारा लिखित कथा शीर्षकको कथामा मानिस सामाजिक जीवनमा सक्रिय रहेको र सिर्जनात्मकतातिर उन्मुख हुने फ्रायडेली वैचारिकतालाई प्रस्तुत गरेको उल्लेख गरेकी छन् । यसैगरी 'नेपाली राष्ट्रिय अखण्डताको आधारशिला : **राष्ट्रनिर्माता** खण्डकाव्य' शीर्षकको समालोचनाका खण्डकाव्यकार माधव घिमिरेले विस्तार र विश्राम चाहने फरक चरित्रका बीचको वैचारिक द्वन्द्व प्रस्तुत गरेको उल्लेख गरिएको छ । समालोचक विन्दु शर्माले **'अग्निस्पर्श**का निबन्धमा पुस्तान्तर चेतना' शीर्षकको समालोचनामा निबन्धकार शारदा शर्माद्वारा लिखित **'अग्निस्पर्श'** (२०६३) निबन्ध सङ्ग्रहको समालोचना गरिएको छ । यस निबन्ध सङ्ग्रहमा निबन्धकार शर्माले प्रस्तुत गरेको बैचारिकतालाई समालोचक शर्मा (२०६२ : १४२) ले यसरी प्रस्तुत गरेकी छन् :

> *परम्पराका साथै वर्तमानका परिवर्तन मूल्य र मान्यतालाई समेट्न सक्षम आधुनिक अवधारणा र नवीन दृष्टिकोण प्रस्तुत भएका अग्निस्पर्शका निबन्धहरू पुस्तान्तर चेतनाका दृष्टिले विशिष्ट रहेका छन् ।*

समालोचक विन्दु शर्माको प्रस्तुत **आधारभूत नेपाली समालोचना** कृतिमा रहेका मध्ये **'पल्पसा क्याफे** उपन्यासको भाषाशैलीगत प्रभाव' शीर्षकको समालोचनामा मात्र कृतिकाको प्रवृत्ति र शैलीलाई प्रस्तुत गरी मूल्य निर्णय गरिएको छ । यस समालोचनामा नारायण वाग्लेद्वारा लिखित **पल्पसा क्याफे** (सन् २००५) उपन्यासमा कृतिकारको प्रवृत्ति र शैलीलाई मूल्य निर्णयमा शर्मा (२०६५ : ५९) ले यसरी प्रस्तुत गरेकी छन् :

> *सरल तर प्रतीकात्मक अभिव्यक्ति, कलात्मक वर्णनात्मक शैली र दृश्यात्मक बिम्बको मोहक प्रयोग पल्पसा क्याफेका सबल पक्ष हुन् जसले गर्दा उपन्यास भाषा शैलीका दृष्टिले सशक्त त छ नै, साथै रिर्पोटरले नै प्रयोग गर्ने पत्रकारी शैली प्रयुक्त यो कृति नेपाली उपन्यासको परम्परामा एउटा उत्कृष्ट नमुना साबित भएको छ ।*

नेत्र एटमको **समालोचनाको स्वरूप** (२०६१) भित्र रहेका केही समालोचनामा मात्र कृतिकारको प्रकृत्ति, शैली र बैचारिकतालाई मूल्य निर्णयमा समावेश गरिएको छ । समालोचक एटमले 'प्रयोगवादी नेपाली कविता र द्वारिका श्रेष्ठ' शीर्षकको समालोचनामा मूल्य निर्णय गर्दा सामान्य विषयलाई पनि छुनासाथ बिम्बात्मक शक्ति दिने अनि नवीन कविता ढाँचाको रचना गर्ने प्रयोगवादी कविका रूपमा प्रस्तुत गरेका छन् । यस प्रकार समालोचक एटमले कवि द्वारिका श्रेष्ठका प्रवृत्ति र शैलीलाई मात्र चर्चा गरेका छन् । बैचारिक पक्षतिर भने समालोचक मौन बसेका छन् । 'चेतन प्रवाह पद्धति र शङ्कर लामिछानेको प्रवृत्ति, शैली र बैचारिकता सबै पक्षलाई प्रस्तुत गरेका छन् । लामिछानेको निबन्धात्मक प्रवृत्ति र शैली चेतनप्रवह भएकोले र आधुनिक विश्वचेतना, पाश्चात्य र पूर्वीय धर्म दर्शनको ज्ञान तथा विज्ञानका आधुनिक पक्ष उनको बैचारिक पक्ष भएको उल्लेख गरेका छन् । समालोचक नेत्र एटमले शङ्कर लामिछानेका निबन्धमा चेतन प्रवाह पद्धति र विश्वका ज्ञान विज्ञानको सम्मिश्रणले गर्दा जटिल भएको मूल्याङ्कन गरेका छन् । 'ध्रुवचन्द्र गौतमका नाटकमा पाइने प्रयोगको स्वरूप' शीर्षकको समालोचनामा समालोचक एटमले ध्रुवचन्द्र गौतमका नाटकमा पाइने प्रयोगवादी प्रवृत्ति र चिन्तनको अध्ययन विश्लेषण गरी मूल्य निर्णय प्रस्तुत गरेका छन् । यसमा समालोचक एटम (२०६१ : १८४) ले प्रस्तुत गरेको मूल्य निर्णयलाई यसरी उल्लेख गरिएको छ :

> *.................. गौतम नेपालीमा पृथकीय प्रभा, अराजक नाटक, विसङ्गत नाटक, दृश्यात्मक नाटक, आसित व्यङ्ग्य तथा मिथकको कलात्मक उद्देश्यपूर्ण र विशिष्ट प्रयोग गर्ने नाटककार हुन् । ............ समग्रमा भन्दा नेपाली नाटकमा गौतमको योगदान महत्त्वपूर्ण रहेको छ । उनी २०३० पछिको नाटकलाई नेतृत्व गर्ने वर्गमा पर्ने र पाश्चात्य साहित्यका विशिष्ट प्रवृत्तिहरूलाई नेपालीमा भित्र्याउने प्रयोगवादी प्रतिभा हुन् ।*

नेत्र एटमकै **नेपाली डायस्पोरा र अन्य समालोचना** (२०६७) नामक समालोचनात्मक कृतिभित्र रहेका अधिकांश समालोचनाहरूमा मूल्य निर्णय गर्दा कृतिकारको प्रवृत्ति, शैली र वैचारिकतालाई समावेश गरेको पाइन्छ । 'कथामा महाकवि देवकोटाको अग्रगामी सोच' शीर्षकको समालोचनामा एटमले लक्ष्मी प्रसाद देवकोटाका कथाका शैली र बैचारिकतालाई उल्लेख गरेर मूल्याङ्कन गरेका छन् । एटम (२०६७ : ९१) ले कथामा पनि कविता वा निबन्धमा झैं स्वच्छान्द ढङ्गले प्रवाहित हुने हुँदा समकालीनहरूका तुलनामा अग्रगामी सोच दिएर पनि उनी नेपाली साहित्यका कम सफल कथाकार ठहर्दछन् भनेर मूल्य निर्णय प्रस्तुत गरेका छन् । प्रस्तुत मूल्य

निर्णयमा कथामा पनि कविता वा निबन्धमा झैं स्वच्छन्द ढङ्ग प्रवाहितले देवकोटाको कथाको शैली र अग्रगामी सोचले देवकोटाको वैचारिकतालाई सङ्केत गरेको पाइन्छ ।

'समसामयिक नेपाली उपन्यासमा प्रयुक्त विषय' शीर्षकको समालोचनामा समालोचक नेत्र एटमले समसामयिक नेपाली उपन्यासका विषयको मूल्य निर्णय प्रस्तुत गरेका छन् । यसमा एटमले विषयगत वैचारिकताका कारण नै नेपाली उपन्यास सङ्कीर्णताको भासमा जान थालेका उल्लेख गरेका छन् । यसले समसामयिक उपन्यासका विषयको वैचारिक धरातललाई सङ्केत गरेको पाइन्छ । 'नेपाली अधिआख्यान : स्वरूप र सम्भावना' शीर्षकको समालोचनामा समालोचक एटमले नेपाली अधिआख्यानको वर्तमान अवस्थाको मूल्याङ्कन गरेका छन् । नेपाली अधिआख्यानको मूल्य निर्णय गर्दा समालोचक एटमले अधिआख्यानको शैलीलाई मात्र उल्लेख गरेका छन् ।

'नेपाली गजलको अवस्था र सम्भावना' शीर्षकको समालोचनामा समालोचक नेत्र एटमले नेपाली गजलको वर्तमान अवस्था र यसको भविष्यका बारेमा विश्लेषण गर्दै मूल्य निर्णय प्रस्तुत गरेका छन् । समालोचक एटम (२०६७ : १०९) ले समसामयिक वर्तमान गजलले जीवनका विविधतालाई कथ्य विषय बनाएको छ तर सूत्रात्मक र लयात्मक रूपले कसिलो छन् यसले अझै मिहिनेत गर्नुपर्ने हुन्छ भनेर मूल्य निर्णय दिएका छन् । प्रस्तुत मूल्य निर्णयमा जीवनका विविधताले वर्तमान गजलका वैचारिक पक्ष र सूत्रात्मक, लयात्मकले शैलीलाई मूल्य निर्णयमा समावेश गरेको पाइन्छ ।

'समसामयिक नेपाली निबन्धको प्रभेदगत सर्वेक्षण' शीर्षकको समालोचनामा समालोचक नेत्र एटमले समसामयिक नेपाली निबन्धका प्रवृत्तिका मूल्य निर्णय प्रस्तुत गरेका छन् । यसको मूल्य निर्णयमा समालोचक एटमले समसामयिक नेपाली निबन्धका प्रवृत्तिमा समावेश गरी मूल्य निर्णय दिएका छन् । 'निबन्धकार हृदयचन्द सिंह प्रधान' शीर्षकको समालोचनामा समालोचक नेत्र एटमले निबन्धकार हृदयचन्द सिंह प्रधानका प्रवृत्ति र योगदानको मूल्याङ्कन प्रस्तुत गरेका छन् । यसमा गरिएको मूल्य निर्णयमा समालोचक एटमले निबन्धकार प्रधानका पछिल्ला चरणका निबन्धहरू बढी वैचारिक बनेका छन् भनेर उल्लेख गरेका छन् । यसैलाई मूल आधार मानेर समालोचक एटम ( २०६७ : १९१) ले हृदयचन्द्र सिंह प्रधान देवकोटाको विराट कल्पना, भावुकता, व्यापकता र भाषिक कलात्मकताका अगाडि कमजोर देखिए पनि सामाजिक सचेतना, प्रगतिशील दृष्टिकोण र भाषिक सरलताका कोणबाट सबल रहेका छन् भनेर निबन्धकार देवकोटा र प्रधानका बीच तुलनात्मक मूल्य

निर्णय दिएका छन् । प्रस्तुत मूल्य निर्णयमा समालोचक एटमले निबन्धकार प्रधानका वैचारिकता र शैलीका कारण उनका निबन्ध बलिया छन् भनेर मूल्य निर्णय दिएको पाइन्छ ।

केशव सुवेदीको **परिधीय परिक्रमा** (२०६५) भित्र रहेका केही समालोचनाहरूमा मात्र मूल्य निर्णय गर्दा कृतिकारको प्रवृत्ति, शैली र वैचारिकतालाई समावेश गरेको पाइन्छ । समालोचक केशव सुवेदीले 'दिनेश अधिकारीको गाउँमाथि एउटा कविता' शीर्षकको समालोचनामा कवितको शैली र प्रवृत्तिलाई उल्लेख गरी मूल्य निर्णय प्रस्तुत गरेका छन् । 'कथाकार गुरूप्रसाद मैनाली र उनको कर्तव्य कथा' शीर्षकको समालोचनामा समालोचक सुवेदीले कृतिको शैली र वैचारिक पक्षलाई समेटी मूल्य निर्णय प्रस्तुत गरेका छन् । यसको मूल्य निर्णयमा सुवेदी (२०६५ : ३९) ले कर्तव्य कथा सामाजिक यथार्थको उद्घाटन र आदर्शको प्रतिपादनका दृष्टिले, वस्तुविन्यास र चरित्रहरूको संयोजन तथा सहज-सुन्दर भाषा शैलीको उपयोगका दृष्टिले समेत ज्यादै सफल छ भनेर गरेका छन् । प्रस्तुत मूल्याङ्कनमा कर्तव्यको भाषा सरल र सहज शैलीको तथा यथार्थको उद्घाटनले बैचारिकताको प्रतिनिधित्व गरेका छन् । 'ह्रदयचन्द्रसिंह प्रधानको निबन्ध यात्रा' शीर्षकको समालोचनामा समालोचक सुवेदीले निबन्धकार प्रधानको निबन्ध यात्राको मूल्याङ्कन गरेका छन् । यसको मूल्य निर्णयमा प्रवृत्ति र शैलीलाई मात्र समाबेश गरिएको छ । समालोचक सुवेदी (२०६५ :८६) ले ह्रदयचन्द्रसिंह नेपाली निबन्ध परम्परामा निबन्धकार लक्ष्मीप्रसाद देवकोटापछि र निबन्धकार शङ्कर लामिछाने पूर्वका आत्मवृत्तान्त र आत्मभोगलाई मूल सामग्री बनाई सरल भाषाशैलीमा निबन्ध सिर्जना गर्ने आत्मपरक निबन्धकार हुन भनेर मूल्य निर्णय दिएका छन् । उनको यो मूल्य निर्णयमा निबन्धकार ह्रदयचन्द्रको भाषा शैली सरल र आत्मवृत्तान्त र आत्मभोगलाई विषयवस्तु बनाउनुले प्रवृत्तिलाई प्रस्तुत गरेको पाइन्छ ।

### ६.३.१.३ कृति र कृतिकारको मूल्य निर्णयमा विधा इतिहास खोज्नु

समालोचक बुनू लामिछानेको **'सुलोचना महाकाव्यको विश्लेषण** नामक समालोचनात्मक कृतिमा **सुलोचना** महाकाव्यको मूल्य निर्णय गर्दा सम्बन्धित विधाको इतिहासलाई आधार बनाएको छ । प्रस्तुत कृतिमा समालोचक लामिछानेले नेपाली महाकाव्यको इतिहासमा लक्ष्मीप्रसाद देवकोटाको **सुलोचना** महाकाव्यको प्रस्तुत गरेकी छन् । लामिछाने (२०५८ : २९) ले गरेको मूल्य निर्णय यस्तो रहेको छ ।

*महाकाव्यका प्रचलित मान्यताहरूमा आवश्यकता अनुसार परिवर्तन गरिएको **सुलोचना** महाकाव्य नेपाली साहित्यकै पहिलो मौलिक महाकाव्य हो । युग र जीवनका विविध पक्षलाई समेट्न सक्ने महान र विश्वजनीन कथाकको अपेक्षा गरिने महाकाव्य विधामा नेपाली समाजलाई प्रस्तुत गर्ने काम यस काव्यमा पहिलो पटक गरिएको छ । नेपाली महाकाव्यको स्थापना गर्नका भानुभक्तीय रामायण र आधुनिक रूप धारण गर्नमा शाकुन्तला महाकाव्यको जुन स्थान छ त्यस्तै प्रथम ऐतिहासिक स्थान सुलोचनाले मौलिक महाकाव्यको इतिहासमा राखेको देखिन्छ । यस अर्थमा नेपाली महाकाव्य साहित्यको तेस्रो, आधुनिक महाकाव्य क्षेत्रको दोस्रो र मौलिक महाकाव्यका क्षेत्रमा प्रथम स्थान हासिल गर्न **सुलोचना** महाकाव्य सफल बनेको छ ।*

समालोचक लामिछानेले प्रस्तुत गरेको उक्त मूल्य निर्णय ऐतिहासिक दृष्ट्रिकोणमा निकै सबल देखिन्छ । उनको मूल्य निर्णय कृतिको मात्र देखिन्छ । कृतिकारको मूल्य निर्णय स्पष्ट गरिएको छैन् ।

विन्दु शर्माको **गीतिनाट्य परम्परामा राष्ट्रकवि घिमिरे** नामक समालोचनात्मक कृतिमा रहेका माधव घिमिरेका सातओटा गीतिनाटकको कृतिपरक विश्लेषणको क्रममा मूल्य निर्णय गर्दा विधा सिद्धान्तको इतिहासलाई आधार बनाइएको छैन । तर नेपाली गीति नाटकको कालक्रमिक अध्ययन गर्दा वि.सं. २०३८-२०६२ सम्मको समयावधिलाई तृतीय चरणमा राखेर अध्ययन गरिएको छ । यस चरणमा गीति नाटककार माधव घिमिरेको योगदानलाई ऐतिहासिक आधारमा मूल्य निर्णय गरिएको छ । गीति नाटककार घिमिरेको योगदानको मूल्य निर्णय शर्मा (२०६२:१६९) ले नेपाली राष्ट्रभाषाका माध्यमबाट लोक संस्कृति, प्रकृति तथा राष्ट्रियताको व्यापकता बोध गर्ने अनि अन्तर्राष्ट्रिय समस्यापत्ति सचेततासमेत देखाउन सक्षम हुनाले नेपाली गीति नाटकका क्षेत्रमा उनको स्थान सर्वोपरी छ भनेर उल्लेख गरिएको छ ।

### ६.३.२ व्याख्या विश्लेषण

कुनै पनि कृतिको समालोचना गर्दा उक्त कृतिको गुण-अवगुणको जाँच गर्दै स्तर निर्धारण वा मूल्य निर्णय गर्ने गरिन्छ । उक्त निर्णय दिने क्रममा समालोचकले उक्त कृतिको गुण दोषको व्याख्या विश्लेषण प्रस्तुत गर्नै पर्दछ । व्याख्या विश्लेषण बिनाको निर्णय आधिकारिक र प्रमाणिक भएको मानिदैन । त्रिपाठी (२०६२:३२) ले समालोचना मूल्य निर्णयका अतिरिक्त त्यस कृतिको वर्णन तथा व्याख्या विश्लेषण र टीका समेत हुँदै हो । ....... कृतिगत गुणदोषको सही र सन्तुलित

व्याख्या-विश्लेषणबाट परिपुष्ट हुन सक्दा चाँहि प्रभावपरक समालोचना र त्यसको मूल्य निर्णय निर्मान्त र विश्वसनीय समालोचकीय फैसला वा ठहर सावित हुने गरेको पनि छदैछ भनेर उल्लेख गरेका छन् । यसप्रकार कृतिगत व्याख्या विश्लेषकबाट मात्र सहि समालोचनात्मक मूल्य निर्णयमा पुग्न सकिन्छ ।

समालोचनामा मूल्य निर्णय विश्लेषणात्मक हुन्छ । यसरी गर्ने व्याख्या विश्लेषणमा उक्त कृतिको गुणदोषको साथै विधागत, प्रवृत्तिगत र भाषा शैलीगत पनि हुनु पर्दछ । यसरी गरिएको व्याख्या विश्लेषकबाट मात्र कृतिको सही र सैद्धान्तिक मूल्य निर्णय गर्न सकिन्छ । यसप्रकार समालोचनामा मूल्य निर्णय र व्याख्या विश्लेषण एउटै टकका दुई पाटा जस्तै देखा पर्दछन् । कुनै पनि समालोचनामा व्याख्या विश्लेषणका अभावमा मूल्य निर्णय हुन सक्दैन । त्यसैले व्याख्या विश्लेषण समालोचनाको अर्को आधारभूत तत्त्वका रूपमा व्याख्या विश्लेषणलाई उल्लेख गरिएको छ ।

दाङ जिल्लाका नेपाली समालोचनामा गरिएको व्याख्या विश्लेषणमा विभिन्न पद्धतिको प्रयोग भएको पाइन्छ । ती पद्धतिहरूलाई विधागत, प्रवृत्तिगत, ऐतिहासिक, भाषा शैलीगत, वैचारिक र प्रभावगत आधारमा छुट्टाई अलग-अलग अध्ययन गरिएको छ ।

### ६.३.२.१ विधागत व्याख्या विश्लेषण

समालोचना गर्दा विधा सिद्धान्तका आधारमा गरिएको व्याख्या विश्लेषणलाई विधागत व्याख्या विश्लेषण भनिन्छ । यसको साथै विभिन्न साहित्यिक वा समालोचनात्मक विधाको सैद्धान्तिक पक्षको व्याख्या विश्लेषण पनि विधागत नै रहने गर्दछ । दाङ जिल्लाका समालोचनात्मक कृतिहरूमा पनि विधागत व्याख्या विश्लेषण गरिएको पाइन्छ ।

समालोचक बुनू लामिछानेको **सुलोचना महाकाव्यको विश्लेषण** कृतिमा महाकाव्य सिद्धान्तका तत्त्वगत आधारमा लक्ष्मीप्रसाद देवकोटाको **सुलोचना** महाकाव्यको विश्लेषण गरिएको छ । समालोचक टीकाराम उदासीको **गजल सिद्धान्त र नेपाली गजलको इतिहास** कृतिमा रहेको गजल सिद्धान्त खण्डमा गजलको सैद्धान्तिक आधार तयार पारिएको छ । यसको व्याख्या विश्लेषण

गजलको सैद्धान्तिक विधामा आधारित रहेको छ । **गीति नाट्य परम्परामा राष्ट्रकवि घिमिरे** कृतिमा पनि विधागत व्याख्या विश्लेषण रहेको छ । यसमा गीति नाटकका तत्त्वका आधारमा माधव घिमिरेका सातओटा गीति नाटकका व्याख्या विश्लेषण गरिएको पाइन्छ । यसैगरी समालोचक डा. गोविन्द आचार्यका **लोकगीतको विश्लेषण, राप्ती लोक साहित्य** र **साहित्य सिद्धान्त** नामक कृतिहरूका व्याख्या विश्लेषण विधागत पद्धतिका रहेका छन् । **लोकगीतको विश्लेषण** कृतिमा लोकगीतको सैद्धान्तिक विशेषताका आधारमा राप्ती अञ्चलका लोकगीतका व्याख्या विश्लेषण गरिएको छ । **राप्ती लोक साहित्य** कृतिमा राप्ती अञ्चलका विभिन्न भाषाका लोक साहित्यको सङ्कलन, सम्पादन र वर्गीकरण गरिएको छ । यसरी तयार पारिएको **राप्ती लोक साहित्य** कृतिको व्याख्या विश्लेषण विधागत पद्धतिले सशक्त रहेको छ । **साहित्य सिद्धान्त** कृतिमा साहित्यको सैद्धान्तिक व्याख्या विश्लेषण गरिएको छ । यसमा पूर्वीय, पाश्चात्य र नेपाली साहित्यका विधागत सैद्धान्तिक आधार प्रस्तुत गरिएको छ । त्यसैले यस कृति विधागत व्याख्या विश्लेषण गरिएको कृति हो ।

समालोचक नेत्र एटमको **समालोचनाको स्वरूप** कृतिभित्र रहेका केही समालोचनाहरूको व्याख्या विश्लेषण विधागत पद्धतिका छन् । 'गीत : इतिहास र अवधारण' शीर्षकको समालोचनामा समालोचक एटकले गीतको सैद्धान्तिक आधारलाई प्रस्तुत गरेका छन् । 'लेखीय प्रक्रिया, लेखकको मृत्यु र विनिर्माण' शीर्षकको समालोचनामा विनिर्माणवादी समालोचनाका लेखीय प्रक्रिया र लेखकको मृत्युका बारेमा विश्लेषण गर्दै विनिर्माणवादको सैद्धान्तिक आधार तयार पारेका छन् । 'औपन्यासिक गति' शीर्षकको समालोचनामा नेपाली उपन्यासमा दृश्यात्मक र सङ्क्षेप पद्धतिबाट गतिको विश्लेषण गरिएको छ । समकालीन सन्दर्भमा महाकाव्य र उपन्यास' शीर्षकको समालोचनामा एटमले समकालीन परिवेशका महाकाव्य र उपन्यासमा विधाको तुलनात्मक विश्लेषण गरेका छन् । 'समकालीन नेपाली समालोचनाको रूपरेखा' शीर्षकको समालोचना एटमले नेपाली समालोचनाको सैद्धान्तिक व्याख्या विश्लेषण प्रस्तुत गरेका छन् ।

समालोचक नेत्र एटमको **नेपाली डायस्पोरा र अन्य समालोचना** कृतिमा रहेका केही समालोचनाहरूको व्याख्या विश्लेषण विधागत पद्धतिका छन् । 'समसामयिक नेपाली उपन्यासमा प्रयुक्त विषय' शीर्षकको समालोचनामा उपन्यासमा रहेका विषयवस्तुका आधारमा समसामयिक नेपाली उपन्यासको विधागत व्याख्या विश्लेषण गरिएको पाइन्छ । 'नेपाली अधिआख्यान : स्वरूप र सम्भावना' शीर्षकको समालोचनामा नेपाली आख्यान विधामा रहेका अधिआख्यानलाई व्याख्या

विश्लेषण गरिएको छ । 'नेपाली गजलको अवस्था र सम्भावना' शीर्षकको समालोचनामा गजल विधाको वर्तमान र भविष्यको बारेमा व्याख्या विश्लेषण गरिएको छ । 'समसामयिक नेपाली निबन्धको प्रभेदगत सर्वेक्षण' शीर्षकको समालोचनामा समसामयिक नेपाली निबन्धका भेदका आधारमा निबन्धको विधागत व्याख्या विश्लेषण गरिएको छ ।

समालोचक बिन्दु शर्माको **आधारभूत नेपाली समालोचना** कृतिभित्र रहेका केही समालोचनाहरूको व्याख्या विश्लेषण विधागत रहेका छन् । 'आधुनिक नेपाली कविताका धारागत प्रवृत्तिहरू' शीर्षकको समालोचनामा नेपाली कविताको विधागत व्याख्या विश्लेषण गरिएको छ । 'नेपाली राष्ट्रिय अखण्डताको आधारशीला : **राष्ट्रनिर्माता**' खण्डकाव्य शीर्षकको समालोचनामा विधा तत्त्वका आधारमा माधव घिमिरेको राष्ट्रनिर्माता खण्डकाव्यको व्याख्या विश्लेषण गरिएको छ । 'कृतिगत दृष्टिले **भक्त भानुभक्त** नाटक' शीर्षकको समालोचनामा बालकृष्ण समको भक्त भानुभक्त नाटकलाई नाटक तत्त्वका आधारमा व्याख्या विश्लेषण गरिएको पाइन्छ ।

### ६.३.२.२ प्रवृत्तिगत व्याख्या विश्लेषण

साहित्यिक कृतिको समालोचना गर्दा कृतिकार र कृतिको प्रवृत्तिका आधारमा पनि व्याख्या विश्लेषण गरिएको हुन्छ । यस किसिमको व्याख्या विश्लेषणलाई प्रवृत्तिगत पद्धति भनिन्छ । यसमा कुनै साहित्यिक सिद्धान्तका प्रवृत्तिका आधारमा व्याख्या विश्लेषण गरिएको पाइन्छ ।

समालोचक नेत्र एटमको **समालोचनाको स्वरूप** कृतिभित्र रहेका अधिकांश समालोचनाहरूको व्याख्या विश्लेषण प्रवृत्तिगत पद्धतिका छन् । यसमा रहेका प्रवृत्तिगत व्याख्या विश्लेषण केही कृतिका र केही सैद्धान्तिक प्रवृत्तिका आधारमा गरिएको छ । 'समकालीन नेपाली कवितामा भाषिक विपर्यास' शीर्षकको समालोचनामा भाषिक विपर्यासका प्रवृत्तिका आधारमा समकालीन नेपाली कविताका विश्लेषण गरिएको छ । 'प्रयोगवादी नेपाली कविता द्वारिका श्रेष्ठ' शीर्षकको समालोचनामा प्रयोगवादी प्रवृत्तिका आधारमा द्वारिका श्रेष्ठका कविताका विश्लेषण गरिएको छ । '**कठपुतलीको मन** विनिर्माण/लिलालेखन' शीर्षकको समालोचनामा लिलालेखनका विशेषताका आधारमा विश्लेषण गरिएको छ । यसमा इन्द्र बहादुर राईको **कठपुतलीको मन** कथामा प्रयोग गरिएको लिलालेखका प्रवृत्तिलाई आधार बनाइएको छ । **अनुराधा** उपन्यासमा नारीवाद शीर्षकको समालोचनामा पुत्तिसत्तात्मक र नारी मानिसकता जस्ता, नारीवादी समालोचना प्रवृत्तिका आधारमा व्याख्या विश्लेषण गरिएको छ । 'चेतन प्रवाह पद्धति र शङ्कर लामिछानेका निबन्ध'

शीर्षकको समालोचनामा शङ्कर लामिछानेको निबन्धात्मक प्रवृत्तिका आधारमा व्याख्या विश्लेषण गरिएको छ । चेतन प्रवाह शङकर लामिछानेको निबन्धात्मक प्रवृत्ति हो । 'ध्रुवचन्द्र गौतमका नाटकमा पाइने प्रयोगको स्वरूप' शीर्षकको समालोचनामा ध्रुवचन्द्र गौतमका प्रयोगवादी प्रवृत्तिका आधारमा उनका नाटकका विश्लेषण गरिएको छ । 'परम्परा, व्यक्तिप्रतिभा र देवकोटा' शीर्षकको समालोचनामा एटमले परम्परा र व्यक्तिप्रतिभा साहित्य सिद्धान्तका प्रवृत्तिका आधारमा लक्ष्मीप्रसाद देवकोटाको साहित्यिक प्रतिभाको विश्लेषण गरेका छन् ।

समालोचक नेत्र एटमकै **नेपाली डायस्पोरा र अन्य समालोचना** कृतिभित्र रहेका केही समालोचनाहरूमा प्रवृत्तिगत व्याख्या विश्लेषण गरिएको छ । 'नेपाली डायस्पोरा र **यमपुरीको महल** शीर्षकको समालोचनमा नेपाली डायस्पोराको सैद्धान्तिक परिचय र प्रवृत्ति प्रस्तुत गरिएको छ । यिनै प्रवृत्तिका आधारमा होमराज आचार्यको **यमपुरीको महल** उपन्यासको व्याख्या विश्लेषण गरिएको छ । 'कथामा महाकवित देवकोटाको अग्रगामी सोच' शीर्षकको समालोचनमा जीवनीपरक समालोचनाका प्रवृत्तिका आधारमा देवकोटाका कथात्मक वैचारिक व्याख्या विश्लेषण गरिएको छ । मञ्जुलका गीतहरूमा जीवनको लय शीर्षकको समालोचनामा कृतिभित्रका प्रवृत्तिका आधारमा मञ्जुलका गीतहरूको व्याख्या विश्लेषण गरिएको छ । निबन्धकार हृदयचन्द्र सिंह प्रधान शीर्षकको समालोचनामा निबन्धकार प्रधानका निबन्धात्मक प्रवृत्तिका आधारमा व्याख्या विश्लेषण गरिएको छ । 'समसामयिक नेपाली नाटकका प्रवृत्तिहरू' शीर्षकको समालोचनामा प्रवृत्तिका आधारमा समसामयिक नाटकका विश्लेषण गरिएको छ ।

समालोचक बिन्दु शर्माको **आधारभूत नेपाली समालोचना** सङ्ग्रहमा रहेका अधिकांश समालोचनाहरूको व्याख्या विश्लेषण प्रवृत्तिगत रहेका छन् । 'कृष्णकी कठपुतली **राधा** : नारीवादी पठन' शीर्षकको समालोचना नारीवादी समालोचना प्रवृत्तिका आधारमा कृष्ण धरावासीको **राधा** उपन्यासको व्याख्या विश्लेषण गरिएको छ । '**उलार** उपन्यासको समाजपरक समालोचना' शीर्षकको समालोचना नयनराज पाण्डेको **उलार** उपन्यासलाई समाजपरक समालोचनात्मक प्रवृत्तिका आधारमा व्याख्या विश्लेषण गरिएको छ । **'लाभाका बाफहरू** कथासङ्ग्रहको वैचारिक पक्ष शीर्षकको समालोचनामा जलेश्वरी श्रेष्ठको **लाभाका बाफहरू** कथा सङ्ग्रहका कथालाई नारीवादी समालोचना प्रवृत्तिका आधारमा व्याख्या विश्लेषण गरिएको छ । **'नरेन्द्र दाइ** उपन्यासमा प्रयुक्त पूरक नारी पात्रहरू' र **'च्यात्तिएको पर्दा** नाटकमा पाइने चारित्रिक विशिष्टता' शीर्षकका समालोचनाहरूमा मनौवैज्ञानिक समालोचनाका चारित्रिक मनोग्रन्थीका प्रवृत्तिका आधारमा व्याख्या विश्लेषण गरिएको

छ । '**अग्निस्पर्श**का निबन्धमा पुस्तान्तर चेतना' शीर्षकको समालोचनामा शारदा शर्माको **अग्निस्पर्श** निबन्ध सङ्ग्रहमा रहेका निबन्धहरूलाई पुस्तान्तर प्रवृत्तिका आधारमा व्याख्या विश्लेषण गरिएको छ ।

समालोचक केशव सुवेदीको **परिधीय परिक्रमा**भित्र रहेका केही समालोचनाहरूको व्याख्या विश्लेषण प्रवृत्तिगत रहेका छन् । त्यसमध्ये 'कृष्णहरि बरालका गीतमा अभिव्यञ्जित जीवनदृष्टि' शीर्षकको समालोचनामा बरालको **एक फूल : अनेका पत्र** गीत सङग्रहमा रहेका प्रवृत्तिका आधारमा व्याख्या विश्लेषण गरेका छन् । यस प्रकार यसको व्याख्या विश्लेषण कृतिगत प्रवृत्तिमा केन्द्रित रहेको छ । 'दिनेश अधिकारीको गाउँमाथि एउटा कविता' शीर्षकको समालोचनामा कविताभित्रका प्रवृत्तिका आधारमा व्याख्या विश्लेषण गरिएको छ । यसमा गरिएको व्याख्या विश्लेषणले एउटै कवितालाई आधार बनाएर कृतिभित्र पस्ने बाटाहरू देखाउन सफल रहेको छ । 'श्रीप्रसाद उपाध्यायको अनूदित काव्य **छायाँ-मेघदूत**' शीर्षकको समालोचनामा अनुवाद विज्ञानका प्रवृत्तिका आधारमा व्याख्या विश्लेषण गरिएको छ ।

### ६.३.२.३ ऐतिहासिक व्याख्या विश्लेषण

समालोचना गर्दा कृतिका साथै सिङ्गो साहित्यको पनि कालक्रमिक व्याख्या विश्लेषण गरियो भने ऐतिहासिक व्याख्या विश्लेषण हुन्छ । यसमा साहित्यिक इतिहासलाई पनि सचित्र प्रस्तुत गर्न सकिन्छ । दाङका समालोचनात्मक कृतिहरूमा ऐतिहासिक व्याख्या विश्लेषण पनि गरिएका छन् ।

समालोचक टीकाराम उदासीको **गजल सिद्धान्त र नेपाली गजलको इतिहास** कृतिभित्र नेपाली गजलको ऐतिहासिक अध्ययन विश्लेषण गरिएको छ । यसमा नेपाली गजलको कालविभाजन गरिएको पाइन्छ । समालोचक केशव सुवेदीको **राप्तीको साहित्यिक रूपरेखा** कृतिमा राप्ती अञ्चलको साहित्यिक गतिविधिलाई ऐतिहासिक आधारमा प्रस्तुत गरिएको छ । यसमा समालोचक सुवेदीले राप्ती अञ्चलका पाँचओटा जिल्लाका साहित्यिक गतिविधि र योगदानलाई विगतदेखि वर्तमान समयसम्मको विश्लेषण गरेका छन् । त्यसैले सुवेदीको प्रस्तुत कृतिमा गरिएको व्याख्या विश्लेषण ऐतिहासिक देखिन्छ । समालोचक प्रेम प्रसाद राजभण्डारीको **प्रगतिवादी साहित्यमा नेत्रलाल पौडेल 'अभागी'** कृतिमा पौडेलको जीवनी र व्यक्तित्वलाई प्रस्तुत गरिएको छ । यसमा पौडेलको जन्मदेखि मृत्युसम्मको इतिहासलाई प्रस्तुत गरिएको छ । उनको साहित्यिक यात्रालाई कालक्रमिक रूपमा

विश्लेषण गरिएको छ । जसका कारण प्रस्तुत समालोचनात्मक कृति पनि ऐतिहासिक व्याख्या विश्लेषणमा आधारित देखिन्छ ।

समालोचक केशव सुवेदीको **परिधीय परिक्रमा**भित्र रहेका केही समालोचनाहरू ऐतिहासिक व्याख्या विश्लेषणमा आधारित छन् । 'हृदयचन्द्र सिंह प्रधानको निबन्धकारिता शीर्षकको समालोचनामा प्रधानको निबन्ध यात्रालाई तीन चरणमा राखेर अध्ययन विश्लेषण गरिएको छ । 'साहित्यिक पत्रिका-सम्पादनमा कृष्ण प्रसाद पराजुलीको योगदान शीर्षकको समालोचनामा कृष्ण प्रसाद पराजुलीले वि.सं. २०१६ सालदेखि २०४५ सालसम्म सम्पादन गरेका पत्रिका र तिनको सम्पादकीय व्यक्तित्वको व्याख्या विश्लेषण गरिएको छ । जसका कारण यिनीहरू ऐतिहासिक व्याख्या विश्लेषणमा आधारित देखिन्छन् ।

### ६.३.२.४ भाषा शैलीगत व्याख्या विश्लेषण

कुनैपनि साहित्यिक कृतिको समालोचना गर्दा उक्त कृतिको व्याख्या विश्लेषण भाषा शैलीगत आधारमा पनि गरिन्छ । कृतिको भाषा शैलीलाई आधार बनाएर गरिएको अध्ययनलाई भाषा शैली व्याख्या विश्लेषण भनिन्छ । दाङ जिल्लाका समालोचनात्मक कृतिमा रहेका समालोचनाहरूमा भाषा शैलीगत पद्धतिको व्याख्या विश्लेषण कम पाइन्छन् ।

समालोचक बुनू लामिछानेको **सुलोचना महाकाव्यको विश्लेषणमा** आंशिक रूपमा भाषा शैलीगत व्याख्या विश्लेषण पाइन्छ । सुलोचना महाकाव्यमा प्रयोग भएका कठिन शब्दको अर्थसहित विश्लेषण गरिएको पाइन्छ । यसले भाषा शैलीगत व्याख्या विश्लेषणलाई सङ्केत गर्दछ । समालोचक बिन्दु शर्माको **आधारभूत नेपाली समालोचना** सङ्ग्रहमा रहेको एउटा समालोचनामा मात्र भाषा शैलीगत व्याख्या विश्लेषण पाइन्छ । '**पल्पसा क्याफे** उपन्यासको भाषा शैलीगत प्रभाव' शीर्षकको समालोचनामा **पल्पसा क्याफे** उपन्यासमा प्रयोग गरिएको भाषा र लेखन शैलीलाई विश्लेषण गरिएको छ ।

### ६.३.२.५ वैचारिक व्याख्या विश्लेषण

कृतिकारले कृतिभित्र प्रयोग गरेको विचार पक्षलाई आधार बनाई गरिएको व्याख्या विश्लेषणलाई वैचारिक पद्धतिको व्याख्या विश्लेषण भनिन्छ । दाङ जिल्लाका समालोचनात्मक कृतिभित्र रहेका केही समालोचनाहरूमा वैचारिक पद्धतिका व्याख्या विश्लेषण पनि पाइन्छन् ।

समालोचक केशव सुवेदीको **परिधीय परिक्रमा**भित्र रहेका केही समालोचनाहरूको व्याख्या विश्लेषण वैचारिक रहेका छन् । 'के नेपाल सानो छ ? निबन्धको विवेचना' शीर्षकको समालोचनामा लक्ष्मीप्रसाद देवकोटाको के नेपाल सानो छ ? निबन्धको व्याख्या विश्लेषण गरिएको छ । यसमा निबन्धकार देवकोटाको नेपालप्रतिको विचार पक्षलाई व्याख्या विश्लेषण गरिएको छ । 'केशव प्रसाद उपाध्यायको साहित्य साधनको पूर्वपीढिका : कथा सिर्जना' शीर्षकको समालोचनामा उपाध्यायको मेरो सृष्टी : मेरो दृष्टिमा' भित्र रहेका कथाहरूको व्याख्या विश्लेषण गरिएको छ । यसको व्याख्या विश्लेषण कथाभित्रको मूलभावमा मात्र केन्द्रित भएको छ । '**डा. सूर्यप्रसाद** उपन्यासमा कमल दीक्षितको सम्पादन भूमिका' शीर्षकको समालोचनामा विज्ञान विलासको **डा. सूर्यप्रसाद** उपन्यासको भूमिकामा केन्द्रित रहेको छ । यसको भूमिकामा कमल दीक्षितले प्रस्तुत गरेको विचारमा केन्द्रित रहेकाले यसको व्याख्या विश्लेषण पनि वैचारिक रहेको पाइन्छ ।

### ६.३.२.६ प्रभावगत व्याख्या विश्लेषण

कुनै कृति पढ्दा आफ्ना मनमा परेको प्रभावका आधारमा गरिएको व्याख्या विश्लेषणलाई प्रभावगत भनिन्छ । यसमा विधासिद्धान्त, कृतिको प्रवृत्ति, साहित्य सिद्धान्त जस्ता पक्षको उपेक्षा गरिन्छ । दाङ जिल्लाका समालोचनात्मक कृतिहरू मध्ये गिरिराज शर्माको **केही कृति समीक्षा र विविध** कृतिमा प्रभावगत व्याख्या विश्लेषण पाइन्छ । यसमा शर्माका अट्ठाईसओटा समीक्षात्मक लेखहरू रहेका छन् । यसमा सङग्रहित लेखहरूको व्याख्या विश्लेषण गर्दा शर्माले सर्सती कृति पढ्दा जस्तो प्रभाव पऱ्यो त्यसैका आधारमा गरेका छन् । यसले गर्दा उनको व्याख्या विश्लेषण उत्कृष्ट र सबल बन्न सकेको छैन ।

### ६.३.३ सैद्धान्तिकीकरण

कुनै पनि साहित्यिक कृतिको समालोचना गर्दा मूल्य निर्णय र व्याख्या विश्लेषण गर्न सिद्धान्तको आवश्यकता पर्दछ । सिद्धान्तका आधारमा मात्र कृतिको व्याख्या विश्लेषण सम्भव हुन्छ । त्यसैगरी कृतिहरूका आधारमा समालोचकनात्मक सिद्धान्त पनि बनाउनु पर्ने हुन्छ । यस कार्यको लागि पनि व्याख्या विश्लेषणबाट मात्र सिद्धान्त तयार हुन्छ । जसका कारण सैद्धान्तिकीकरण समालोचनाको प्रमुख तत्त्वका रूपमा उभिन सक्छ । सैद्धान्तिकीकरणका सन्दर्भमा त्रिपाठी (२०६६:३२) ले यसरी उल्लेख गरेका छन् :

*साहित्यिक कृतिहरूमा प्राप्त हुने तथ्यहरूको अनुगमन गरी निष्कर्षसम्म पुगी साहित्यिक मान्यतालाई निगमनात्मक रूपमा प्रस्तुत गरी कृतिगत तथ्यका उदाहरणद्वारा तिनको पुष्टि गर्ने दुवै थरी (अनुगमनात्मक-निगमनात्मक) पद्धतिका आधारमा साहित्यिक ज्ञानपुञ्जको प्रवर्द्धन गर्ने .... ।*

समालोचना अन्तर्गत कृतिगत गुण-दोषको व्याख्या विश्लेषण गरी मूल्य निर्णय गर्दा ज्यादा प्रभावपरक हुन गई समालोचना नै कमजोर र निरीह हुन पुग्छ । यस कार्यलाई रोक्न समालोचनामा सैद्धान्तिकीकरणको महत्व बढेको पाइन्छ । यसले गर्दा व्यावहारिक समालोचनालाई झन बढी बलियो बनाएको छ । समालोचनामा सैद्धान्तिकीकरण आगमनात्मक र निगमनात्मक गरी दुई रूपमा प्रस्तुत हुन सक्तछ । यिनैका आधारमा नै दाङ जिल्लाका समालोचनात्मक कृतिका सैद्धान्तिकीकरणको अध्ययन विश्लेषण गरिएको छ ।

### ६.३.३.१ आगमनात्मक पद्धति

स्थापित सिद्धान्त बिना कृतिलाई विश्लेषण गरी निष्कर्ष निकाल्ने विधिलाई आगमनात्मक भनिन्छ । यो वस्तु तथ्यमा आधारित हुन्छ । यसले सिद्धान्तलाई वेवास्ता गर्दछ । आगमनात्मक पद्धतिबाट समालोचना गर्दा नयाँ सिद्धान्तको पनि प्रतिपादन हुन सक्दछ । दाङ जिल्लाका समालोचना कृति र तिनमा रहेका प्रशस्त समालोचनाहरू आगमनात्मक सैद्धान्तिक आधारमा रहेका छन् ।

समालोचक टीकाराम उदासीको **गजल सिद्धान्त र नेपाली गजलको इतिहास** नामक समालोचना कृतिमा गजलको सैद्धान्तिक र नेपाली गजलको ऐतिहासिक विश्लेषण गरिएको छ । यस कृतिमा उर्दू, फारसी र हिन्दी साहित्यमा रहेको गजल विधाको नेपाली परिवेश, शैली र गजलका आधारमा सिद्धान्त तयार पारिएको छ । यसैगरी नेपाली गजलको विगतदेखि वर्तमानसम्मको कालक्रमिक अध्ययन गरी इतिहास तयार पारिएको छ । प्रस्तुत कृतिमा गरिएको व्याख्या विश्लेषण कुनै स्थापित सिद्धान्तको आधारमाभन्दा पनि नेपाली परिवेश र शैली अनुकूल नै रहेको पाइन्छ । त्यसैगरी यसमा नेपाली गजलको कालविभाजन पनि गरेकाले आगमनात्मक सैद्धान्तिक पद्धतिमा आधारित छ भन्न सकिन्छ ।

समालोचक डा. गोविन्द आचार्यको **लोकगीतको विश्लेषण**मा राप्ती अञ्चलका लोकगीतको वृहत व्याख्या विश्लेषण गरिएको छ । यसमा राप्ती अञ्चलका लोक गीतहरूलाई सङ्कलन गरी

विभिन्न प्रकार र विशेषताका आधारमा वर्गीकरण गरिएको छ । प्रस्तुत कृति राप्तीका लोकगीतहरूको लामो खोज अनुसन्धान र अध्ययन विश्लेषण गरी निष्कर्षसम्म पुगेकाले आगमनात्मक सैद्धान्तिक आधारमा रहेको पाइन्छ ।

**राप्ती लोक साहित्य** समालोचक डा. गोविन्द आचार्यकै राप्तीका नेपाली, मगर, थारु र अवधि भाषाका लोक साहित्य प्रस्तुत गरिएको कृति हो । यसरी प्रस्तुत कृतिमा राप्ती अञ्चलका उल्लेखित भाषाका लोक साहित्यको खोज, अनुसन्धान र विश्लेषणबाट निष्कर्षसम्म पुग्ने कार्य भएको छ । त्यसकारण प्रस्तुत कृति आगमनात्मक सैद्धान्तिक आधारमा रहेको छ ।

समालोचक केशव सुवेदीको **रापतीको साहित्यिक रूपरेखा** ऐतिहासिक समालोचकनात्मक कृति हो । यसमा राप्ती अञ्चलका सबै जिल्लाका साहित्यिक गतिविधि, साहित्य लेखनपरम्पराको अध्ययन विश्लेषण गरिएको छ । यसमा साहित्यका झण्डै सबै विधाका प्रारम्भदेखि प्रकाशनसम्मको अवधिको ऐतिहासिक चर्चा गरिएको छ । यस प्रकार प्रस्तुत कृतिमा साहित्य सिद्धान्तका आधारमा नभै ऐतिहासिकताका आधारमा अध्ययन विश्लेषण गरिएको पाइन्छ । जसका कारण प्रस्तुत कृति आगमनात्मक सैद्धान्तिक आधारमा रहेको पाइन्छ ।

नेत्र एटमको **समालोचनाको स्वरूप**भित्र रहेका केही समालोचनाहरू आगमनात्मक सैद्धान्तिक आधारमा रहेका छन् । ‘कवितामा शब्दको त्रासदी’ शीर्षकको समालोचनामा नेपाली कविहरूले कसरी शब्दहरूलाई आफ्नो नियन्त्रणमा राखी प्रयोग गर्छन । उक्त शब्दहरूबाट कसरी पाठकमा त्रासदी उत्पन्न गर्छन भन्ने कुराको विश्लेषण गरिएको छ । ‘कथाकारिताका सन्दर्भमा ‘लोग्ने’ कथामा विभिन्न आयाम’ शीर्षकको समालोचनामा कथाकार पुष्कर समसेरको लोग्ने कथाको विश्लेषण गरिएको छ । यसमा कथाको स्थापित सिद्धान्तलाई प्रयोग नगरी उक्त कथामा प्रयोग गरिएका क्षेत्रका आधारमा विश्लेषण गरिएको छ । ‘औपन्यासिक गति’ शीर्षकको समालोचनामा नेपाली उपन्यासमा प्रयोग गरिएको दृश्यात्मक र सङ्क्षेप पद्वतिबाट औपन्यासिक गतिलाई निर्धारण गरिएको छ । प्रस्तुत व्याख्या विश्लेषणबाट समालोचकले गतिको सृजना र निर्धारण हुने सैद्धान्तिक आधार प्रस्तुत गरेका छन् । ‘समकालीन सन्दर्भमा महाकाव्य र उपन्यास’ शीर्षकको समालोचनामा एटमले पाठकको रुचि, अध्ययन, लेखाइको समय जस्ता पक्षबाट वर्तमान समयमा महाकाव्य र उपन्यासको तुलनात्मक विश्लेषण प्रस्तुत गरेका छन् । यसबाट समालोचकले वर्तमान समयमा उपन्याससँग महाकाव्यले हारेको निष्कर्ष निकालेका छन् । ‘काव्यिक समय र चेतनाको अवस्था’

शीर्षकको समालोचनामा समयलाई कविले कसरी स्थीर राख्न सक्छन् भन्ने कुरालाई प्रयोगात्मक रूपले केलाइएको छ । यसरी माथि उल्लेख गरिएका समालोचनाहरूमा एटमले कुनै स्थापित सिद्धान्त विना व्याख्या विश्लेषण गर्दै नवीन तथ्य खोज्न तिर लागेको पाइन्छ । जसका कारण उल्लेखित समालोचनाहरू आगमनात्मक सैद्धान्तिक आधारमा रहेका छन् ।

नेत्र एटमकै **नेपाली डायस्पोरा र अन्य समालोचना**मा रहेका अधिकांश सालोचनाहरूका व्याख्या विश्लेषणका सैद्धान्तिक आधार आगमनात्मक रहेको छन् । 'समसामयिक नेपाली उपन्यासमा प्रयुक्त विषय' शीर्षकको समालोचनामा वि.सं. २०४६ साल पछिका नेपाली उपन्यासमा पाइने विषयवस्तुका आधारमा ती उपन्यासहरूका व्याख्या विश्लेषण गरिएको छ । 'नेपाली डायस्पोरा र **यमपुरीको महल'** शीर्षकको समालोचना सैद्धान्तिक समालोचना हो । यसमा नेपालीमा डायस्पोरा लेखनको परिचर्चा सुरु भए पनि त्यसको सैद्धान्तिक आधार र त्यसकै आधारबाट कृति विश्लेषण गर्न सकिने नमूना प्रस्तुत गरिएको छ । 'दाँते र विकल : कहिले छुन्छ सागरले सगरमाथा' शीर्षकको समालोचनामा इटालीका कवि दाँते र नेपालका रमेश विकलका बीच तुलनात्मक अध्ययन विश्लेषण गरिएको छ । 'कथामा देवकोटाको अग्रगामी सोच' शीर्षकको समालोचनामा लक्ष्मी प्रसाद देवकोटाका कथामा रहेका वैचारिक पक्षको मात्र अध्ययन विश्लेषण गरिएको छ । 'नेपाली गजलको अवस्था र सम्भावना' शीर्षकको समालोचनामा गजलको ऐतिहासिक चर्चा गरिएको छ । यसमा मूल रूपमा समसामयिक नेपाली गजलको शक्ति र सीमाका बारेमा नै व्याख्या विश्लेषण गरिएको छ । 'मञ्जुलका गीतहरूमा जीवनको लय' शीर्षकको समालोचनामा गीत सिद्धान्तका आधारमा नभएर लेखकीय पृष्ठभूमि दिएर उनको कृतिभित्र उपलब्ध विशेषताहरूलाई केलाउने प्रयास गरिएको छ । 'समसामयिक नेपाली नाटकका प्रबृत्तिहरू' शीर्षकको समालोचनामा नाटक सिद्धान्तका आधारमा समसामयिक नाटकका प्रबृत्तिका आधारमा व्याख्या विश्लेषण गरिएको छ । 'समसामयिक नेपाली निबन्धको प्रभेदगत सर्वेक्षण' शीर्षकको समालोचनामा समसामयिक नेपाली निबन्धमा प्रयोगको शैलीका आधारमा प्रकारगत व्याख्या विश्लेषण गरिएको छ । 'शङ्कर लामिछानेको निबन्धकला' शीर्षकको समालोचनामा लामिछानेको निबन्ध शैलीका आधारमा उनका निबन्धका व्याख्या विश्लेषण गरिएको छ । 'निबन्धकार हृदयचन्द्र सिंह प्रधान' शीर्षकको समालोचनामा प्रधानका निबन्ध सङ्ग्रहमा प्रस्तुत निबन्धका आधारमा उनका विशेषता छुट्टाउने कार्य गरिएको छ । यस प्रकार उल्लेखित समालोचनाहरूमा तथ्य सङ्कलन र विश्लेषण गरी तिनकै आधारमा व्याख्या विश्लेषण तथा निष्कर्ष प्रस्तुत गरिएकाले आगमनात्मक सैद्धान्तिक आधारमा रहेको छन् ।

समालोचक विन्दु शर्माको **आधारभूत नेपाली समालोचनामा** रहेका अधिकांश समालोचनाहरू आगमनात्मक सैद्धान्तिक आधारमा रहेका छन् । **'पल्पसा क्याफे** उपन्यासको भाषा शैलीगत प्रभाव' शीर्षकको समालोचनामा नारायण वाग्लेको **पल्पसा क्याफे** उपन्यासमा प्रयोग गरिएको भाषा र शैलीलाई अध्ययन गरी निष्कर्षसम्म पुग्ने प्रयास गरिएको छ । **'नरेन्द्रदाई'** उपन्यासमा प्रयुक्त पुरक नारी पात्रहरू' शीर्षकको समालोचनामा विश्वेश्वर प्रसाद कोइरालाको **नरेन्द्र दाई** उपन्यासमा रहेका नारीपात्रहरूको अध्ययन विश्लेषण गरिएको छ । '**लाभाका बाफहरू कथा**सङ्ग्रहको वैचारिक पक्षहरू' शीर्षकको समालोचनामा जलेश्वरी श्रेष्ठको **'लाभाका बाफहरू'** कथा सङ्ग्रहमा रहेका कथाका वैचारिक पक्षको मात्र अध्ययन विश्लेषण गरिएको पाइन्छ । 'कोइरालाको 'कथा' कथाका विशिष्ट पक्षहरू' शीर्षकको कथाको वैचारिक अध्ययन विश्लेषण गरिएको छ । 'आधुनिक नेपाली कविताका धारागत प्रवृत्तिहरू' शीर्षकको समालोचनामा आधुनिक नेपाली कविताका विशेषता/प्रवृत्तिका आधारमा धारा वा मोडका रूपमा अध्ययन विश्लेषण गरिएको पाइन्छ । 'कृतिगत दृष्ट्रिले' **'भक्त भानुभक्त'** 'नाटक' शीर्षकको समालोचनामा बालकृष्ण समको **'भक्त भानुभक्त'** नाटकको प्रयोग पक्षका आधारमा अध्ययन विश्लेषण गरिएको छ । यस प्रकार आधारभूत नेपाली समालोचना सङ्ग्रहभित्र रहेका माथि उल्लेखित समालोचकहरू कुनै स्थापित सिद्धान्तका आधारमा व्याख्या विश्लेषण गरिएको छैन । कृति वा रचनामा पाइने विविध पक्षको अध्ययन विश्लेषण पश्चात निष्कर्षसम्म पुग्ने प्रयास गरिएकाले उपर्युक्त समालोचनाहरू आगमनात्मक सैद्धान्तिक आधारमा रहेका छन् ।

समालोचक केशव सुवेदीको **परिधीय परिक्रमा**भित्र रहेका सबै समालोचनाहरू प्रायोगिक रहेका छन् । ती सबै समालोचनाहरूको व्याख्या विश्लेषण स्थापित सिद्धान्तका आधारमा गरिएका छैनन् । कृति र रचनामा पाइने विविध पक्षको अध्ययन विश्लेषण पश्चात् निष्कर्षसम्म पुग्ने कार्य भएको छ । जसका कारण यस सङ्ग्रहमा रहेका सबै समालोचनाहरू सैद्धान्तिक दृष्टिले आगमनात्मक रहेका छन् ।

समालोचक गिरिराज शर्माको **केही कृति समीक्षा र विविध** कृति समीक्षात्मक लेखहरू सङ्ग्रह गरिएको कृति हो । यसमा रहेका सबै समीक्षात्मक लेखहरूको व्याख्या विश्लेषण सैद्धान्तिक आधारमा नभै प्रभावका आधारमा गरिएको छ । कृति वा रचना पढ्दा जस्तो प्रभाव पऱ्यो त्यस्तै प्रभावपरक व्याख्या विश्लेषण भएकाले प्रस्तुत कृतिमा रहेका समीक्षाहरू आगमनात्मक सैद्धान्तिक आधारमा रहेका छन् ।

### ६.३.३.२ निगमनात्मक पद्धति

सिद्धान्त वा नियमका आधारमा कुनै कृतिको अध्ययन विश्लेषण गरी निष्कर्ष निकाल्ने सैद्धान्तिक विधिलाई निगमनात्मक भनिन्छ । यसमा स्थापित सिद्धान्तका आधारमा कृतिको तथ्यको विश्लेषण गरी निष्कर्ष निकालिन्छ । त्यसैले यसले नयाँ सिद्धान्तको प्रतिपादन गर्न सक्दैन । दाङ जिल्लाका समालोचना कृतिमा रहेका समालोचनाहरूमा निगमनात्मक व्याख्या विश्लेषण गरिएका पाइन्छन् ।

समालोचक बुनू लामिछानेको **सुलोचना महाकाव्यको विश्लेषण** महाकवि लक्ष्मीप्रसाद देवकोटाको **सुलोचना** महाकाव्यको कृतिपरक विश्लेषण गरिएको कृति हो । यसमा महाकाव्यको स्थापित सिद्धान्तका आधारमा **सुलोचना** महाकाव्यको अध्ययन विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ । व्याख्या विश्लेषणबाट नयाँ पक्ष खोजेर त्यसलाई स्थापित गराउन भन्दा समालोचक लामिछाने विधा सिद्धान्तका आधारमा जस्तो देखिन्छ त्यस्तै रूपमा प्रस्तुत गरेकी छन् । जसका कारण यस समालोचना कृति निगमनात्मक सैद्धान्तिक आधारमा रहन गएको छ ।

समालोचक नेत्र एटमको **समालोचनाको स्वरूप** भित्र रहेका विभिन्न शीर्षकका केही समालोचनाहरू निगमनात्मक सैद्धान्तिक आधारका छन् । 'सैद्धान्तिक पृष्ठभूमिमा **'सरुमै रानी'** लोकगाथाको विश्लेषण' शीर्षकको समालोचनामा नेपाली लोक साहित्यको लोकगाथाको स्थापित सिद्धान्तका आधारमा व्याख्या विश्लेषण गरिएको छ । 'समकालीन नेपाली कवितामा भााषिक विपर्यास' शीर्षकको समालोचनामा पाश्चात्य साहित्यमा प्रचलित भाषिक विपर्यासका प्रकारका आधारमा नेपाली कवितामा प्रर्युक्त भाषिक विपर्यासलाई व्याख्या विश्लेषण गरिएको छ । 'प्रयोगवादी नेपाली कविता र द्वारिका श्रेष्ठ' शीर्षकको समालोचनामा नेपाली प्रयोगवादी कविताको स्थापित सैद्धान्तिक विशेषताहरूका आधारमा प्रयोगवादी कवि द्वारिका श्रेष्ठका कविताहरूको व्याख्या विश्लेषण गरिएको पाइन्छ । 'कठपुतलीको मन' मा विनिर्माण/लिलालेखन' शीर्षकको समालोचनामा विनिर्माणवादी सिद्धान्तका आधारमा इन्द्रबहादुर राईको 'कठपुतलीको मन' कथालाई व्याख्या र विश्लेषण गरिएको पाइन्छ । **'अनुराधा'** उपन्यासमा नारीवाद'मा नारीवादी समालोचनाको सैद्धान्तिक प्रवृत्तिका आधारमा विजय मल्लको **'अनुराधा'** उपन्यासको व्याख्या विश्लेषण गरिएको छ । 'चेतन प्रवाह पद्धति र शङ्कर लामिछाने' शीर्षकको समालोचनामा पाश्चात्य निबन्ध लेखनमा देखापरेको चेतन प्रवाह शैलीको आधारमा शङ्कर लामिछानेका निबन्धहरूको व्याख्या विश्लेषण गरिएको छ । 'ध्रुवचन्द्र गौतमका नाटकमा पाइने प्रयोगको स्वरूप' शीर्षकको समालोचनामा प्रयोगवादका

विशेषताका आधारमा ध्रुवचन्द्र गौतमका नाटकहरूको अध्ययन विश्लेषण गरिएको छ । 'परम्परा, व्यक्तिप्रतिभा र देवकोटा' शीर्षकको समालोचनामा पाश्चात्य साहित्य सिद्धान्तमा रहेको परम्परा र व्यक्ति प्रतिभा सिद्धान्तका आधारमा देवकोटाको जीवनी र उनको काव्य लेखनलाई अध्ययन विश्लेषण गरिएको पाइन्छ । यसप्रकार माथि उल्लेखित शीर्षकका समालोचनाहरूमा स्थापित सिद्धान्तका आधारमा अध्ययन विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ । यसैले यिनी समालोचनाहरू निगमनात्मक सैद्धान्तिक आधारका रहेका छन् ।

समालोचक नेत्र एटमकै **नेपाली डायस्पोरा र अन्य समालोचना** सङ्ग्रहमा रहेको एउटा मात्र समालोचना निगमनात्मक सैद्धान्तिक आधारको छ । 'नेपाली अधिआख्यान : स्वरूप र सम्भावना' शीर्षकको समालोचनामा पाश्चात्य साहित्यमा देखा परेको अधिआख्यानका आधारमा नेपाली कथा र उपन्यास भित्रका अधिख्यान खोजेका छन् ।

समालोचक डा. गोविन्द आचार्यको **साहित्य सिद्धान्त** सैद्धान्तिक समालोचनात्मक कृति हो । यसमा पूर्वीय, पाश्चात्यका साहित्यिक र समालोचनात्मक पद्धतिका साथै नेपाली साहित्यको विधागत सैद्धान्तिक आधार प्रस्तुत गरिएको छ । पहिले नै तयार भएका साहित्य सिद्धान्तलाई यहाँ संक्षिप्त रूपमा प्रस्तुत गरिन्छ । यसले गर्दा प्रस्तुत कृति सैद्धान्तिक दृष्टिले निगमनात्मक रहेको पाइन्छ ।

समालोचक विन्दु शर्माको **'गीति नाट्य परम्परामा राष्ट्रकवि घिमिरे'** कृतिमा माधवप्रसाद घिमिरेका गीति नाटकहरूको कृतिपरक अध्ययन गरिएको छ । घिमिरेका गीति नाटकहरूको अध्ययन विश्लेषण नेपाली गीति नाटकको स्थापित सिद्धान्तका आधारमा गरिएको छ । यसरी स्थापित सिद्धान्तका आधारमा घिमिरेका गीतिनाटकका व्याख्या विश्लेषण गर्दै निष्कर्षसम्म पुगेकाले प्रस्तुत कृति निगमनात्मक सैद्धान्तिक आधारमा रहेको पाइन्छ ।

समालोचक बिन्दु शर्माकै **आधारभूत नेपाली समालोचना** सङ्ग्रहमा रहेका केही समालोचनाहरू निगमनात्मक सैद्धान्तिक प्रवृत्तिबाट प्रेरित भएका छन् । 'कृष्णकी कठपुतली **राधा** : नारीवादी पठन' शीर्षकको समालोचनामा नारीवादी सिद्धान्तका आधारमा कृष्ण धरावासीको **राधा** उपन्यासको अध्ययन विश्लेषण गर्दै निष्कर्षसम्म पुगिएको छ । '**उलार** उपन्यासको समाजपरक अध्ययन' शीर्षकको समालोचनामा समाजपरक समालोचनाका आधारमा नयनराज पाण्डेको **उलार** उपन्यासको अध्ययन विश्लेषण गर्दै निष्कर्ष प्रस्तुत गरिएको छ । 'नेपाली राष्ट्रिय अखण्डताको

आधारशिला : **राष्ट्रनिर्माता** खण्डकाव्य' शीर्षकको समालोचनामा माधवप्रसाद घिमिरेको **राष्ट्रनिर्माता** खण्डकाव्यलाई सैद्धान्तिक तत्त्वका आधारमा विश्लेषण गरिएको छ । '**च्यात्तिएको पर्दा** नाटकमा पाइने चारित्रिक विशिष्टता' शीर्षकको समालोचनामा गोविन्द बहादुर मल्ल गोठालेको **च्यात्तिएको पर्दा** नाटकलाई मनोविज्ञानपरक समालोचनाका आधारमा व्याख्या विश्लेषण गर्दै निष्कर्षसम्म पुगिएको छ । '**अग्निस्पर्श**का निबन्धमा पुस्तान्तर चेतना' शीर्षकको समालोचनामा शारदा शर्माको **अग्निस्पर्श** निबन्ध सङ्ग्रहलाई पुस्तान्तरको सैद्धान्तिक मान्यताका आधारमा व्याख्या विश्लेषण गरिएको पाइन्छ । यसरी माथि उल्लेखित शीर्षकका समालोचनाहरू यस अघि नै स्थापित सिद्धान्तका आधारमा व्याख्या विश्लेषण गरी निष्कर्षको तहसम्म पुगेका छन् । जसका कारण तिनीहरू सैद्धान्तिक दृष्टिले निगमनात्मक रहेका छन् ।

### ६.३.३.३ मिश्रित पद्धति

दाङ जिल्लाका केही समालोचनाहरू आगमनात्मक र निगमनात्मक दुवै सैद्धान्तिक आधारमा रहेका पाइन्छन् । त्यसैले तिनलाई मिश्रित उप-शीर्षक राखेर अध्ययन विश्लेषण गरिएको छ ।

समालोचक नेत्र एटमको **समालोचनाको स्वरूप**भित्र रहेका केही समालोचनाहरू दुवै सैद्धान्तिक आधारमा व्याख्या विश्लेषण गरी निष्कर्षसम्म पुगिएको छ । 'गीत : इतिहास र अवधारणा' शीर्षकको समालोचनामा गीतको सिद्धान्तको आधार लिइएको छ । यसको साथै नेपाली गीतका नवीन पक्षहरूलाई समेत प्रस्तुत गर्दै निष्कर्षसम्म पुगिएको छ । 'समकालीन नेपाली कथा : परिवेश र प्रवृत्ति' शीर्षकको समालोचनामा नेपाली कथाको विधा सिद्धान्तका आधारमा समकालीन कथाहरूको चर्चा गरिएको छ । तर समकालीन नेपाली कथाका आधारमा प्रवृत्ति र विशेषता प्रस्तुत गरिएको छ । यसले समकालीन नेपाली कथालाई हेर्ने नवीन दृष्टिकोण प्रस्तुत गरेको पाइन्छ । 'समकालीन नेपाली समालोचनाको रूपरेखा' शीर्षकको समालोचनामा पाश्चात्य समालोचनाको सैद्धान्तिक आधार प्रस्तुत गरिएको छ । तर समकालीन नेपाली समालोचनालाई विशेषता र प्रवृत्तिका आधारमा नवीन दृष्टिकोणको विश्लेषण गरिएको छ । यस प्रकार माथिका समालोचनात्मक लेखहरूमा सिद्धान्तको आधार प्रस्तुत गर्दा पनि नवीन खोजमूलकता तर्फबढी केन्द्रित भएकाले आगमनात्मक र निगमनात्मक दुवै सैद्धान्तिक आधार पाइन्छ ।

समालोचक प्रेमप्रसाद राजभण्डारीको **प्रगतिवादी साहित्यमा नेत्रलाल पौडेल अभागी** कृति जीवनीपरक समालोचनात्मक कृति हो । यसमा नेत्रलाल पौडेल 'अभागी' को जीवनी र व्यक्तित्व आगमनात्मक विधिबाट प्रस्तुत गरिएको छ । उनका कृति विश्लेषणका क्रममा स्थापित विधा सिद्धान्तलाई आधार बनाइएको छ । जसका कारण प्रस्तुत कृति आगमनात्मक र निगमनात्मक दुवै सैद्धान्तिक आधारमा रहेको पाइन्छ ।

### ६.३.४ शोधपरकता

समालोचनात्मक व्याख्या विश्लेषणका क्रममा निश्चित विधि वा पद्धति अंगाल्नु पर्छ । निश्चित विधि वा पद्धति बिनाको व्याख्या विश्लेषणमा त्रुटीहरू रहने गर्दछन् । यसले गर्दा मूल्य निर्णयमा समेत समस्या उत्पन्न हुन्छ । समालोचनामा शुरुदेखि अन्तिमसम्मको सम्पूर्ण कार्यहरूलाई निश्चित विधिमा आबद्ध गराई सम्पन्न गर्ने कार्य शोधपरकताले गर्दछ । यस अन्तर्गत शोध कार्यका विधि र नियमलाई समालोचनामा प्रयोग गरिन्छ । त्यसकारण समालोचनाको अर्को तत्त्वका रूपमा शोधपरकतालाई प्रस्तुत गर्न सकिन्छ। शोधपरकताका सन्दर्भमा त्रिपाठी (२०६६:३३) ले यसरी उल्लेख गरेका छन् :

> *कुनै साहित्यिक कृति, कृतिकार, साहित्ये इतिहास वा साहित्यिक मान्यतासँग सम्बद्ध खास समस्यालाई लिएर त्यसबारे निश्चित प्राक्कल्पना अँगालेर (वा, नअँगालेर पनि) सम्बद्ध प्राप्य यावत तथ्यहरूको पर्यवेक्षण र सङ्कलनका साथै परिशोधन निश्चित विधि र सिद्धान्तका आधारमा गरी ती वस्तु तथ्यहरूका बीचका अन्तः सम्बन्धहरूको वर्णन, व्याख्या विश्लेषण एवम् सामान्यीकरण निष्कर्षणद्वारा निगमनात्मक-अनुगमनात्मक तर्क पद्धतिमार्फत् प्रमाणिक सत्यसम्म पुग्ने जुन प्रयास शोधपरक समालोचना अन्तर्गत गरिन्छ त्यसले साहित्यिक समालोचना र सिद्धान्तलाई पनि परिष्कृत रूप प्रदान गर्न पर्याप्त मात्रामा सघाउँदै आएको छ ।*

समालोचना गर्दा निश्चित प्राक्कल्पना गर्ने र सामग्री सङ्कलन गर्दा शोधविधिबाट गर्नु पर्दछ । कृतिहरूको व्याख्या विश्लेषण, सामान्यीकरण हुँदै निष्कर्ष वा मूल्य निर्णयसम्म पुग्नु पर्ने हुन्छ । शोधपरकताले समालोचनामा वस्तुनिष्ठता, प्रमाणिकता र सत्यनिकटता प्रदान गर्दछ । प्रस्तुत शोधपत्रमा दाङ जिल्लाका नेपाली समालोचना कृतिका शोधपरकताको अध्ययन विश्लेषणका क्रममा निम्नलिखित बुँदाहरूलाई आधार बनाइएको छ :

- निश्चित प्राक्कल्पना गरे वा नगरेको निरूपण गर्नु,
- सामग्री सङ्कलन शोध विधिबाट गरे वा नगरेको निरूपण गर्नु,
- कृति/रचनाको व्याख्या विश्लेषण हुँदै सामान्यीकरण वा निष्कर्षमा पुगे वा नपुगेको निरूपण गर्नु,

### ६.३.४.१ निश्चित प्राक्कल्पना गरे वा नगरेको निरूपण गर्नु

निश्चित प्राक्कल्पना गरेर मात्र समालोचना गर्ने आधुनिक पद्धति नेपालीमा कमै पाइन्छ । दाङ जिल्लाका नेपाली समालोचना कृतिभित्र रहेका समालोचनाहरूमा पनि प्राक्कल्पना गरिएको पाइँदैन । अधिकांश समालोचनामा उद्देश्यलाई भने उल्लेख गरिएको छ । तर त्यस उद्देश्यलाई प्राक्कल्पनामा परिणत गरिएको छैन । निश्चित प्राक्कल्पना नगर्दा पनि दाङका समालोचनाहरू उद्देश्यभित्र भने रहन सफल बनेका छन् ।

### ६.३.४.२ सामग्री सङ्कलन शोध विधिबाट गरे वा नगरेको निरूपण गर्नु

सामग्री सङ्कलन गर्ने विधि अनेक छन् । दाङ जिल्लाका उल्लेखित समालोचना कृतिका व्याख्या विश्लेषणमा प्रयोग गरिएका सामग्रीहरूको सङ्कलन विधि पनि फरक-फरक रहेका छन् । तीनलाई सामग्री सङ्कलनका विभिन्न विधिमा प्रस्तुत गर्न सकिन्छ ।

**क) पुस्तकालय विधि**

कृति वा रचनाको समालोचना गर्दा समालोचकले आवश्यक सामग्री पुस्तकालयबाट सङ्कलन गर्ने पद्धतिलाई पुस्तकालय विधि भनिन्छ । दाङ जिल्लाका समालोचना कृति मध्ये अधिकांशमा पुस्तकालय विधिबाट सामग्री सङ्कलन भएको पाइन्छ । यसरी पुस्तकालय विधिबाट सामग्री सङ्कलन गरिएका समालोचना कृतिहरू निम्नलिखित पाइन्छन् :

**सुलोचना महाकाव्यको विश्लेषण, गजल सिद्धान्त र नेपाली गजलको इतिहास, आधारभूत नेपाली समालोचना, समालोचनाको स्वरूप, नेपाली डायस्पोरा र अन्य समालोचना, साहित्य सिद्धान्त, परिधीय परिक्रमा ।**

**ख) क्षेत्रीय अध्ययन पद्धति**

विभिन्न ठाउँ वा क्षेत्रमा गएर स्थलगत रूपमा आवश्यक सामग्री सङ्कलन गरिने पद्धतिलाई क्षेत्रीय अध्ययन पद्धति भनिन्छ । दाङ जिल्लाका केही समालोचनात्मक कृतिहरूमा क्षेत्रीय अध्ययन पद्धति बमोजिम सामग्री सङ्कलन गरिएको पाइन्छ । डा. गोविन्द आचार्यका **लोकगीतको विश्लेषण** र **राप्ती लोक साहित्य** कृतिमा सामग्री सङ्कलन गर्दा सम्बन्धित ठाउँमा नै गएर सामग्री सङ्कलन गरिएको पाइन्छ । त्यसैले उक्त दुवै समालोचनात्मक कृतिका सामग्री सङ्कलन क्षेत्रीय अध्ययन पद्धति बमोजिम गरिएको पाइन्छ ।

**ग) मिश्रित अध्ययन पद्धति**

पुस्तकालय र क्षेत्रीय दुवै पद्धतिबाट सामग्री सङ्कलन गरिएकालाई मिश्रितमा राखेर अध्ययन गरिएको छ । दाङ जिल्लाका केही समालोचनात्मक कृतिका सामग्री सङ्कलन गर्दा पुस्तकालय र क्षेत्रीय दुवै विधि प्रयोग गरिएको पाइन्छ । **गीति नाट्य परम्परामा राष्ट्रकवि घिमिरे** कृतिमा गीति नाटककार माधवप्रसाद घिमिरेको जीवनीको चर्चा गर्दा क्षेत्रीय अध्ययन पद्धतिको प्रश्नावली विधि प्रयोग गरिएको छ । यसै कृतिमा रहेका घिमिरेका गीति नाटकहरूको अध्ययन विश्लेषणमा भने पुस्तकालय विधिको प्रयोग गरी सामग्री सङ्कलन गरिएको छ । **प्रगतिवादी साहित्यमा नेत्रलाल पौडेल 'अभागी'** कृतिमा पनि दुवै पद्धतिको प्रयोग गरी सामग्री सङ्कलन गरिएको छ । यसमा नेत्रलाल पौडेल अभागीको जीवनी र व्यक्तित्व खण्डमा प्रयोग गरिएका सामग्री क्षेत्रीय अध्ययन पद्धतिमा र पुस्तकालय दुवैमा आधारित छन् । उनका साहित्यिक कृतिका अध्ययनमा भने पुस्तकालय विधिबाट सामग्री सङ्कलन गरिएको छ । **रापतीको साहित्यिक रूपरेखा** कृतिमा पनि अधिकांश क्षेत्रीय अध्ययन पद्धति र आंशिक रूपमा पुस्तकालय विधिको प्रयोगबाट सामग्री सङ्कलन गरिएको छ ।

### ६.३.४.३ कृति/रचनाको व्याख्या विश्लेषण हुँदै सामान्यीकरण वा निष्कर्षमा पुगे वा नपुगेको निरूपण गर्नु

कुनै पनि साहित्यिक कृतिको समालोचना गर्दा उक्त कृतिको अध्ययन विश्लेषण हुँदै सामान्यीकरण वा निष्कर्षमा पुग्नुपर्ने हुन्छ । दाङ जिल्लाका सबै समालोचनामा यस पद्धतिको प्रयोग गरिएको पाइन्छ । कृति वा रचनाको अध्ययन पश्चात विभिन्न उपशीर्षकमा वर्गीकरण गरि व्याख्या विश्लेषण गरिएको छ । व्याख्या विश्लेषणका आधारबाट नै सामान्यीकरण वा निष्कर्ष प्रस्तुत गरेको पाइन्छ । यसप्रकार दाङका सबै समालोचना कृतिमा यस पद्धतिको सफल प्रयोग गरिएको पाइन्छ ।

## ६.३. निष्कर्ष

केन्द्रक पाश्चात्य साहित्य जगत्मा आएको पछिल्लो मान्यता हो । यसलाई अनुकृतिमूलक, पाठकपरक, स्रष्टापरक र कृतिपरक गरी चार प्रकारमा बाँडिएको छ । दाङका समालोचनाहरू केन्द्रकका आधारमा अध्ययन गर्दा पाठकपरक असाध्यै कम रहेका  छन् । दाङका अधिकांश समालोचना र समालोचना कृतिहरू कृतिपरक पाइन्छन् । यसका साथै अनुकृतिमूलक र स्रष्टापरक समालोचनाहरू पनि ठिकै देखिन्छन् । दाङका सबै समालोचहरू मध्ये नेत्र एटम केन्द्रका आधारमा समालोचना लेख्न सचेत देखिन्छन् । किनभने उनको समालोचनाको स्वरूप सङ्ग्रह भित्र रहेका समालोचनाहरूमा चारै प्रकारका समालोचनाहरू पाइन्छन् । पछिल्लो पटक विकसित भए पनि यी चार केन्द्रहरूले साहित्य समालोचनाका सबै क्षेत्रलाई स्पष्टत : समेट्न सकेको पाइदैन् ।

## ६.४ निष्कर्ष

मूल्य निर्णय, व्याख्या विश्लेषण, सैद्धान्तिकीकरण र शोधपरकता समालोचनाका आधारभूत तत्त्वहरू हुन् । दाङका सबै समालोचना कृतिमा मूल्य निर्णय पाइदैन । तेह्रओटा समालोचना कृति मध्ये **सुलोचना महाकाव्यको विश्लेषण, समालोचनाको स्वरूप, नेपाली डायस्पोरा** र **अन्य समालोचना, गीतिनाट्य परम्परामा राष्ट्रकवि घिमिरे, आधारभूत नेपाली समालोचना** र **परिधीय परिक्रमा** कृतिहरू मात्र मूल्य निर्णयपरक रहेका छन् । व्याख्या विश्लेषणका दृष्टिले दाङका समालोचनामा विविधता पाइन्छ । तिनमा विधागत, प्रवृत्तिगत, ऐतिहासिक, भाषाशैलीगत, वैचारिक र प्रभावगत पद्धतिका व्याख्या विश्लेषण गरिएका छन् । यस मध्ये प्रवृत्तिगत व्याख्या विश्लेषणको प्रयोग अन्यका तुलनामा अधिक गरिएको पाइन्छ । सैद्धान्तिकीकरणका दृष्टिले दाङका अधिक समालोचनाहरू आगमनात्मक रहेका छन् । यसबाट नवीन दृष्टिकोण र निष्कर्षहरू प्रस्तुत गरेको पाइन्छ । यसकार्यमा अन्यका तुलनामा नेत्र एटम अगाडि देखिन्छन् । दाङका प्रायजसो समालोचना कृतिहरू शोधपरकतामा आधारित रहेका छन् । शोधपरकतामा आधारित रहँदा पनि निश्चित प्राक्कल्पना नगर्नु ठूलो कमजोरी देखा पर्दछ । यस प्रकार दाङका समालोचना कृति विधा तत्त्वका आधारमा मूल्य निर्णय सबैमा नरहे पनि समग्रताका आधारमा सबल र सक्षम रहेका छन् ।

## *पच्छिेद आठ*

# उपसंहार तथा मूल्याङ्कन

यस शोधपत्रको पहिलो परिच्छेदमा शोधपत्रको परिचय रहेको छ । यस अन्तर्गत शोधशीर्षक, शोधसमस्या, विषय परिचय, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य, शोधकार्यको सीमा, सामग्री सङ्कलन विधि जस्ता कुराहरूको परिचय दिइएको छ ।

दोस्रो परिच्छेदमा दाङ जिल्लाको सङ्क्षिप्त परिचय प्रस्तुत गरिएको छ । यस अन्तर्गत नामकरण र भौगोलिक एवम् प्राकृतिक क्षेत्रका नदीनाला, ताल, जलवायु, प्राकृतिक वनस्पति र माटोका बारेमा जानकारी दिइएको छ । त्यस्तै दाङको ऐतिहासिक पृष्ठभूमि, सामाजिक-साँस्कृतिक परिचय, जनसङ्ख्या र मन्दिर एवम् धार्मिक स्थलहरूका बारेमा समेत जानकारी दिइएको छ ।

तेस्रो परिच्छेदमा दाङको नेपाली समालोचनाको इतिहास रहेको छ । दाङको नेपाली समालोचनाको इतिहासलाई वि.सं. २००७/०८ देखि २०५७ सम्मलाई फुटकर समालोचना चरणका रूपमा प्रस्तुत गरिएको छ । वि.सं. २०५८ देखि हालसम्मको अवधिलाई कृति प्रकाशन एवम् विकासको चरण भनेर दुई चरणमा अध्ययन गरिएको छ ।

चौथो परिच्छेदमा दाङ जिल्लाका नेपाली समालोचक र तिनका समालोचना कृतिका बारेमा जानकारी दिइएको छ । यस अन्तर्गत बुनू लामिछाने र **उनको सुलोचना महाकाव्यको विश्लेषण,** टीकाराम उदासी र उनको **गजल सिद्धान्त र नेपाली गजलको इतिहास,** नेत्र एटम र उनका **समालोचनाको स्वरूप, नेपाली डायस्पोरा र अन्य समालोचना**; डा. गोविन्द आचार्य र उनका **लोकगीतको विश्लेषण, राप्ती लोक साहित्य, साहित्य सिद्धान्त**; बिन्दु शर्मा र उनका **गीतिनाट्य परम्परामा राष्ट्रकवि घिमिरे, आधारभूत नेपाली समालोचना**; केशव सुवेदी र उनका **रापतीको साहित्यिक रूपरेखा, परिधीय परिक्रमा**; प्रेमप्रसाद राजभण्डारी र उनको **प्रगतिवादी साहित्यमा**

**नेत्रलाल पौडेल अभागी**, गिरिराज शर्मा उनको **केही कृति समीक्षा र विविध** कृतिका परिचय प्रस्तुत गरिएको छ ।

पाँचौ परिच्छेदमा समालोचना विधाको सैद्धान्तिक अध्ययन गरिएको छ । यसमा समालोचनाको व्युत्पत्ति र अर्थ, पूर्वीय पाश्चात्य र नेपाली विद्वानले प्रस्तुत गरेका परिभाषाहरूको चर्चा गरिएको छ ।

छैंठौ परिच्छेदमा केन्द्रकका आधारमा दाङका समालोचना कृतिका अध्ययन विश्लेषण गरिएको छ । यसमा पाश्चात्य साहित्य समालोचनामा रहेका अनुकृतिमूलक, पाठकपरक, स्रष्टापरक र कृतिपरक केन्द्रकका आधारमा दाङका समालोनात्मक कृतिका अध्ययन विश्लेषण गरिएको छ ।

सातौं परिच्छेदमा समालोचनाका तत्त्वहरू निर्धारण गरिएको छ । यसरी निर्धारण गरिएको समालोचनाका तत्त्वहरू मूल्य निर्णय, व्याख्या विश्लेषण, सैद्धान्तिकीकरण र शोधपरकता रहेका छन् । यिनै तत्त्वगत आधारमा दाङका समालोचना कृतिका अध्ययन विश्लेषण गरिएको छ ।

दाङ जिल्लाको नेपाली समालोचना वि.सं. २००७/८ सालमा भारतको बनारसबाट आरम्भ भएर हालसम्म आइपुगेको छ । यसरी अगाडि बढ्दा यसमा अनेक उतार चढ़ाव आएको पाइन्छ । त्यसैले दाङको समालोचनाको इतिहासलाई दुई चरणमा विभक्त गरिएको छ । आरम्भदेखि वि.सं. २०५७ सम्मलाई पहिलो चरणको रूपमा फुटकर समालोचना लेखनको चरण भनिन्छ । यस चरणमा कृतिपरक, ऐतिहासिक, प्रभावपरक, प्रगतिवादी जस्ता प्रवृत्तिहरू पाइन्छन् । वि.सं. २०५८ सालदेखि यताको समयलाई कृति प्रकाशनको चरण भनिन्छ । हाल दाङको समालोचना यही चरणमा रहेको छ ।

दाङ जिल्लाका समालोचकहरूका प्रकाशित कृतिहरू हालसम्म तेह्रओटा पाइएका छन् । यी कृतिहरूमा सैद्धान्तिक र प्रयोगिक दुवै समालोचना पद्धति पाइन्छ । डा. गोविन्द आचार्यका **राप्ती लोक साहित्य, लोकगीतको विश्लेषण, साहित्य सिद्धान्त**; बुनू लामिछानेको **सुलोचना महाकाव्यको विश्लेषण**, विन्दु शर्माको **गीतिनाट्य परम्परामा राष्ट्रकवि घिमिरे** सैद्धान्तिक समालोचना कृति हुन् । केशव सुवेदीका **परिधीय परिक्रमा, रापतीको साहित्यिक रूपरेखा,** प्रेम प्रसाद राजभण्डारीको **प्रगतिवादी साहित्यमा नेत्रलाल पौडेल अभागी,** गिरिराज शर्माको **केही कृति समीक्षा र विविध** प्रायोगिक समालोचना कृति हुन् । नेत्र एटमका **समालोचनाको स्वरूप, नेपाली डायस्पोरा र अन्य**

**समालोचना**; बिन्दु शर्माको **आधारभूत नेपाली समालोचना** कृतिहरू समालोचना सङ्ग्रह हुन् । यिनमा प्रकाशित फुटकर समालोचनाहरू सैद्धान्तिक र प्रायोगिक दुवै छन् । टीकाराम उदासीको **गजल सिद्धान्त र नेपाली गजलको इतिहास** कृतिमा भने सैद्धान्तिक र प्रायोगिक दुवै चर्चा पाइन्छ । यसमा रहेको गजलको सिद्धान्त सैद्धान्तिक समालोचनाभित्र पर्दछ भने नेपाली गजलको इतिहास ऐतिहासिक समालोचनाभित्र पर्दछ । कृतिहरूभित्र रहेका प्रायोगिक समालोचनाहरूमा ऐतिहासिक, कृतिपरक, प्रभावपरक, प्रगतिवादी, व्यक्तिकेन्द्रित जस्ता प्रवृत्ति पाइन्छन् ।

दाङका केही समालोचनात्मक कृतिहरू मात्र समालोचनाको प्रमुख तत्त्व मूल्य निर्णयका आधारमा केही सबल र सक्षम रहेका छन् । दाङ जिल्लाका समालोचकहरूका मूल्य निर्णयपरक कृतिहरूमा नेत्र एटमका **समालोचनाको स्वरूप** र **नेपाली डायस्पोरा र अन्य समालोचना**; बुनू लामिछानेको **सुलोचना महाकाव्यको विश्लेषण**, विन्दु शर्माका **गीतिनाट्य परम्परामा राष्ट्रकवि घिमिरे** र **आधारभूत नेपाली समालोचना** रहेका छन् । समालोचनाका अन्य तत्त्वहरू व्याख्या विश्लेषण, सैद्धान्तिकीकरण र शोधपरकताका दृष्टिले दाङका अधिकांश समालोचना कृतिहरू उत्कृष्ट रहेका छन् । अन्य समालोचकका तुलनामा तत्त्वगत दृष्टिले नेत्र एटमका समालोचना बलिया देखिन्छन् । यिनका अधिकांश समालोचना मूल्य निर्णयपरक रहेका छन् ।

कृति प्रकाशतदेखि नै दाङको समालोचना नेपाली समालोचनाको मूल प्रवाहमा रहेको पाइन्छ । किनभने कतिपय दङाली समालोचकका कृतिले नेपाली समालोचनालाई नै नेतृत्वसमेत गरेका छन् । टीकाराम उदासीको **गजल सिद्धान्त र नेपाली गजलको इतिहास**ले पहिलो पल्ट गजलको सैद्धान्तिक चर्चा र नेपाली गजलको इतिहास प्रस्तुत गर्न सफल भएको छ । यस्तै बिन्दु शर्माको **गीतिनाट्य परम्परामा राष्ट्रकवि घिमिरे**ले नेपालीमा गीति नाटकको सैद्धान्तिक स्वरूप र कृति विश्लेषणको आधार तयार पारेको छ । डा. गोविन्द आचार्यको **लोकगीतको विश्लेषण** नेपाली लोकगीतको पहिलो र आधिकारिक ग्रन्थ भएको कुरा डा. माधवप्रसाद पोखरेलले उक्त कृतिको भूमिकामा उल्लेख गरेका छन् । यति मात्र नभएर नेत्र एटमका **समालोचनाको स्वरूप** र **नेपाली डायस्पोरा र अन्य समालोचना** सङ्ग्रहभित्र रहेका अधिकांश समालोचनाहरू नेपाली समालोचनाको स्तर र गति निर्धारण गर्न समेत सफल बनेका छन् । यसले एकातिर दाङको समालोचना नेपाली समालोचनाको मूल प्रवाहमै रहेको पुष्टि हुन्छ भने अर्कोतिर नेपाली समालोचनाको पछिल्लो चरणको विकास विस्तारमा दङाली समालोचनकहरूले महत्त्वपूर्ण योगदान पुऱ्याएको प्रष्ट हुन्छ । यसप्रकार टीकाराम उदासी, विन्दु शर्मा, डा. गोविन्द आचार्य र नेत्र एटमले समग्र नेपाली समालोचना

जगत्मा आफ्नो पृथक पहिचान कायम राख्न सफल बनेका छन् । त्यसैले दाङको नेपाली समालोचना परम्पराको भविष्य उज्ज्वल देखिन्छ ।

# सन्दर्भ ग्रन्थ सूची


अधिकारी डी.पी. (२०२८), साहित्य आलोचना, सकसक, (वर्ष १, अङ्क २), पृ. ५८ ।

आचार्य गोविन्द (२०६२), **लोकगीतको विश्लेषण,** काठमाडौं : पैरवी प्रकाशन ।

__________, (२०६३), **राप्ती लोक साहित्य,** काठमाडौं : पैरवी प्रकाशन ।

__________, (२०६५), **साहित्य सिद्धान्त,** काठमाडौं : पैरवी प्रकाशन ।

उदासी टीकाराम (२०५७), कवि नेत्रलालको सतिसालमात्र ठिङ्ग उभिन सक्छ, **बहिङ्गा,** पृ. ३४-३७ ।

__________, (२०५९), **गजल सिद्धान्त र नेपाली गजलको इतिहास,** दाङ : अतिरिक्त प्रकाशन ।

__________, (२०६७), राप्तीको समालोचना : एक अवलोकन, **मध्यपश्चिमका समालोचना** (वर्ष ..., अङ्क १) पृ. २५२-२५७ ।

एटम नेत्र (२०६१), **समालोचनाको स्वरूप,** ललितपुर : साझा प्रकाशन ।

__________, (२०६७), **नेपाली डायस्पोरा र अन्य समालोचना,** काठमाडौं : एकता प्रकाशन ।

कँडेल घनश्याम (२०५५), **साझा समालोचना,** ललितपुर : साझा प्रकाशन ।

खनाल यदुनाथ (२००३), **समालोचनाको सिद्धान्त,** काठमाडौं : नेभाप्रस ।

गिरी अमर (२०५०), दाङको सङ्क्षिप्त साहित्यिक इतिहास, **अन्तर्ध्वनि,** (वर्ष २७, रन्को १), पृ. ११-२१ ।

__________, (२०५६), दाङको प्रगतिवादी साहित्य, **अन्तर्ध्वनि,** (वर्ष ३४, अङ्क १) पृ. १९-२५ ।

गौतम टेकनाथ (२०५०), **राप्ती अञ्चलको इतिहास तथा केही संस्मरणहरू,** वाराणसी : अजय प्रिन्टर्स ।

__________, (२०५३), दाङका पुराना कवि, युगबोध, (वर्ष २१, अङ्क १७१), पृ. ३

घिमिरे रामकुमार (२०२७), लेखकहरू बारे लेनिनवादी दृष्टिकोण, **सन्देश,** वाराणसी ।

घिमिरे यामनाथ (२०६४/०६५), समालोचनाको विधागत प्रवृत्ति, **कुञ्जिनी,** (वर्ष १५, अङ्क १२), पृ. १७८-१८२ ।

त्रिपाठी वासुदेव (२०६६), **साहित्य सिद्धान्त : शोध तथा सृजनविधि,** काठमाडौं : पाठयसामग्री पसल ।

थापा मोहन हिमांशु (२०४७), **साहित्य परिचय,** ललितपुर : साझा प्रकाशन ।

**दाङ जिल्लाको जिल्लाको वस्तुगत विवरण** (२०६२/०५३), जि.वि.स. दाङ, पृ. २-४ ।

देवकोटा इब (२०५०), दाङको साहित्यिक सेरोफेरो : सङ्क्षिप्त अवलोकन, **सञ्चिता** (वर्ष १, अङ्क १), पृ. ३५-३८ ।

नेपाली राममणि (२०२५), शान्ति सन्देश मेरो आँखामा, **सन्देश,** वाराणसी ।

पोखरेल माधवप्रसाद (२०६१), **नेपाली समालोचनाको अध्ययन (२०२५-२०४०),** (अप्रकाशित एम.ए. शोधपत्र), नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

पोरखेल सुनील (२०६२), दाङ जिल्लाको सामान्य परिचय, **हाम्रो दाङ हाम्रो तस्विर स्मारिका,** काठमाडौं : दाङ विद्यार्थी समिति, त्रि.वि. कीर्तिपुर ।

प्रधान कृष्णचन्द्र सिंह (२०५२), **साझा समालोचना,** ललितपुर : साझा प्रकाशन ।

बन्धु चूडामणि र अरुहरू सम्पा. (२०४०), **नेपाली बृहत शब्दकोश,** काठमाडौं : ने.रा.प्र.प्र. ।

भट्टराई घटराज र शरदचन्द्र भट्टराई सम्पा. (२०५९), **प्राचीन नेपाली पथ,** काठमाडौं : साझा प्रकाशन ।

भुषाल राजु (२०६१/०६२), समालोचनाको स्वरूप र प्रकार, **कुञ्जिनी** (वर्ष १२, अङ्क ९), पृ. १८०-१८९ ।

मजगैंया उत्तमकृष्ण (२०५४), दाङको लेख्य साहित्यको परम्परा र प्रथम पुस्ताका साहित्यकारहरू, **प्रवाह**, पृ. ४१-४९ ।

मेचीदेखि महाकाली (२०३१/०३२), श्री ५ को सरकार, सूचना तथा सञ्चार मन्त्रालय, पृ. १३१-१३२ ।

राजभण्डारी प्रेमप्रसाद (२०६५), **प्रगतिवादी साहित्यमा नेत्रलाल पौडेल अभागी,** काठमाडौं : तन्नेरी प्रकाशन ।

लामिछाने बुनू (२०५८), **सुलोचना महाकाव्यको विश्लेषण,** स्वयम् प्रकाशन ।

शर्मा गिरिराज (२०५७), सुशील गौतमको कविताञ्जली पढेपछि, **युगबोध** (वर्ष २४, अङ्क २३१), पृ. ३ ।

__________, (२०६६), **केही कृति समीक्षा र विविध,** दाङ : नयाँ युगबोध राष्ट्रिय दैनिक ।

शर्मा पद्मप्रसाद (२०५६), पशुपति साहित्य सन्देशबारे छोटो चर्चा, **युगबोध** (वर्ष २३, अङ्क ६७), पृ. ३ ।

शर्मा नारायणप्रसाद (२०३४), राप्ती अञ्चलको संक्षिप्त साहित्यिक इतिहास, **युगबोध** (वर्ष १, अङ्क ४), पृ. ४ ।

__________, (२०५०), प्रकाशकीय, अन्तर्ध्वनि (वर्ष २७, रन्को १), पृ. १

शर्मा बिन्दु (२०६२), **गीति नाट्य परम्परामा राष्ट्रकवि घिमिरे,** काठमाडौं : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन ।

__________, (२०६५), **आधारभूत नेपाली समालोचना**, काठमाडौं : तन्नेरी प्रकाशन ।

शर्मा रामकृष्ण (२०२४), **सप्तशारदीय,** ललितपुर : जगदम्ब प्रकाशन ।

सुवेदी केशव (२०५३), रापतीका कविता : पृष्ठभूमि र परम्परा, **मध्यपश्चिमका कविता,** काठमाडौं : मध्यपश्चिमाञ्चल साहित्य परिषद्, पृ. १४३-१५७ ।

__________, (२०६५), **रापतीको साहित्यिक रूपरेखा,** काठमाडौं : एकता प्रकाशन ।

__________, (२०६५), **परिधीय परिक्रमा,** काठमाडौं : दोभान प्रकाशन ।

सुवेदी राजेन्द्र (२०६१), **नेपाली समालोचना परम्परा र प्रवृत्ति,** वाराणसी : भूमिका प्रकाशन ।

इति श्री शुभम् ।